CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१०३

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

२६ वर्ष

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ८०/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. स्वर्गवासी देवीप्रसाद भण्डारीका अप्रकाशित कृति १–४५

१. विभिन्न संवत् र तिनको परस्परमा हुने अन्तर २–१३

२. ऐतिहासिक अनुसन्धानका लागि गणनाको महत्त्व १३–१६

३. पुरन्दर शाह १६–२१

४. पृथ्वीपति शाह २२–३४

५. ऐतिहासिक अन्वेषणमा एक दिन ३५–३८

६. भास्कर मल्लले गरिदिएको ताम्रपत्र ३८–४५

२. माणिग्लाधिपति नरसिंह पनि साक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र – महेशराज पन्त ४६

३. प्रधानमहापात्र नरसिंह दृष्टसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र – महेशराज पन्त ४७

४. माणिग्लाधिपति शिवसिंह साक्षी बसी उनले हेरेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र – महेशराज पन्त ४८

५. साबिकमा भएका, पछि संशोधन गरिएका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ४ वटा लिखतपत्र – महेशराज पन्त ४९–५३

६. श्रीनिवास मल्ल र ज्योतिर्नरसिंह मल्ल दृष्टसाक्षी बसेको ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र – महेशराज पन्त ५४

७. श्रीनिवास मल्ल दृष्टसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र – महेशराज पन्त ५५

८. माणिग्लाधिपति योगनरेन्द्र मल्ल दृष्टसाक्षी बसेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र – महेशराज पन्त ५६–५८

९. दृष्टसाक्षीमा जगज्जय मल्ल पनि बसेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र – महेशराज पन्त ५८–५९

१०. जयप्रकाश मल्ल दृष्टसाक्षी बसेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र – महेशराज पन्त ६०–६१

११. जयप्रकाश मल्ल पनि दृष्टसाक्षी र अरूहरू स्थानसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र – महेशराज पन्त ६१–६२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वर्गवासी देवीप्रसाद भण्डारीका अप्रकाशित कृति

आलेख्यशेष हुनुभएका श्रीदेवीप्रसाद भण्डारीका छापिन बाँकी जे जति कृति छन्, तिनलाई प्रकाशित गर्ने वेला आएको छ र त्यसको लागि सक्दो कोशिश अब हामी गर्ने नै छौं भनी श्रीदेवीप्रसाद भण्डारीको मरणको विषयमा वि.सं. २०५७ आश्विन महीनामा हामीले लेखेका थियौं।[1] वि.सं. २०२० साउनदेखि हामीले लेखोट रूपमा चलाउन थाली प्रकाशित रूपमा *पूर्णिमा* आउनुभन्दा अगाडि नौ अङ्क[2]सम्म चलेको लेखोट *पूर्णिमा*मा परेका[3], वि.सं. २०२१ वैशाखदेखि प्रकाशित *पूर्णिमा*मा भने नपरेका, श्रीदेवीप्रसाद भण्डारीका छवटा (१-४, ७, ९ अङ्कमा परेका) लेख *पूर्णिमा*को यस १०३ अङ्कमा अहिले छपाएका छौं। देवीप्रसादजीकै हस्ताक्षरमा भएका यी लेखमा कहीं कहीं नगरी नहुने संशोधन गर्नुबाहेक अरू केही नगरी तिनलाई यहाँ जस्ताकोतस्तो उतारिएको छ। विषय स्पष्ट पार्न यी लेखमा कतै कतै हामीले टिप्पणी थपेका छौं। ती टिप्पणीलाई देवीप्रसादजीका टिप्पणीबाट अलग देखाउन तिनमा अङ्क नदिई यस्ता * चिह्न र पुछारमा – **सम्पादक** लेख्ने गरिएको छ।

– **सम्पादक**

---

१. *पूर्णिमा* ९९ अङ्कको २ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*।

२. सात आठ महीना नियमित रूपले लेखोट *पूर्णिमा* निक्लिएको कुरा वि.सं. २०४० मा छापिएको *पूर्णिमा* ५६ अङ्कको २ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य*मा हामीले लेखेका थियौं। तर आठवटा अङ्क अहिले भेट्टिएका र छैटौं अङ्क नभेटिएकोले लेखोट *पूर्णिमा* कमसेकम नौ अङ्कसम्म चलेको देखिन आएको छ।

३. लेखोट *पूर्णिमा*को विषयमा *पूर्णिमा* ५६ अङ्कको २ पृष्ठ हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभिन्न संवत् र तिनको परस्परमा हुने अन्तर

नेपालको इतिहासमा अनुसन्धानद्वारा शङ्कासमाधान गरी यथार्थ कुरा पत्ता लगाउन सक्ने ज्ञान पैदा गर्न इतिहासका विद्वान् तथा पाठकवर्गलाई धेरै किसिमका अड्का र अप्ठेरा परी नै रहन्छन् तापनि सबैलाई तत्कालै पर्न आउने अड्को त संवत्हरूको राम्रो ज्ञान नभएर नै हो । जसको राम्रो ज्ञान नहुँदा अधकल्चा अन्वेषकहरूले एउटै अभिलेखको संवत्का विषयमा विभिन्न कुरा कल्पना गरी भिन्नाभिन्नै मत प्रचार गरेका छन् । जसले गर्दा नेपालको प्राचीनकालको इतिहास नै सन्देहास्पद हुन गएको छ । त्यस्ता अधकल्चा, विदेशीहरूका लेखको आधारमा अन्धानुसण गरी आफ्नो देशमा भएका ऐतिहासिक सामानहरूको उपयोगै नगरी इतिहास लेख्ने नेपाली इतिहासकारहरूले त झन् भद्दा भूल गरी भ्रम फैलाइदिएका छन् । तीमध्ये केही त संवत्हरू र तिनको आरम्भकाल तथा अन्तरहरूको अज्ञानवश भएको देखिन्छ । जस्तै –

> **इनी (शिवदेव) शाके ३१६ अर्थात् पुगनपुग ईस्वी सन् १६०४ मा भएका हुन् । यही समयमा प्रथम विक्रमादित्य चन्द्रगुप्तले ... गुप्त सम्बत् अर्थात् विक्रम सम्बत् चलाए ।**
>
> (अम्बिकाप्रसादविरचित *नेपालको इतिहास** २ संस्करणको २६ पृष्ठ)

इत्यादि लेखी भद्दा भूल गरेको उदाहरण प्रशस्त पाइन्छन् । हाम्रो देशमा प्रमाणहरूद्वारा इतिहासका घटनाहरूलाई छानवीन गरी लेख्ने पढ्ने परम्परा चलेको छैन । यदि त्यस्तो परम्परा चलेको हुँदो हो त यस किसिमका भद्दा भूलहरू हुँदैनथे होलान् ।

इतिहासका घटनाहरूलाई राम्रोसँग छानबीन गरी लेखपढ गर्न पहिले त संवत्हरूकै ज्ञानको आवश्यकता पर्न आउँछ । त्यस विषयमा राम्रो ज्ञान नभई विभिन्न इतिहास तथा ऐतिहासिक सामानहरूमा उल्लेख गरिएका, **संवत्** मात्र भनिएका, तिनको नामोल्लेख नगरिएका संवत्हरू हम्मेसि जान्न नसकिने अवस्था प्रायः पर्दछ । त्यस अवस्थामा ती संवत्हरूलाई यही संवत् हो भनी निर्णय गरी त्यसको टुङ्गो लगाउन सकिने, त्यस कामका लागि पहिले चाहिने, नेपालमा चलेका संवत्हरू सवै र भारतमा चलेका केही संवत्हरूको नाम र तिनको आरम्भकाल तथा अन्तरहरूको राम्रो विवेचना गरी अभ्यास गर्दै जानु उचित देखिएको हुनाले त्यस विषयमा केही चर्चा यहाँ प्रस्तुत गरिन्छ ।

संवत्का विषयमा शतानन्दले वि.सं. ११५६ मा वनाएको *भास्वती*नामको ज्यौतिषपुस्तकमा यस्तो लेखिएको छ–

कृतयुगाम्बरवह्निभिरुज्झितो गतकलिः किल विक्रमवत्सरः ।

शरहुताशनचन्द्रवियोजितो भवति शाक इह क्षितिमण्डले ॥**

---

* वि.सं. १९८६ मा बनारसवाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित, अम्विकाप्रसाद उपाध्यायको *नेपालको इतिहास र (रामनगरको इतिहास)* । – सम्पादक

** परिभाषाधिकार ५ श्लोक । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[यस पृथ्वीमण्डलमा ३०४४ (तीन हजार चवालीस) घटेको कलिगतवर्ष विक्रमसंवत् हुन्छ। १३५ (एक शय पैंतीस) घटेको विक्रमसंवत् शकसंवत् हुन्छ।]

यस नियमअनुसार कलिगतवर्ष र विक्रमसंवत्को अन्तर ३०४४ तथा विक्रमसंवत् र शकसंवत्को अन्तर १३५ हुन्छ भन्ने कुरा थाहा पाइन्छ।

लक्ष्मीपति पाँडेले वि.सं. १८५४ मा वनाएको *रत्नदीप*को आफैँले लेखेको टीकामा संवत्का विषयमा दिइएको *भविष्योत्तर*को वचन यस्तो छ-

कुरुवंशोद्भवो राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
वेदवेदाभ्ररामा ३०४४ ब्दं स्वं शकं चालयिष्यति ॥
जातेऽधर्मे पुना राजा विक्रमार्को भविष्यति ।
पञ्चत्रिचन्द्र १३५ वर्षाणि स्वं शकं चालयिष्यति ॥
शालिवाहो नृपो नाम शङ्कराऽराधने रतः ।*

[कुरुवंशमा पैदा भएका कुन्तीका छोरा राजा युधिष्ठिरको संवत् ३०४४ (तीन हजार चवालीस) वर्षसम्म चल्नेछ। फेरि अधर्म भएमा राजा विक्रमादित्य हुनेछन्। उनको १३५ (एक शय पैंतीस) वर्षसम्म संवत् चल्नेछ। त्यसपछि महादेवको आराधना गर्ने शालिवाहन नामका (शक) राजा हुनेछन्।]

यस कुराले पनि शतानन्दको उक्तिलाई पुष्टि गर्छ।

वीरपुस्तकालयमा रहेको *सुमतितन्त्र*नामको पुरानो हस्तलिखित ज्यौतिषपुस्तकमा संवत्का विषयमा यस्तो लेखिएको छ**–

युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा । ...***

---

* ग्रहधुवाधिकार १ श्लोकको टीकावाट। वि.सं. २०४७ मा काठमाडौँवाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित; नयराज पन्तद्वारा रामजी तेवारी, देवीप्रसाद भण्डारी र रुक्मनाथ पौडेलको सहायता लिई सम्पादित तथा प्रतिसंस्कृत *रत्नदीप*को ४ पृष्ठसँग रुजू गरी यो पाठ दिइएको छ। – सम्पादक

** वि.सं. २०३५ मा काठमाडौँवाट त्रिभुवनविश्वविद्यालय पाठयक्रमविकासकेन्द्रद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको *सुमतितन्त्र*सँग रुजू गरी यो पाठ दिइएको छ। – सम्पादक

*** *सुमतितन्त्र*को ५ पृष्ठ। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ꣿ शुभ ॥ युधिष्ठिरदुर्ज्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सुद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४ शुभ ॥ ...*

ꣿ नमः सूर्याय ॥ नेपालसम्वत्सरे कर्म्मभूमौ स्थाप्य । नयनाभ्रनागा।८०२। संयोज्यं शककालम्भवति ॥ तं शककालं कर्म्मभूमौ स्थाप्य ॥ नन्दाद्रिभूरग्नियुक्ता ३१७९ । योज्यौ एतत्कलियुगम्भवति ।...**

[युधिष्ठिर तथा दुर्योधनको संवत् २००० (दुइ हजार) वर्षसम्म चल्दछ। त्यसपछि नन्दको संवत् ८०० (आठ शय) वर्षसम्म चल्दछ। त्यसपछि चन्द्रगुप्तको संवत् १३२ (एक शय बत्तीस) वर्षसम्म चल्दछ। त्यसपछि शूद्रकदेवको संवत् २४७ (दुइ शय सतचालीस) वर्षसम्म चल्दछ। त्यसपछि ४९८ (चार शय अण्ठान्नब्बे) वर्षसम्म शकसंवत् चल्दछ। त्यसपछि मानदेवसंवत् ३०४ (तीन शय चार) वर्षसम्म चल्दछ। नेपालसंवत्मा ८०२ जोड्नू , शकसंवत् हुन्छ। शकसंवत्मा ३१७९ जोड्नू , कलिगतवर्ष हुन्छ।]

यहाँ कलिगतवर्ष र शकसंवत्को अन्तर = युधिष्ठिरराज्याब्द + नन्दराज्याब्द[१] + चन्द्रगुप्तराज्याब्द + शूद्रकदेवराज्याब्द

= २००० + ८०० + १३२ + २४७

= ३१७९

यस कारण शकसंवत्मा ३१७९ जोडचो भने कलिगतवर्ष आउँछ, कलिगतवर्षबाट ३१७९ घटायो भने शकसंवत् आउँछ।

त्यस्तै शकसंवत् र नेपालसंवत्को अन्तर = शकराज्याब्द + मानदेवराज्याब्द

= ४९८ + ३०४

= ८०२

---

* त्यही पुस्तकको २६८ पृष्ठ। – सम्पादक

** त्यही पुस्तकको २६९ पृष्ठ। त्यहाँ *स्थाप्य*··· *भूरग्नियुक्ता* छापिएको छ। त्यही पुस्तकमा दिइएको, मूल लेखोट पुस्तकको त्यस पृष्ठको फोटो हेर्दा ताडपत्रको दायाँपट्टिको भाग भाँचिएर गएको देखिन्छ। त्यसले गर्दा त्यहाँ *स्थाप्य*को *प्य* पनि पूरा देखिँदैन। तर यस लेखमा र वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ५ अङ्कमा छापिएको शङ्करमान राजवंशीको *पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्विषयको विचार* (११ पृष्ठ)मा पनि *स्थाप्य* ॥ नन्दाद्रिभूरग्नियुक्ता छापिइसकेकोले ताडपत्र भाँचिनुभन्दा अगाडि यो पाठ मूल पुस्तकमा भएको देखिन्छ। – सम्पादक

१. *सुमतितन्त्र*को नियमअनुसार शकसंवत्को आरम्भकालभन्दा पहिले चार संवत् (युधिष्ठिरसंवत्, नन्दसंवत्, चन्द्रगुप्तसंवत्, शूद्रकदेवसंवत्) चलिसकेका देखिन्छन्। परन्तु तीनओटाको उल्लेख नेपालका पुराना अभिलेखमा देखिएको छैन तापनि अरू संवत्हरूका साथसाथै ती (नन्द, चन्द्रगुप्त, शूद्रकदेव) संवत्को उल्लेख गरी कलिगतवर्षदेखि जोडिँदै आएको हुनाले यहाँ उल्लेख गर्नुपरेको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण नेपालसंवत्मा ८०२ जोडद्यो भने शकसंवत् हुन्छ, शकसंवत्बाट ८०२ घटायो भने नेपालसंवत् हुन्छ। तर कार्तिकशुक्लप्रतिपदादेखि भने ८०१ जोड्ने वा घटाउने गर्नुपर्दछ।[२]

यसै गरी गुप्तसंवत्का विषयमा भेटिएको केही कुरा तल दिइन्छ–

सन्तरामको *अलवेरूनी का भारत* तेस्रो भाग*का ८-९ पृष्ठमा गुप्तसंवत्का विषयमा यस्तो लेखिएको छ –

> गजनीका महमूदले मध्य एशिया जित्ता अलबेरूनी (वि.सं. १०३०-११०५) नामका विद्वान् विजेताका कैदी भई गजनी आए। महमूदले भारतमा हमला गर्दा अलबेरूनी पनि साथै आएका थिए। भारतको विषयमा अलबेरूनीले आफूले जानेबुझेसम्मका कुरा लेखेका छन्। भारतमा त्यसताका चलेका संवत्हरूको चर्चा पनि उनको पुस्तकमा परेको छ। 'शकसंवत्को आरम्भ भएको २४१ वर्षपछि वलभसंवत्को आरम्भ भएको हो। ६ को घन तथा ५ को वर्ग[३]लाई जोडी योगफललाई शकसंवत्बाट घटाई वलभसंवत् ल्याउँछन्। वलभसंवत्को जस्तै गुप्तसंवत्को आरम्भ पनि शकसंवत् आरम्भ भएको २४१ वर्षपछि भएको हो। विक्रमसंवत् १०८८ हुँदा शकसंवत् ९५३ हुन्छ, वलभसंवत् ७१२ हुन्छ, गुप्तसंवत् पनि यति नै हुन्छ' भनी अलबेरूनीले लेखेका छन्।
>
> (*इतिहास-संशोधनको प्रमाण-प्रमेय*** १ भागको ६८ पृष्ठवाट)

---

२. नेपालसंवत्को वत्सरारम्भ कार्तिकशुक्लप्रतिपदादेखि हुने र शकसंवत्को वत्सरारम्भ चैत्रशुक्लप्रतिपदादेखि हुने हुनाले कार्तिकशुक्लप्रतिपदादेखि चैत्रकृष्णऔँसीसम्म (अमान्तमानले फाल्गुनकृष्णऔँसीसम्म□) शकसंवत् र नेपालसंवत्को अन्तर ८०१ हुन्छ। अन्यत्र ८०२ नै हुन्छ।

* वि.सं. १९८५ मा प्रयागबाट इंडियन प्रेसद्वारा प्रकाशित सन्तरामले हिन्दीमा उल्था गरेको *अलवेरूनी का भारत* ३ भाग। – सम्पादक

३. यहाँ ६ को घन भन्नाले $(६)^3$ = ६x६x६ = २१६ भन्ने बुझिन्छ। ५ को वर्ग भन्नाले $(५)^2$ = ५x५ = २५ भन्ने बुझिन्छ। यी दुवैलाई जोड्दा २१६ + २५ = २४१ हुन्छ। यही योगफल २४१ लाई शकसंवत्बाट घटाउँदा अर्थात् शकसंवत् –२४१ = गुप्तसंवत् हुन्छ।

** वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण- प्रमेय*। त्यस पुस्तकमा अलबेरूनीको परिचय दिने क्रममा लेखिएको कुरा पनि *अलवेरूनी का भारत* ३ भागका ८-९ पृष्ठवाट उद्धरण गरिएको भन्ने भाव देवीप्रसादजीको लेखाइबाट देखिए तापनि त्यस भागका ८-९ पृष्ठमा त्यो कुरा परेको छैन। *इतिहास-संशोधनको प्रमाण-प्रमेयमा* त्यो भेद देखाउन ८-९ पृष्ठमा परेका जतिलाई उद्धरणचिह्नभित्र हाली भेद देखाइएका कुराको खयाल नराख्दा यस्तो हुन गएको हो। – सम्पादक

□ चान्द्र महीना अमान्त र पूर्णान्तमानका हिसाबले दुइ थरी मानिएका छन्। शुक्लपक्षको प्रतिपद्देखि आरम्भ गरी औँसीसम्मको महीनालाई अमान्तमानको भन्दछन्। कृष्णपक्षको प्रतिपद्देखि आरम्भ गरी पूर्णिमासम्मको महीनालाई पूर्णान्तमानको भन्दछन्। शुक्लपक्षमा दुवै मानबाट एउटै महीना बोलिन्छ। कृष्णपक्षमा भने अमान्तमानले बोलिएको महीनालाई पूर्णान्तमानले बोल्दा त्यसभन्दा पछि आउने महीनाको नाम पर्छ। नेपालखाल्डाका मल्लकालका लेखहरूमा अमान्तमान लेख्ने चलन देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण उक्त नियमअनुसार गुप्तसंवत्को आरम्भ शकसंवत्भन्दा २४१ वर्षपछि र विक्रमसंवत्भन्दा ३७६ वर्षपछि भएको रहेछ भन्ने कुरा बुझिन्छ।

अब ईसवी संवत्का विषयमा लेखिएको पुरानो सारणीअनुसार तल दिइन्छ–

> **विक्रमसंवत्मा वैशाख लागेदेखि पौष १८ गतेका लगभग अर्को सन् नफिरेसम्म ५७ घटाउनू । पौषको १८ गतेको लगभगदेखि चैत्रमासान्ततक ५६ घटाउनू,[४] (ईसवी) सन् हुन्छ ।**

(*इतिहास-संशोधनको प्रमाण-प्रमेय*को ६७ पृष्ठवाट)*

यस नियमअनुसार विक्रमसंवत्मा ५७ वा ५६ घटायो भने ईसवी संवत् हुन्छ, ईसवी संवत्मा ५७ मा ५६ जोड्यो भने विक्रमसंवत् हुन्छ।

अब यहाँ माथि उल्लेख भएका प्रमाणहरूका आधारमा कलियुगको आरम्भभन्दा कति कति वर्षपछि कुन कुन संवत्हरूको आरम्भ भयो भन्ने कुरा तल दिइन्छ –

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको २००० वर्षपछि नन्दसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको २८०० वर्षपछि चन्द्रगुप्तसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको २९३२ वर्षपछि शूद्रकदेवसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको ३०४४ वर्षपछि विक्रमसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको ३१०१ वा ३१०० वर्षपछि ईसवी संवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको ३१७९ वर्षपछि शकसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको ३४२० वर्षपछि गुप्तसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको ३६७७ वर्षपछि मानदेवसंवत्को आरम्भ भयो।

युधिष्ठिरसंवत् (कलिगतवर्ष)को आरम्भ भएको ३९८१ वा ३९८० वर्षपछि नेपालसंवत्को आरम्भ भयो।

माथि उल्लेख गरिएका नौवटा संवत्हरूको विक्रमसंवत्सँग कति कति अन्तर हुन्छ भन्ने कुरा तल दिइन्छन्–

(१) शकसंवत् = विक्रमसंवत् – १३५

∴ कलिगतवर्ष = शकसंवत् + ३१७९

∴ कलिगतवर्ष = विक्रमसंवत् – १३५ + ३१७९

= विक्रमसंवत् + ३०४४

---

४. ईसवी संवत्को आरम्भ पौष १८ गतेका लगभगमा हुने र विक्रमसंवत्को आरम्भ चैत्रशुक्लप्रतिपदादेखि हुने हुनाले चैत्रशुक्लप्रतिपदादेखि पौष १८ गतेका लगभगसम्म अर्थात् नयाँ सन् नफिरेसम्म ५७ घटाउनुपर्दछ, अर्को सन् फिरेपछि (पौष १८ गतेको लगभगदेखि) चैत्रकृष्णऔँसी (अमान्तले फाल्गुनकृष्णऔँसी)सम्म ५६ घटाउनुपर्छ।

* *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको वाक्यमा अलिकति तलमाथि गरी यी वाक्य देवीप्रसादजीले लेख्नुभएको देखिन्छ। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस नियमअनुसार विक्रमसंवत् र कलिगतवर्ष अथवा युधिष्ठिरसंवत्को अन्तर ३०४४ वर्ष हुन्छ। यस कारण विक्रमसंवत्मा ३०४४ जोडचों भने कलिगतवर्ष आउँछ, कलिगतवर्षवाट ३०४४ घटायो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ। यसै गरी

(२) कलिगतवर्ष = नन्दसंवत् + २०००

∴ नन्दसंवत् + २००० = विक्रमसंवत् + ३०४४

नन्दसंवत् = विक्रमसंवत् + ३०४४–२०००

= विक्रमसंवत् + १०४४

*सुमतितन्त्र*को नियमअनुसार विक्रमसंवत्मा १०४४ जोडचो भने नन्दसंवत् हुन्छ, नन्दसंवत्वाट १०४४ घटायो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(३) कलिगतवर्ष = चन्द्रगुप्तसंवत् + २८००

∴ चन्द्रगुप्तसंवत् + २८०० = विक्रमसंवत् + ३०४४

चन्द्रगुप्तसंवत् = विक्रमसंवत् + ३०४४–२८००

= विक्रमसंवत् + २४४

*सुमतितन्त्र*को नियमअनुसार विक्रमसंवत्मा २४४ जोडचो भने चन्द्रगुप्तसंवत् हुन्छ, चन्द्रगुप्तसंवत्वाट २४४ घटायो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(४) कलिगतवर्ष = शूद्रकदेवसंवत् + २९३२

∴ शूद्रकदेवसंवत् + २९३२ = विक्रमसंवत् + ३०४४

शूद्रकदेवसंवत् = विक्रमसंवत् + ३०४४–२९३२

= विक्रमसंवत् + ११२

*सुमतितन्त्र*को नियमअनुसार विक्रमसंवत्मा ११२ जोडचो भने शूद्रकदेवसंवत् हुन्छ, शूद्रकदेवसंवत्वाट ११२ घटायो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(५) कलिगतवर्ष = ईसवी संवत् + ३१०१ वा ३१००

∴ ईसवी संवत् + ३१०१ वा ३१०० = विक्रमसंवत् + ३०४४

ईसवी संवत् = विक्रमसंवत् + ३०४४–३१०१ वा ३१००

= विक्रमसंवत् –५७ वा ५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस नियमअनुसार विक्रमसंवत्वाट ५७ वा ५६ घटायो भने ईसवी संवत् हुन्छ, ईसवी संवत्मा ५७ वा ५६ जोडयो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ। यहाँ माथिको टिप्पणीअनुसार काम गर्नुपर्छ।

(६) कलिगतवर्ष = शकसंवत् + ३१७९

∴ शकसंवत् + ३१७९ = विक्रमसंवत् + ३०४४

शकसंवत् = विक्रमसंवत् + ३०४४ – ३१७९

= विक्रमसंवत् –१३५

यस नियमअनुसार विक्रमसंवत्वाट १३५ घटायो भने शकसंवत् हुन्छ, शकसंवत्मा १३५ जोडयो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(७) कलिगतवर्ष = गुप्तसंवत् + ३४२०

∴ गुप्तसंवत् + ३४२० = विक्रमसंवत् + ३०४४

गुप्तसंवत् = विक्रमसंवत् + ३०४४ – ३४२०

= विक्रमसंवत् –३७६

यस नियमअनुसार विक्रमसंवत्वाट ३७६ घटायो भने गुप्तसंवत् हुन्छ, गुप्तसंवत्मा ३७६ जोडयो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(८) कलिगतवर्ष = मानदेवसंवत् + ३६७७

∴ मानदेवसंवत् + ३६७७ = विक्रमसंवत् + ३०४४

मानदेवसंवत् = विक्रमसंवत् + ३०४४ – ३६७७

= विक्रमसंवत् –६३३

यस नियमअनुसार विक्रमसंवत्वाट ६३३ घटायो भने मानदेवसंवत् हुन्छ, मानदेवसंवत्मा ६३३ जोडयो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(९) कलिगतवर्ष = नेपालसंवत् + ३९८१ वा ३९८०

∴ नेपालसंवत् + ३९८१ वा ३९८० = विक्रमसंवत् + ३०४४

नेपालसंवत् = विक्रमसंवत् + ३०४४ – ३९८१ वा –३९८०

= विक्रमसंवत् –९३७ वा –९३६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस नियमअनुसार विक्रमसंवत्‌बाट ९३७[५] वा ९३६ घटायो भने नेपालसंवत् हुन्छ, नेपालसंवत्‌मा ९३७ वा ९३६ जोडयो भने विक्रमसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

अब ईसवी संवत्‌सँग अरू पाँचओटा संवत्‌हरूको अन्तरहरू कति कति हुन्छ भन्ने कुरा तल दिइन्छ–

(१०) कलिगतवर्ष = ईसवी संवत् + ३१०१ वा ३१००

∴ ईसवी संवत्+३१०१–३१०० = शकसंवत्+३१७९

ईसवी संवत् = शकसंवत्+३१७९–३१०१–३१००

= शकसंवत्+७८ वा ७९

यस नियमअनुसार शकसंवत्‌मा ७८ वा ७९ जोडयो भने ईसवी संवत् हुन्छ, ईसवी संवत्‌बाट ७८ वा ७९ घटायो भने शकसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(११) कलिगतवर्ष = ईसवी संवत्+३१०१ वा ३१००

∴ ईसवी संवत्+३१०१–३१०० = गुप्तसंवत्+३४२०

ईसवी संवत् = गुप्तसंवत्+३४२०–३१०१ वा –३१००

= गुप्तसंवत् + ३१९ वा ३२०

यस नियमअनुसार गुप्तसंवत्‌मा ३१९ वा ३२० जोडयो भने ईसवी संवत् हुन्छ, ईसवी संवत्‌बाट ३१९ वा ३२० घटायो भने गुप्तसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(१२) कलिगतवर्ष = ईसवी संवत्+३१०१ वा ३१००

∴ ईसवी संवत्+३१०१-३१०० = मानदेवसंवत्+३६७७

ईसवी संवत् = मानदेवसंवत्+३६७७–३१०१ वा –३१००

= मानदेवसंवत्+५७६ वा ५७७

यस नियमअनुसार मानदेवसंवत्‌मा ५७६ वा ५७७ जोडयो भने ईसवी संवत् हुन्छ, ईसवी संवत्‌बाट ५७६ वा ५७७ घटायो भने मानदेवसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

---

५. नेपालसंवत्‌को वत्सरारम्भ कार्तिकशुक्लप्रतिपदादेखि हुने र विक्रमसंवत्‌को वत्सरारम्भ चैत्रशुक्लप्रतिपदादेखि हुने हुनाले कार्तिकशुक्लप्रतिपदादेखि चैत्रकृष्णऔंसी (अमान्तमानले फाल्गुनकृष्णऔंसी)सम्म विक्रमसंवत् र नेपालसंवत्‌को अन्तर ९३६ हुन्छ, अन्यत्र ९३७ नै अन्तर हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१३) कलिगतवर्ष = ईसवी संवत्+३१०१ वा ३१००

∴ ईसवी संवत्+३१०१–३१०० = नेपालसंवत्+३९८१ वा ३९८०

ईसवी संवत् = नेपालसंवत्+३९८१ वा ३९८०–३१०१ वा ३१००

= नेपालसंवत्+८८० वा ८७९[६]

यस नियमअनुसार नेपालसंवत्मा ८८० वा ८७९ जोडचो भने ईसवी संवत् हुन्छ, ईसवी संवत्वाट ८८० वा ८७९ घटायो भने नेपालसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

अब शकसंवत्सँग अरू चारओटा संवत्हरूको अन्तरहरू कति कति हुन्छ भन्ने कुरा तल दिइन्छ –

(१४) कलिगतवर्ष = शकसंवत्+३१७९

∴ शकसंवत्+३१७९ = गुप्तसंवत्+३४२०

शकसंवत् = गुप्तसंवत्+३४२०–३१७९

= गुप्तसंवत्+२४१

यस नियमअनुसार गुप्तसंवत्मा २४१ जोडचो भने शकसंवत् हुन्छ, शकसंवत्वाट २४१ घटायो भने गुप्तसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(१५) कलिगतवर्ष = शकसंवत्+३१७९

∴ शकसंवत्+३१७९ = मानदेवसंवत्+३६७७

शकसंवत् = मानदेवसंवत्+३६७७–३१७९

= मानदेवसंवत्+४९८

यस नियमअनुसार मानदेवसंवत्मा ४९८ जोडचो भने शकसंवत् हुन्छ, शकसंवत्मा ४९८ घटायो भने मानदेवसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

(१६) कलिगतवर्ष = शकसंवत्+३१७९

∴ शकसंवत्+३१७९ = नेपालसंवत्+३९८१ वा ३९८०

शकसंवत् = नेपालसंवत्+३९८१–३१७९

= नेपालसंवत्+८०२ वा ८०१

---

६. कार्तिकशुक्लप्रतिपदादेखि नेपालसंवत्को आरम्भ हुने र पौष महीनाको १८ गतेका लगभगमा ईसवी संवत्को आरम्भ हुने हुनाले कार्तिकशुक्लप्रतिपदादेखि पौष १८ गतेका लगभगसम्म (नयाँ ईसवी संवत् नलागेसम्म) ८७९ जोड्नुपर्दछ। अन्यत्र भने ८८० नै जोड्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस नियमअनुसार नेपालसंवत्मा ८०२ वा ८०१ जोड्यो भने शकसंवत् हुन्छ। शकसंवत्वाट ८०२ वा ८०१ घटायो भने नेपालसंवत् हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

यसै गरी

गुप्तसंवत् र मानदेवसंवत्को अन्तर	= २५७
गुप्तसंवत् र नेपालसंवत्को अन्तर	= ५६१ वा ५६०
मानदेवसंवत् र नेपालसंवत्को अन्तर	= ३०४ वा ३०३ इत्यादि हुन्छन्।

यही नियमअनुसार अरू पनि जान्न सकिन्छ।

यसरी प्राचीन अभिलेखहरूका संवत्हरू पत्ता लगाई निश्चय गर्नुपर्छ। अनि त्यसैका आधारमा ती अभिलेखहरूमा उल्लेख गरिएका तिथिमितिहरूको गणना गरी हेर्नुपर्छ। गणनाद्वारा सिद्ध हुन आएका तिथि वार आदिसँग अभिलेखमा उल्लेख भएका तिथि वार आदि मिल्न आए भने मात्र तिनको निर्णय हुन्छ र टुङ्गो लाग्छ। यस किसिमको परिश्रम नगरी त्यसै अन्दाजले संवत् तथा तिथिवारादिको निर्णय गरी टुङ्गो लगाउन सकिँदो रहेनछ भन्ने मुख्य कुरालाई इतिहासका पाठक तथा लेखकहरूले विर्सनु हुँदैन।

संवत्हरूको नाम र तिनको आरम्भकाल तथा अन्तरहरू राम्रो नजान्नाले इतिहासकार अम्बिकाप्रसादजीले ३१६ शकसंवत्मा १६०४ ईसवी संवत् हुन्छ, विक्रमसंवत् र गुप्तसंवत् एउटै हो, शकसंवत् ३१६ हुँदा विक्रमसंवत्को आरम्भ भएको हो इत्यादि लेखी नेपालको इतिहास नै भद्दा गराइदिनुभएको छ। उहाँको पुस्तकवाट उद्धृत अंशमा उल्लेख भएको शकसंवत् ३१६ अनुसार अरू विक्रमसंवत्, ईसवी संवत्, गुप्तसंवत्हरूको अन्तर यस प्रकार सिद्ध हुन आउँछ।

जस्तै –

शकसंवत्	= ३१६ = विक्रमसंवत्–१३५
∴ विक्रमसंवत्–१३५	= ३१६
विक्रमसंवत्	= ३१६+१३५
	= ४५१

शकसंवत्	= ३१६ = गुप्तसंवत्+२४१
∴ गुप्तसंवत् + २४१	= ३१६
गुप्तसंवत्	= ३१६–२४१
	= ७५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शकसंवत् = ३१६ = ईसवी संवत्–७८ वा ७९

∴ ईसवी संवत्-७८ वा ७९ = ३१६

ईसवी संवत् = ३१६ + ७८ वा ७९

= ३९४ वा ३९५

यस कारण ३१६ शकसंवत्अनुसार आएका संवत्हरू–

विक्रमसंवत् = ४५१

ईसवी संवत् = ३९४ वा ३९५

शकसंवत् = ३१६

गुप्तसंवत् = ७५

यस प्रकारका हुन्छन्। यीवाहेक अरू हुन सक्तैनन्।

फेरि उक्त उद्धृत भागमा उल्लेख भएको ईसवी संवत् १६०४ अनुसार अरू विक्रमसंवत् , शकसंवत् , गुप्तसंवत्हरूको अन्तर यस प्रकार सिद्ध हुन आउँछ। जस्तै–

ईसवी संवत् = १६०४ = विक्रमसंवत् –५७ वा ५६

∴ विक्रमसंवत् –५७ वा ५६ = १६०४

विक्रमसंवत् = १६०४+५७

= १६६१

ईसवी संवत् = १६०४ = शकसंवत्+७८ वा ७९

∴ शकसंवत्+७८ = १६०४

शकसंवत् = १६०४–७८

= १५२६

ईसवी संवत् = १६०४ = गुप्तसंवत् = ३१९ वा ३२०

∴ गुप्तसंवत्+३१९ = १६०४

गुप्तसंवत् = १६०४–३१९

= १२८५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण १६०४ ईसवी संवत्‌अनुसार आएका संवत्‌हरू–

विक्रमसंवत्	=१६६१
ईसवीसंवत्	=१६०४
शकसंवत्	=१५२६
गुप्तसंवत्	=१२८५

यस प्रकारका हुन्छन्। यीवाहेक अरू हुन सक्तैनन्।

यसरी संवत्‌हरूको अन्तर तथा प्रारम्भकालहरूको अज्ञानले नै यस्ता भद्दा भूल हुन गएका हुन्। यस्ता उदाहरणहरू धेरै पाइन्छन्।

यति भन्नाको तात्पर्य यो हो कि अब त्यस्ता किसिमका भद्दा भूलहरू पटकैपिच्छे नदोहोरिऊन्, इतिहासका विषयमा कलम चलाउने, इतिहासको खोजी गर्ने महानुभावहरूले संवत्‌हरूको महत्त्व बुझी परस्परको अन्तरलाई मनन गरी कण्ठस्थ राख्नुपर्छ भन्ने हो, कल्पना गरी लेख्ने विषय यो हैन।

ऐतिहासिक अनुसन्धानका लागि गणनाको महत्त्व

संसारमा जुनसुकै मुलुकको पनि यथार्थ कुरा आफ्नो राष्ट्रिय चरित्र तथा गौरव आदिको ज्ञान ऐतिहासिक शुद्ध परम्पराद्वारा नै थाहा पाउन सकिन्छ। राष्ट्राभिमानी सपूतहरू आफ्नो राष्ट्रहित तथा गौरवका लागि मरिमेटेर तन, मन, धन अर्पण गरी अनेक कष्ट सही यथार्थ कुरा पत्ता लाउन आफ्नो देशको इतिहासको अन्वेषण र अध्ययन गर्दछन्।

हाम्रो नेपालको शुद्ध र सम्पूर्ण इतिहास तयार भएको छैन। शुद्ध र सम्पूर्ण इतिहास तयार पार्न ठूलो परिश्रमद्वारा पूर्व मेचीदेखि लिएर पश्चिम महाकालीसम्मका ऐतिहासिक ठाउँमा र पुस्तकालयहरूमा चाहारी यत्रतत्र छरिइरहेका ऐतिहासिक सामान शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, ताडपत्र, लालमोहर, स्याहामोहर, सनदपत्र आदिको अन्वेषणद्वारा सङ्ग्रह र परीक्षा गरी गरी अध्ययन गर्नु अत्यन्त आवश्यक परिरहेको छ। सो काम नगरी यथार्थ कुराको ज्ञान हुन सक्तैन। सो ज्ञानराशि नभई नेपालको शुद्ध इतिहास तयार हुनु सम्भव छैन। शुद्ध इतिहास तयार पार्ने कामका लागि आफ्नो देशप्रति आस्था भएका, व्यक्तिगत स्वार्थमा नलागेका, विभिन्न भाषा तथा विभिन्न लिपि जानेका, पञ्चाङ्गविषयक गणना गर्न जानेका परिश्रमी धेरै मानिसहरूको अत्यन्त आवश्यकता पर्दछ। त्यस्ता विद्वान्‌हरूवाट मात्र आफ्नो देश र देशवासीहरूको हित हुने तथा देशको गौरव वढ्ने शुद्ध इतिहास तयार हुन सक्तछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्ना देशका, अन्वेषणद्वारा भेटिएका, ती ऐतिहासिक सामानहरूमा पनि कति त प्रायः अस्पष्ट भइसकेका हुन्छन् । त्यस्ता सामानहरूवाट तथ्यातथ्य कुरा विनापरिश्रम छुट्टिंदैन र परिश्रमपूर्वक अनुसन्धान गर्नुपर्दछ । सो अनुसन्धानकार्य (ऐतिहासिक सामान उपयोग गर्न लायक कुरा छान्ने काम) गर्दामा पनि धेरै किसिमले परीक्षा गरी गरी हेर्नुपर्दछ । परीक्षा गर्दा पहिले प्रत्येक ऐतिहासिक सामानहरूको समयनिश्चय गर्नुपर्दछ । समय-निश्चय गर्न ऐतिहासिक सामानहरूमा उल्लेख भएका तिथिमितिको गणना गर्नु अत्यन्त आवश्यक पर्दछ । सो गणनाद्वारा आएका तिथिमितिसँग ऐतिहासिक सामानहरूमा उल्लेख गरिएको तिथिमिति मिल्न आयो भने मात्र तथ्य कुरा यही हो भन्ने टुङ्गो लाग्दछ ।

त्यस कारण शुद्ध इतिहासको अनुसन्धानकार्यमा जत्तिको विभिन्न भाषाको र विभिन्न लिपिको विशेष ज्ञानको आवश्यकता पर्दछ, उत्तिकै आवश्यकता ऐतिहासिक तिथिमिति गणना गर्ने ज्ञानको पर्दछ । गणनाद्वारा नै सन्देहास्पद भएका (कुनै संवत् नभएका तिथिवारादि मात्र भएका; कुनै संवत् र नक्षत्रवार भएका तिथि नभएका; कुनै संवत्, तिथि, नक्षत्र, योग भएका वार नभएका र कुनै वारको, कुनै तिथिको, कुनै नक्षत्रको, कुनै योगको, कुनै करणको नाम आदि स्पष्ट नभएका) ऐतिहासिक सामानहरूमा शुद्ध पाठ ठम्याई टुङ्गो लगाउन सकिन्छ । यसैले यो तिथिमितिको गणनाविषय ऐतिहासिक अनुसन्धानकार्यमा पूरापूर मद्दत दिने एउटा मुख्य अङ्ग नै भएर रहेको छ । किनभने ऐतिहासिक सामानका अभिलेखैपिच्छे भने जसो एउटानएउटा अड्को पर्न आउँदछ । त्यस वेला गणनासँग सम्बन्ध नराखी सो अड्को फुकाउन सकिन्न । गणनाद्वारा नै शुद्ध पाठ ठम्याउन सकिन्छ तथा ठम्याउनुपर्दछ भन्ने कुरा तलको उदाहरणबाट नै स्पष्ट हुन्छ ।

संशोधन-मण्डलको नियमित कार्यक्रमअनुसार हप्ताहप्तामा यत्रतत्र छरिइरहेका ऐतिहासिक सामानहरूको अन्वेषण गर्दै जाँदा पाटन महाबौद्धदेखि केही दख्खिन र पश्चिमतिर पर्ने थपाटोल भन्ने ठाउँमा पुग्यौं । त्यस टोलमा थपाहिटी नाउँको एउटा ढुङ्गे धारानेर सूर्यमूर्तिको पादपीठमा एउटा अभिलेख भेटिएको थियो । सो अभिलेख प्राचीनमल्लकालको नेवारी लिपिमा कुँदिएको थियो । कुँदिएका जति सबै अक्षर नफुटेका र स्पष्ट नै देखिने थिए ।

हामी संशोधन-मण्डलका सदस्य सबै जना भई उत्साहपूर्वक त्यस अभिलेखको प्रतिलिपि छापेर एकएक प्रति लियौं र सो अभिलेख पढ्न निकै परिश्रम गर्‍यौं । हाम्रा सदस्य साथीहरूमा पनि कोही भाषाविशेषज्ञ, कोही लिपिविशेषज्ञ, कोही प्रतिलिपिकलामा विशेषज्ञ हुनुहुन्थ्यो तापनि त्यस वेला हामी सबैलाई सो अभिलेखको शुद्ध पाठ ठम्याउन गाह्रै भयो । सो अभिलेखमा चार पङ्क्ति मात्र अक्षर कुँदिएका थिए । सो छन्द हो कि भनी अक्षर गनी हेर्दा दोस्रो पङ्क्तिमा एक अक्षर मात्र घटी र अरू सबै पङ्क्तिमा बराबर थिए । सो अभिलेख छन्दमा लेखिएको रहेछ । परन्तु सो अभिलेख राखेकै वेलामा अभिलेख कुँद्नेले भ्रमवश कुनै एक अक्षर छुटाई कुँदिदिएको बुझियो । सो अभिलेखको श्लोकमा पाठ ठम्याउन हामी सबैले भाषा लिपि आदिका आधारमा परिश्रमसाथ केही पाठ त ठम्याई पढ्यौं, तर सबै पढ्न त त्यस दिन सकेनौं । आफ्ना बुद्धिअनुसार घरघर लगी पाठ ठम्याई पढ्ने कुराको निश्चय गरी त्यस दिन घर फर्क्यौं ।

घर आएपछि बेलुका सो अभिलेखको शुद्ध पाठ ठम्याउन प्रयत्न गर्दै गएँ । पहिले सो अभिलेखको श्लोकको दोस्रो पाउ **मूलादित्ययुता धिश्च धवलाषाढत्रयोदस्यपि**मा रहेका प्रत्येक शब्दहरूको अर्थ गर्दै जाँदा **धिश्च** शब्दको अर्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागेन र यसैको अर्थ लगाई पाठ ठम्याउने कामतिर मेरो विशेष ध्यान गयो। योगको अर्थमा प्रसङ्ग मिलाई अर्थ गर्नुपर्ने हुँदा कुनै प्रसङ्ग मिल्न सक्छ कि भनी धेरै बेर विचार गरेँ तर प्रसङ्ग नै मिलेन, म त्यसै अलमलिएँ। केही बेर घोरिएपछि समयनिश्चय गर्न गणना गरी हेर्ने विचार झट्ट मनमा फुऱ्यो र गणना गर्न शुरू गरेँ। गणना गर्दा गर्दै त्यस दिन रातको एक बज्यो, तर गणना भने सिद्धिएन र सुतेँ।

भोलिपल्ट बिहान सो बाँकी गणना सिध्याएँ। गणनाबाट आएका तिथि नक्षत्र वारसँग अभिलेखमा उल्लेख गरिएका तिथि नक्षत्र वारका नाउँ मिल्न आयो, तर बाँकी रह्यो योगको नाउँ। सो योगको नाउँ पनि गणनाबाट त ब्रह्मयोग भन्ने सिद्ध हुन आयो। परन्तु अभिलेखमा उल्लेख गरिएको योगको नाउँ भने **धिश्च** यो पद देखिन्छ। अब माथि उद्धृत गरिएको उक्त अभिलेखको पाउमा छुटेको एउटा अक्षर पनि त्यही पदनेर हुनुपर्दछ, त्यो छुटेको अक्षरलाई **धिश्च** यस पदका अगाडि राख्ता गणनाबाट आएको योगसँग मिल्दो अर्थ भएको पद जसरी बन्न सक्छ, उसै गरी बन्न मिल्ने अक्षरको कल्पना गर्नुपर्छ भन्ने ठानेँ र अक्षर कल्पना गर्दै गएँ। उक्त पदका अगाडि राख्ता अर्थ मिल्न आउने अक्षर **वि** ठहराएँ। **वि** यस अक्षरलाई **धिश्च**को **धिः** का अगाडि राखिदियो भने **विधिः** यो पद बन्ने भयो। **विधिः** यस पदले **ब्रह्मा** भन्ने अर्थ बुझाउँदछ। त्यसै हुनाले **ब्रह्मयोग**लाई बुझाउन त्यही **ब्रह्मा** पदको पर्यायवाचक भएको **विधिः** शब्दलाई त्यस अभिलेखको पद्यरचना गर्ने रचयिताले उक्त पद्यमा प्रयोग गरेका रहेछन्, तर सो अभिलेख कुँद्ने कालिगडले **विधिश्च**को **वि** अक्षर छुटाई भ्रमवश **धिश्च** कुँद्न पुगेको रहेछ भन्ने कुरा स्पष्ट देखिन आयो।

यस्तै अनुसन्धानद्वारा अरू पदहरूको पनि शुद्ध पाठ ठम्याउन सकिन्छ। यहाँ चाहिँ गणनाद्वारा उक्त पाठको टुङ्गो लागी अर्थ मिल्न आएको हुनाले हाम्रा सदस्य साथीहरूलाई देखाउनका लागि उक्त पाठ लिएर गएँ। साथीहरूले पनि उक्त पाठलाई यही ठीक हो भनी स्वीकार गर्नुभयो। यसै गरी हाम्रा सबै साथीहरूले पनि कसैले केही कसैले केही पाठ ठम्याई पढ्नुभएको हुनाले सो अभिलेखको सबै पाठ ठम्याउन सकियो। यस्तो सामूहिक परिश्रमद्वारा नै अनुसन्धानकार्य सफलता प्राप्त हुन्छ भन्ने कुराको यो एउटा सानु उदाहरण मात्र हो।

अनुसन्धानद्वारा हामीहरू सबैको यस्तै परिश्रमले शुद्ध पाठ ठम्याई सम्पादन गरिएका अरू एघारओटा अभिलेखहरू-सँगसँगै यो अभिलेख पनि सम्पादन गरी वि.सं. २०१८ श्रावणमा संशोधन-मण्डलद्वारा प्रकाशित *अभिलेख-संग्रह* दोस्रो भागको १० पृष्ठमा हामीले* छपाएका छौँ।

उक्त अभिलेखको पाठ र त्यसको अर्थ तथा गणनाद्वारा सिद्ध भएका तिथिवारादि तल दिइन्छन्–

ॐ पञ्चाशीतितिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्ण्णं सुभा

मूलादित्ययुता (वि)धिश्च धवलाषाढत्रयोदस्यपि

श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्ठापिता

तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वामिना

---

* रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलले। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[नि.सं. १८५ (वि.सं. ११२२) आषाढशुक्लत्रयोदशी तिथि मूलनक्षत्र ब्रह्मयोग आदित्यवारका असल दिनमा राजा श्रीप्रद्युम्नकामले सुखपूर्वक राज्य गरिरहनुभएको वेलामा आचार्यहरूमा श्रेष्ठ भएका रत्नाकर स्वामीले यो मूर्तिको स्थापना गरियो ।]

शुद्ध पाठ ठम्याउन गणना गर्दा सिद्ध हुन आएका उक्त अभिलेखका तिथिवारादि तल दिइन्छन् –

नेे.सं. १८५ [वि.सं. ११२२] आषाढशुक्लपक्ष

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला	योग	घडी	पला
आदित्य	त्रयोदशी	५।	१८	मूल	८	१०	ब्रह्म	४५	५५

यो एउटा सानो उदाहरण मात्र हो । यस्ता उदाहरणहरू प्रशस्त पाइन्छन् । ती सबैको यहाँ उल्लेख गर्न सम्भव छैन । त्यस कारण गणनाविषय पनि इतिहासका अङ्गहरूमध्ये एक मुख्य अङ्ग हो भन्ने कुरा सिद्ध हुन आएको छ । यतावाट इतिहासमा गणनाको कत्रो महत्त्व रहेछ तथा इतिहाससँग यसको कस्तो घनिष्ठ सम्वन्ध हुन्छ भन्ने कुरामा कुनै सन्देह छैन ।

पुरन्दर शाह

राजा द्रव्य शाहका शेषपछि उनका छोरा पुरन्दर शाह वि.सं. १६२७ मा गोरखाको राजसिंहासनमा बसे । यिनको नाम *भाषावंशावली* र *गोर्खावंशावलि*मा पुरन्दर शाह लेखिएको छ ।[1] तर कहीं कहीँ पूर्ण शाह भनी लेखिएको

१. अस्य (द्रव्य शाहका) पुत्र शाके १४९२ मा चाँग्यासुरतानलाई मार्न्या पुरन्दर शाह महाराज हुँदा भया ।
(*भाषावंशावली*बाट)*

श्री ५ महाराज पुरन्दर साह गादिमा राज गर्नु**भयो.
(*गोर्खावंशावलि****को ९ पृष्ठवाट)

* वि.सं. २०२५ मा ललितपुरवाट जगदम्वा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ५४४-९२६ पृष्ठमा *भाषावंशावली*का पाइएसम्मका पुस्तक भिडाएर द्रव्य शाहदेखि पृथ्वीनारायण शाहसम्मको त्यस वंशावलीको पाठ निश्चित गरिएको छ । देवीप्रसादजीका यस अङ्कमा छापिएका लेखमा जहाँ जहाँ *भाषावंशावली*का उद्धरण परेका छन्, त्यहाँ त्यहाँ त्यस पुस्तकअनुसार *भाषावंशावली*को पाठ दिइएको छ । माथि दिइएको पाठ त्यस पुस्तकको ५५३ पृष्ठवाट उद्धरण गरिएको हो । – सम्पादक

** *गोर्खावंशावलि*मा गर्जु छापिएको भए तापनि देवीप्रसादजीले प्रूफको त्यस अशुद्धिलाई गर्नु भनी संशोधन गर्नुभएको ।
– सम्पादक

*** वि.सं. २००९ मा काशीवाट योगप्रचारिणीद्वारा प्रकाशित; क्षिप्रानाथ, देवीनाथ र शारदाप्रसाद रेग्मीद्वारा सम्पादित *गोर्खावंशावलि*। त्यहाँ छापिएको पाठमा व भए तापनि ब उच्चारण हुने जतिलाई ब बनाउने, अहिले चलनचलतीमा भएको नियमअनुसार पद जोड्ने र छुट्ट्याउने तथा वाक्य नटुङ्गिदै राखिएका थोप्ला हटाउने, वाक्यखण्डमा राखिएका थोप्लाको ठाउँमा अर्धविराम (,) र ाव्लेबाहेक अरू केही नगरी देवीप्रसादजीका यस अङ्कमा छापिएका लेखमा जहाँ जहाँ *गोर्खावंशावलि*का उद्धरण परेका छन्, त्यहाँ त्यहाँ तिनलाई जस्ताकोतस्तो उतारिएको छ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि पाइन्छ ।[२]

२. चित्री वैचित्रिरासीत्तदनु मनुजपः श्रीयशोब्रह्मशाहि-
र्ब्रह्मज्ञानी सुदानी धनद इव धनी तत्सुतो द्रव्यसाहिः ॥
तूर्णं चक्रेरिचूर्णं तदधिपतनयः पूर्णकृत्पूर्णशाहिः
पूर्णांशोतोधुनासौ विलसति ससुतो रामवद्रामशाहिः ॥ ६ ॥*

(राम शाहका आज्ञाले चित्रविलासले बनाएको *वंशावली*बाट । *गल्लीमा फ्याँकिएका कसिंगर*को उपोद्घात** ५२ पृष्ठबाट)

[विचित्रका छोरा गजबका राजा यशोब्रह्म शाह हुनुभयो । उहाँका छोरा ब्रह्मज्ञानी कुबेर जस्ता धनी खूप दानी द्रव्य शाहले शत्रुलाई चाँडै धूलोपीठो पार्नुभयो । उहाँ महाराजका छोरा पूर्ण पार्ने पूर्ण शाह हुनुभयो । उहाँका छोरा पूर्णावतार रामचन्द्र जस्ता राम शाह आफ्ना छोरासाथ अहिले सुहाइरहनुभएको छ ।]

(*गल्लीमा फ्याँकिएका कसिंगर*को उपोद्घात ५२-५३ पृष्ठबाट)

गोर्षाख्ये नगरे हिमाद्रिनिकटे द्रव्येशभूपोऽभवत्
श्रीपूर्णो हि तदन्वये समभवत्तस्यापि रामोऽभवत् ।

(शक्तिवल्लभ अर्ज्यालद्वारा विरचित *जयरत्नाकरनाटक**** २ कल्लोल, ३ श्लोक (६१ पृष्ठ)बाट)

[हिमालयको नजीकैमा रहेको गोरखा नाउँ भएको शहरमा द्रव्य शाह राजा हुनुभयो । उहाँका कुलमा (छोरा) पूर्ण शाह हुनुभयो । उहाँका (छोरा) राम शाह हुनुभयो ।]

(*जयरत्नाकरनाटक* १७१ पृष्ठबाट)

तत्र द्रव्येशसाहो नृपवर उदितः पूर्णसाहोऽस्य पुत्र-
स्तस्य श्रीरामसाहो विरचितविविधश्लाघ्यलोकव्यवस्थः ।

श्रीगोर्खादेशमा पहिले श्रीद्रव्येश साह महाराज हुनुभयो. उहापछि उनका पुत्र श्रीपूर्ण साह. उनका पुत्र संपूर्ण लोकमा स्थिति बाँधन्या श्रीराम साह.

(वि.सं. १८६८ को भीमसेन थापाको वाग्वतीको स्तम्भलेखबाट)****

---

* वि.सं. २०४५ मा काठमाडौंबाट दिनेशराज पन्तद्वारा प्रकाशित उनैको *गोरखाको इतिहास* ३ भाग, ऐतिहासिक सामग्री पहिलो खण्डको ७ सङ्ख्यासँग रुजू गरी यो पाठ दिइएको छ । – सम्पादक

** वि.सं. २०१८ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा सम्पादित *गल्लीमा फ्याकिएका कसिंगर*मा छापिएको नयराज पन्तको उपोद्घात । – सम्पादक

*** वि.सं. २०१४ मा काठमाडौंबाट नेपाल-सांस्कृतिक परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा नेपाली उल्थासहित सम्पादित *जयरत्नाकरनाटक* । – सम्पादक

**** वि.सं. २०१० मा काठमाडौंबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीद्वारा प्रकाशित, *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका १-१६ पृष्ठमा छापिएको नयराज पन्तको *थापाथलीस्थः श्रीभीमसेनथापाप्रशस्तिसनाथः स्तम्भोत्कीर्णोऽभिलेखः* [थापाथलीमा रहेको, श्रीभीमसेन थापाको तारीफ भएको स्तम्भलेख] (३, ९ पृष्ठ)सँग रुजू गरी यो पाठ दिइएको छ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस कारण पूर्ण शाह र पुरन्दर शाह एउटै व्यक्ति हुन्, भिन्न व्यक्ति होइनन् । यिनका दुवै नाम ऐतिहासिक सामानहरूमा प्रयोग भएका पाइन्छन् ।

यी राजा पूर्ण शाहका पालामा आफ्ना बाबु द्रव्य शाहले गणेश पाँडे जस्ता साहसी वीरपुरुषको सहायताद्वारा बडो परिश्रमपूर्वक आर्जेको गोरखा राज्यलाई खान लमजुङेहरूले निकै दाउ गरे । वारंवार उनीहरूको आक्रमणले गर्दा पूर्ण शाहलाई गोरखा राज्य थाम्न पनि धौधौ पर्न लाग्यो । लमजुङेहरूले दपेट्दैदपेट्दै आई कहिले त दरौंदी-वारि बोहोराब्याँसीसम्म पनि हमला गरी दुःख दिन्थे । त्यस अवस्थामा पूर्ण शाहले हरेस खाई लमजुङेहरूसँग फुर्तीसाथ डटेर नलडेका भए गोरखा राज्यको अस्तित्व नै खतम हुन्थ्यो । तर उनले ठूलो साहस गरी लडेर नै गोरखा राज्यको अस्तित्व कायम गरे । त्यस वेला गोरखाका सबै प्रजाहरू जम्मा भई ठूलो फौजको रूपमा तयार भएर मिली आफआफ्ना हातहतियार लिई किल्लामा गई लमजुङेहरूका फौजलाई पाटपीट पारी दरौंदी पार पुऱ्याएर गोरखा राज्यको रक्षा गर्ने काममा ठूलो सहायता गरेका थिए ।

लमजुङेहरूको यस्तो आक्रमण वारंवार भई नै रहने हुनाले गोरखा राज्यको प्रत्येक थुमकिल्लाहरूमा आएका शत्रुहरूका आक्रमणबाट बच्नलाई होशियारीसाथ गोरखाका उनै प्रजाहरूले आफूआफूमा पालो मिलाई कुर्ह्न बस्ने प्रबन्ध पनि गरेका थिए । पालो बस्नेहरूमध्ये धेरैजसो मानिसहरू किसानहरू नै हुन्थे । कुनै ठाउँमा त ती किसानहरूका हलीहरू पनि दिनमा ब्याँसी भरी कामकाज गर्दथे । बेलुकाचाहिँ अलि माथि किल्लामा गई कुर्ह्न बस्तथे । ती हलीहरूले कुर्ह्न बसी थुमको संरक्षण भएको हुनाले त्यस थुमको नाम पनि *हलीथुम* भन्ने रहयो । सो नाम आजसम्म चलेको छ ।[३]

राजा पूर्ण शाहले लमजुङेहरूलाई हटाई केही दिन फुर्सद के पाएका थिए, अनि उनले लगत्तै नयाँ मुलुकहरू बढाउने विचार लिई वारपाकमा हमला गर्ने निश्चय गरे । तिनताका वारपाकमा राजा चाँगे र सुरतान थिए ।

आशापालांशकत्वात् तदधिपतनयः पूर्णकृत् पूर्णसाही
पूर्णांशोऽतो यतोऽसौ नृपवरतनयो रामसाहिर्बभूव ॥ ७।

(*राजकल्पद्रुमबाट*)*

[ती राजा द्रव्य शाहका छोरा दिक्पालहरूका अंश हुनाले सबै कुरा पूर्ण पार्ने श्रीपूर्ण शाह हुनुभयो । जस (पूर्ण शाह)को पूर्ण अंश लिएर जन्मेका छोरा सबै राजाहरूमध्ये असल राम शाह हुनुभयो ।]

३. ताहांदेषि पनि लमजुङ्सित लडाई हुदै रहन्थ्यो. लपेटदै कैल्हे त दरौदि पनी तरि गोर्खा बोहोराब्यांसि छेवेटारसम्म पनि आउथ्या. तेस्तै वेलामा गोर्खाका मानिसहरूका हलिहरू पनि दिनमा हलो जोत्थ्या**. रात्रिमा वैरि आउला भनि बेंसिदेखिन् अलिक माथि शिखरमा चढि कुर्ह्दथ्या. तेस जगाको अझसम्म हलिथुम भनि नाम रहचाको छ.

(*गोर्खावंशावलिका* ९-१० पृष्ठबाट)

---

* वि.सं. १९६१/६२ मा कलकत्ताबाट छापिएको हरप्रसाद शास्त्रीको *अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्टइड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्इङ् ट द डर्बार् लाइब्ररि, नेपाल्* [नेपालको राजकीय पुस्तकालयमा रहेका, ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र] १ भागको २४२ पृष्ठबाट । – सम्पादक

** *गोर्खावंशावलि*मा जोत्या छापिएको भए तापनि देवीप्रसादजीले जोत्थ्या भनी संशोधन गर्नुभएको । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उनीहरू पनि गोरखालीहरूसँग लडाइँ नै गर्ने निश्चय गरी क़सिए। दुवै पक्षको फौज भिडियो, ठूलो लडाइँ भयो। आखिरमा गोरखाको फौजी बल कम भएको हुनाले वारपाकविजय हुन सकेन। चाँगेसुरतानलाई जिस्क्याए जस्तो मात्र भयो। उनीहरूले भोटतर्फबाट आउने सकल मालसामानहरू आवतजावत हुने बाटो वन्द गरी रोकिदिए। अरू कुराले भन्दा नूनले गोरखा राज्यमा ज्यादै अनिकाल पऱ्यो। चाँगेसुरतान हम्मेसि आफ्नो हात नआउने भए। तिनलाई आफ्नो अधीनमा नल्याएसम्म नाका वन्द नै भइरहने भयो। आफ्नो शक्तिले नभ्याएसम्म कुनैनकुनै जुक्तिले चाँगेसुरतानलाई हात लिने विचार पूर्ण शाह गर्दै थिए। त्यसै समयमा तनहुँवाट लमजुङ्गेहरूले सताइएका तनहुँका राजाले लमजुङ्गेहरूको सेखी झार्ने शक्ति गोरखालीहरूकै मात्र छ। आजकाल उनीहरूको जस्तो प्रचण्ड प्रताप अरूको छैन। त्यस कारण गोरखासँग मेलमिलाप गर्न पाए लमजुङ्गेको आडै मर्ने थियो र उनीहरूको मार पनि हामीहरूले खानुपर्ने थिएन भन्ने आशय लिई गोरखालीसँग सन्धि गर्ने अठोट गरी गोरखामा हात्ती सौगातका साथ दूत पठाए। तनहुँबाट हात्ती सौगात आएपछि गोरखाको र तनहुँको परस्परमा सन्धिपत्र भई मित्रता काम भयो।[४]

यता चाँगेसुरतानलाई हम्मेसि मार्न नसकिने देखी राजा पूर्ण शाहले आफ्ना फौजको वन्दोवस्त गरी जुक्तिसंग पछि मारौँला, हाल यिनलाई जसरी हुन्छ हात लिने उद्योग गर्नु नै उचित हो भन्ने ठहराए। अनि तिमी हामी आफूआफूमा अव झगडा नगरौँ, मित्रता राखौँ, यदि तिमी हामी कलह गर्नतिर लाग्यौँ र परस्परमा लड्यौँ भने पश्चिमतिरका राजाहरूले हामी दुवैको छिद्र भेट्टाई दुःख दिनेछन्, तिम्रो र हाम्रो मित्रता वलियो भयो भने तिमी हामी मिली आफ्ना धेरै वैरीहरूलाई पनि मार्न सक्नेछौँ, वैरीहरूले पनि हम्मेसि आक्रमण गर्न सक्ने छैनन्, तिमी हामी दुवैको हित हुने कुरा गरौँ भनी उनले चाँगेसुरतानलाई लेखी पठाए। यस कुरामा चाँगेसुरतानले गोरखालीहरूसँग वढ्ता विरोध गर्ने आँट गरेनन् र सो कुरा मञ्जूर गरी चित्त वुझाए। अनि गोरखाली पूर्ण शाहको र चाँगेसुरतानको मेल भई सन्धिपत्र भयो।

त्यसपछि राजा पूर्ण शाहले हामीलाई त तनहुँका राजाले हात्ती सौगात पठाएका छन्, यो पहाडप्रदेशमा नहुने, हेर्न लायक अपूर्वको चीज हो, तिमीहरूलाई हेर्न इच्छा छ भने हेर्न आऊ भनी चाँगेसुरतानलाई लेखी पठाए। सो चिठी वारपाक पुग्यो। चाँगेसुरतानले चिठी हेरी आफूलाई मित्र सम्झेर आफ्नो मुलुकमा नहुने नयाँ चीज देखाउनाको निम्ति बोलाएपछि हामीले पनि मित्र सम्झी जानु नै वेस हो भन्ने अठोट गरी सरसौगात र लस्कर तयार गरे। आफ्नो बरबन्दोवस्त गरी केही मानिसका साथ चाँगेसुरतान गोरखा आइपुगे, गोरखामा पूर्ण शाहले पनि अतिथिका रूपमा राम्रो सत्कार गरे, उनीहरूले कहिल्यै नदेखेको नौलो चीज हात्ती देखाइदिए। चाँगेसुरतानले हात्ती देख्नासाथ सारै अचम्म मानेर हात्तीका विषयमा केही कुराको परिचय लिन खोजे। यत्रो जन्तुलाई के

---

४. तस्तै बिचमा वारपाक चाग्यासुर्तानसित पनि लडाई भयो. मुलुक मरेन. चाग्यासुरतानले पनि नुनपाषी बन्द गऱ्यो. नुनको बडो अनिकाल भयो. तस्तै वेलामा तनहुमा पनि लमजुङ्बाट पनि दुःष दिदै रह्याको हुनाले घाको दर्बार तनहु हुनाले गोर्खाको प्रचण्ड तेज प्रताप देखतामा गोर्खासित दोस्त राख्या लमजुङ्ले हामिलाइ दुःख देवैन भन्नानिमित्त दोस्त बाधन लाग्या र हाति सौगात पठाया.

(*गोर्खावंशावलि*को १० पृष्ठवाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खुवाउँदा हुन् , यसले खाने चीज के होला भनेर उनीहरूलाई सारै खसखस लागी यो हात्ती के खाँदो रहेछ नि भनी सोधे । त्यस वेला पूर्ण शाहले अवसर पारी यो हात्ती त हाम्रो देशैमा नहुने चीज नून पो बढ्ता खाँदो रहेछ भन्ने उत्तर दिए । चाँगेसुरतान पनि हात्ती हेरी दङ्ग परे र यो हात्ती भन्ने जन्तु हामीहरूको प्रहाडप्रदेशमा नपाइने हुनाले वडो चीज हुन्छ, यसलाई राम्रोसँग सह्यारसुसार पुऱ्याई खाने दानाको बन्दोबस्त गरी पाल्नुपर्ने चीज रहेछ, हामी पनि यसको लागि वर्षको एक्काइस मुरी नून पठाइदिउँला, राम्रोसँग यसलाई पाल्नुहोला भनी पुरन्दर शाहलाई भने । दश आठ दिन वसेपछि चाँगेसुरतान आफ्ना मानिससाथ वारपाक फर्के । राजा पूर्ण शाहले चाँगेसुरतानलाई वडो जुक्तिले हात लिए । उनीहरूले पनि वर्षको २१ मुरी नून पठाउन थाले । भोटतिरवाट आउन रोकिएको नून राडी पाखी आदि सवै चीजको बाटो खुली आउन थाल्यो । गोरखामा नूनको अनिकाल हट्यो ।[५]

राजा पूर्ण शाहकी रानी सन्तोषवती र अम्वावती दुइटी थिए ।[६] यिनीहरूको परस्परमा मेलमिलाप थिएन । त्यस कारण उनीहरूको सधैं नै कचिङ्गल भइरहन्थ्यो । पूर्ण शाहकी विशेष मन परेकी रानीबाट राजकुमार छत्र शाहको जन्म भयो । अर्की मन नपरेकी रानीतर्फ गर्भ मात्र रहेको थियो । तर त्यस वेला सौतासौताको कलहले उग्र रूप लियो । गर्भवती रानी साह्रै विरक्त भइन् र आफ्नो भविष्यतिर सोच्न लागिन् । आफ्ना पति महाराजको पनि म मन नपरेकी छु, प्रिय बन्न त कुनै दिनमा पनि सकिनँ, सौता त सौतै भइहालिन्, रिझाउन किन

---

५. याहाँ गोर्खामा पनि चाग्यासुर्तान एसै मार्न सकिन्या भयेन, एसलाइ जुक्तिसंग मारुंला. हालका अर्थलाइ एससंग सल्लाह राखुं भनि आफ्नू मद्दत बाधि चाग्यासुरतान्सित तिमि हामि नबाझिन्यु , बाझिया त पश्चिमका राजाहरू उठनन् र बिग्रला, तिम्रो हाम्रो दोस्त बाधिया ता अरू राजाहरू तिमिहामीलाइ केहि गर्न सकन्या छैनन् भन्न्या बात हुदा चाग्यासुर्तान्को पनि चित्त बुझ्यो र घा बाधियो. ताहापछि श्री ५ महाराज पुरन्द्र साहबाट हामिलाई त तनहुँबाट हाति सौगात आयो, तसर्थ पाहाडमा नहुन्या चिज हो, तिमिहरू पनि हैर्न* आउ भनि चिठि गयो. चाग्यासुर्तानले पनि चिठि हेरि ताहाबाट दोस्त राष्यापछि हामि किन आवैनौ भनि चाग्यासुर्तान्हरू आफ्ना मानिस लि आया. हाति हेर्‍या र यो हाति क्या षादो रहेछ भनि सोध्या र यो हाति ता हाम्रा मुलुकमा नहुन्या कुरो नुन् षादो रहेछ उत्तर भयो र चाग्यासुर्तानले यो हाति मन्याको बडो चिज रहेछ. वर्षको एकाईस मुरि नुन् पठाईदिउला भनी भन्यो र १०।८ दिन बसी दोस्त राषि गयो. सालवसाल २१ मुरि नुन पठाउन लाग्यो. नुन पाषी भोटमा हुन्या चिजको पनि रस्ता षुल्यो.

(*गोर्खावंशावलि*को १० पृष्ठबाट)

६. यिनकी रानी सन्तोषवती देवी अम्बावती देवी रानी २ थिया ।

(*भाषावंशावली*बाट)**

योगी नरहरिनाथद्वारा *गोरखालीहरूको सैनिक इतिहास****नामक सानो पुस्तिकामा सूर्यभक्त जोशीकहाँ रहेको *वंशावली*बाट लिइएको भनी गोरखाली राजाहरूका रानीहरूको नाम दिइएको छ। ती नाम र *भाषावंशावली*मा दिइएका नाममा केही फरक पर्न गएको छ। जस्तै – *भाषावंशावली*मा पूर्ण शाहका रानीका नाम सन्तोषवती देवी, अम्बावती देवी छ; जोशीजीको वंशावलीमा चाहिँ सत्यवती, अम्बावती छ।

---

* *गोर्खावंशावलि*मा **हैर्न** भनी छापिएको भए तापनि हेर्न भनी संशोधन गरेको । – सम्पादक

** *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ५५३ पृष्ठबाट । – सम्पादक

*** वि.सं. २०११ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, नरहरिनाथद्वारा सम्पादित *गोरखालीहरूको सैनिक इतिहास*को सूचनाको घ पृष्ठ । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकिन्थ्यो, आफू भने दोजिया छु, यहाँ यसरी कष्ट सही बस्नुभन्दा नबस्नु नै बेस हो भनी आफ्ना केटाकेटी (नोकरसुसारे) सबै साथ लिई आफ्नो माइती सल्ल्यानमा गई बसेकी थिइन्। केही दिनपछि दशमास पूर्ण भयो र सल्ल्यानमै राजकुमार राम शाहको जन्म भयो। उनको पालनपोषण पनि सल्ल्यानमै भयो।[७]

राजा पूर्ण शाहले आफ्ना वावु द्रव्य शाहले आर्जिदिएको राज्य (लिग्लिग, गोरखा, सिरानचोक, अजिरगढ)बाहेक सल्ल्यान, धादिङ, लिग्लिगसम्मका प्रदेश सर गरी आफ्नो गोरखा राज्यमा मिलाए;[८] वारपाकचाहिँ दख्खल गर्न सकेनन्; केवल मित्रतासम्म कायम राखी थोरवहुत मात्र फाइदा लिन सकेका थिए। उनले यहाँभन्दा अरू राज्य बढाउन सकेका थिएनन्। उनको धेरैजसो समय त आफ्नो राज्य खान आइलाग्ने लमजुङेहरूसँग लड्दा लड्दैमा वितेको थियो। तैपनि उनी त्यसै हात वाँधी आनन्दसाथ मोजमजामा भुलेर वस्न सक्ने व्यक्ति थिएनन्। उनले पुरानो पैतृक राज्य जोगाएर आफ्नो शक्तिले भ्याएसम्म अलिकता भए पनि नयाँ प्रदेशहरू बढाई अझ अरू बढाउने साहस गरी नै रहेका थिए। यत्तिकैमा राज्यभोग ३५ वर्ष[९] पुगेपछि पूर्ण शाहको आयु पनि पूर्ण भयो, संसारवाट उनले विदा लिए।

---

७. श्री ५ महाराजा पुरन्दर साहका दुई रानि. मन् पऱ्याकी श्री ५ महारानितरफ साहेब पैदा हुनुभयाको श्री ५ क्षत्र साह. मन नपऱ्याकि श्री ५ महारानितरफ पनि गर्भ रह्याको रहेछ. तस्तै वेलामा सौतासौताको झगडा हुन गयो र मेराउपर ता श्री ५ महाराजको पनि प्रिति छैन. मन् नपऱ्याकि छु. मेरा गर्भ छ. ञाहा मैले बसनु छैन भनि तडकि आफ्ना केटाकेटि सब जना लि पाउलागनुभयो. सल्यानमा आई राज गर्नुभयो. वाहापछि श्री ५ साहेबज्यू राम साह पैदा हुनुभयो.

(*गोर्खावंशावलि*का १०-११ पृष्ठवाट)

८. यिन राजाले सल्ल्यान, धादिङ, लिग्लिगसंम सर गऱ्या।

(*भाषावंशावलीवाट*)*

९. राज्यभोग वर्ष ३५ सम्म गर्दा भया।

(*भाषावंशावलीवाट*)**

वाहाँपछि गोर्षामा श्री ५ महाराजा पुरन्दर साह ३५ वर्षसम्म राज्यभोग्य भयापछि परमधाम हुनुभयो.

(*गोर्खावंशावलि*को ११ पृष्ठवाट)

ततः शाके १४९२ श्रीमत्पुरंदरसाहः तद्राज्यवर्षाणि ३५

(मोहननाथ पाँडेको पुर्ख्यौली सङ्ग्रहमा रहेको वि.सं. १८९७ को पात्रोको पछिल्लो पत्रवाट)

[त्यसपछि शाके १४९२ (वि.सं. १६२७)मा श्रीराजा पुरन्दर साह हुनुभयो। उहाँको राज्यभोग ३५ वर्षसम्म भयो।]

– सम्पादक

---

* *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ५५३ पृष्ठबाट।

– सम्पादक

** *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ५५४ पृष्ठबाट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीपति शाह

रुद्र शाहका शेषपछि उनका छोरा पृथ्वीपति शाह गोरखाको राजसिंहासनमा बसे। उनी सानै उमेरदेखि नै गम्भीर स्वभावका थिए। यिनले आफू सिंहासनमा बसेपछि आफ्ना पूर्वजहरूले गरिआएका रीतिस्थिति न्यायव्यवस्था सबै कायम राखी राजकाज चलाउन लागे। यिनका पुर्खा द्रव्य शाहले आर्जिदिएको गोरखा राज्यलाई उनका नाति राम शाहले पूर्वतिर त्रिशूली नदीसम्म, दक्षिणतिर महाभारतसम्म, पश्चिमतिर तनहुँसम्म र उत्तरतिर रसुवासम्म फैलाई जुमला, पाल्पा, पर्वत तथा ललितपुरका राजाहरूसँग मित्रसम्बन्ध कायम गरिदिएका थिए। उनको शेषपछि गोरखा राज्य यसभन्दा बढ्न सकेको थिएन। उता लमजुङे राजाले चौबीसी (कास्की, नुवाकोट, भीरकोट, सतहुँ, गरहुँ, ढोर, इस्मा, अर्घा, गुल्मी, धुरकोट, खाँची, पर्‍युँ, रिसिङ, पिउठान, घिरिङ, गलकोट आदि) राज्यको र बाइसी राज्यको सहायता पाई गोरखालाई पेल्दै आएका थिए। बडो धीरतापूर्वक पृथ्वीपति शाहले गोरखा राज्यको स्वातन्त्र्यसंरक्षण गरी राजकाज चलाउँदै गए। यिनकी अप्सरावती देवी, वीजछेनावती देवी, अरुणावती देवी, कुलगन्धावती देवी, हर्षवती देवी र हन्कुवती देवी यी ६ ओटी रानी थिए।[1] यिनै ६ ओटी रानीहरूबाट वीरभद्र शाह, रणदुर्लभ शाह, दल शाह, भूपेन्द्र शाह, उद्योत शाह, चन्द्ररूप शाह, सङ्ग्राम शाह, नृसिंह शाह, सुर्तान शाह, वीरकुमार शाह, वीरवर्ण शाह, शान्तरूप शाह आदि बाह्र जना राजकुमारहरू पैदा भए। भक्तकुमारी तथा चक्ररेखा दुइटी राजकुमारी (मैयाँ) पनि पैदा भए। एउटी रानीतर्फ भने छोराछोरी केही भएनन्।[2] यी राजकुमारहरूमध्ये जेठा वीरभद्र शाह भएका हुनाले यिनैलाई नायक (युवराजाधिराज़) गराए, आफ्ना भाइ मधुकर शाहलाई चौतरिया गराए, अतिबल शाहलाई काजी गराउन खोजेका थिए तर उनले स्वीकार गरेनन्, जयन्त शाहलाई र विराज थापालाई काजी मान दिए, पाँडे र पन्थलाई सरदारीमान पालोपालो

१. यिनकी रानी अप्सरावती देवी, वीजछेनावती देवी, अरुणावती देवी, कुलगन्धावती देवी, हर्षवती देवी, हन्कुवती देवी ६ जना हुन्।

(*भाषावंशावलीबाट*)*

पृथ्वीपति – रानी विचक्षणा, जगन्ता, सत्यरूपा, कुलगहना।

(*गोरखालीहरूको सैनिक इतिहास***को घ पृष्ठमा छापिएको सूर्यभक्त जोशीको *वंशावली*बाट)

२. छ महारानिमा एक महारानितरफ श्री ५ नायक वीरभद्र साह श्रीरणदुल्लभ साह. अर्की श्री ५ महारानितरफ श्रीदल साह श्रीभूपेन्द्र साह. अर्की श्री ५ महारानितरफ श्रीउद्योत साह श्रीचन्द्ररूप साह. अर्की श्री ५ महारानितरफ श्रीसंग्राम साह श्रीनृसिंह साह श्रीसुर्तान् साह. अर्की श्री ५ महारानितरफ श्रीवीरकुमार साह श्रीवीरवण साह श्रीशान्तरूप साह बाह्र साहेब पैदा हुनुभयो. भक्तकुमारी चक्ररेखा २ दुई मैजासाहेब पैदा हुनुभयो. एक महारानितरफ केहि भएनन्.

(*गोर्खावंशावलि*को ७२ पृष्ठबाट)

* *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ५९७-५९८ पृष्ठबाट। – सम्पादक

** वि.सं. २०११ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, नरहरिनाथद्वारा सम्पादित *गोरखालीहरूको सैनिक इतिहास*। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरी खानू भनी बाँडिदिए ।[३] यस किसिमसँग सबै भारादारहरूको व्यवस्था मिलाई शान्त वातावरणमा शासन चल्ला कि जस्तो भएर के आएको थियो, शत्रुहरूको मनमा भने यो कुराले सहिनसक्नु हुन लाग्यो ॥

उता लमजुङेहरूको सबै फौज जम्मा भई आउँदा पनि गोरखालाई अँचेट्न नसक्ने देखी चौबीसी र बाइसी राजाहरूलाई समेत उठाई पेल्दै पेल्दै गोरखा राज्यको लिगलीगसम्म आइपुगे । त्यहाँ पृथ्वीपति शाहका किल्लारक्षकहरू पनि ठूलो फौज लिई किल्लाको संरक्षण गर्न बसेका थिए । परन्तु पश्चिमममा बाइसीचौबीसीसमेतको बल पाई लमजुङे फौजले ठूलो आक्रमण गऱ्यो, वलजफतसँग लिगलीगको किल्लाभित्र पस्यो । गोरखाको अधीनबाट सो किल्ला उम्क्यो । लमजुडेहरू सो किल्लामा ठूलो फौज राखी कुर्ह्र बसे । अब लमजुङेले लिगलीगको किल्ला मरे पनि नछोड्ने भए । गोरखालीहरू पनि वर्षको एकदुइ लडाइँ गर्ने पछि हटेका थिएनन् । एवंरीतसँग लड्दा लड्दा धेरै वर्ष वितिसक्यो तैपनि गोरखालीहरूले लमजुङेहरूलाई हटाउन सकेका थिएनन् । यसो हुँदा हुँदै गोरखालीहरूको मझुवामा समेत लमजुङे फौज आई किल्ला कब्जा गर्न लाग्यो । गोरखालीहरूले ११ पटकसम्म लमजुङेहरूको आक्रमणलाई मार खुवाउँदा पनि उनीहरूलाई हटाउन सकेनन् । सबै भारादार तथा पृथ्वीपति शाह छक्क परे । तैपनि कत्ति हरेस नखाई सबै भारादारहरू जम्मा भई सरसल्लाह गरी १२ वर्षदेखि माथि ८० वर्षदेखि तलका सारा गोरखाली प्रजाहरू लडाइँका मैदानमा आफ्नाआफ्ना हतियारका साथ सामेल हुन करै लाग्ने कडा आज्ञा दिन लगाई हाजिर गराए । यस किसिमको प्रवन्ध गरी ९ वर्षसम्म हटाउन नसकिएको शत्रुलाई कसरी जित्न सकौँला भन्ने मनमा लिई सबैले आफ्नाआफ्ना हातहतियार लिई आफ्नो राष्ट्रको लागि तनमनधन अर्पण गरी आफ्नो जय हुने साइत हेरी शुभ मुहूर्तमा हिँडे । जब त्यो गोरखाली फौज आफ्नो विजयकामना गर्दै प्रस्थान गरेथ्यो, अनि पृथ्वीपति शाहको मनमा के होला कसो होला भन्ने शङ्का उठ्न लाग्यो, रानीका साथ खोपीको झ्यालमा गई फौजको बाटो हेर्न लागे ।

त्यो गोरखाली फौज उता लमजुङेको प्रशस्त फौजले भरिएको लिगलीगको किल्लामा रातमा गई आगो नै लगाई वैरीलाई खरानी पारी ध्वस्त पार्ने निश्चय गरी गएको थियो । लिगलीगको किल्लामा रातका बीचमा पुगी त्यसलाई घेरा हाल्यो, किल्लामा वरिपरिबाट आगो लगाइदियो । किल्लाभित्र बसेको लमजुङे फौजमा ठूलो हाहाकार पऱ्यो । लमजुङे फौज धेरैजसो निस्कन नसकी किल्लाभित्रै पऱ्यो, केही निस्केका पनि गोरखालीका हतियारको मारमा परी उम्कन पाएनन् , १२ जनाले मात्र भागाभाग गरी ज्यान बचाए । यो कुरा थाहा पाएपछि अरू थुमथुममा कुर्ह्र बसेको लमजुङे फौजका पनि सबै छोड्दै भाग्दै गर्न लागे ।

नौ वर्षसम्म हटाउन नसकिएको शत्रुलाई हटाई उसले कब्जा गरेको लिगलीग गोरखाली फौजले आफ्नो गरायो । यति गरेपछि गोरखाली फौजमा निकै जोश चढ्दै गयो । भागेको लमजुङे फौजलाई लखेट्तै गई चेपे

---

३. वहांदेषिन् आफना भाइ श्रीमधुकर साहलाइ चौतरिया मान बक्सनुभयो. श्रीअतिबल साहलाई कजाती षाउ भनि हुकुम हुंदा जैल्हे आफनु षुबी पुरुषार्थ देषाइ रिझाउन सकुला उसै बषतमा मलाइ फलानु मान बक्सनुहवस् भनि बिन्ति गरुंला भनि बिन्ति गर्नुभयो र केहि पनि नषाइ बसनुभयो. कजाइं १ श्रीजयन्त साहलाइ बक्सनुभयो. एक कजाती विराज थापा मगरलाई बक्सनुभयो. सरदारी मान पांडे पन्थलाई पालो गरि बक्सनुहुन्यो.* ... श्री ५ पृथ्वीपति साह महाराजको शान्त स्वभाव हुनाले सकल प्रजाहरु पनि शान्तै देषिया. वैरिहरु पनि साधु छन् भनि लडाती गर्नाको तयारि गर्न लाग्या.

(गोर्खावंशावलिका ७२-७३ पृष्ठबाट)

---

* *गोर्खावंशावलिमा* बक्सनुहुन्यो भनी छापिएको भए तापनि बक्सनुहुन्थ्यो भनी संशोधन गरेको । — सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मर्स्याङ्दी नदी तारेरै छोडे । यसरी लमजुङे शत्रुलाई मर्स्याङ्दी तारी फर्केपछि केही फौज किल्लाको रक्षाको लागि त्यहीँ बस्यो, अरू फौज आफ्नो राजधानी गोरखातिर फर्क्यो । वैरीलाई हटाई आउन लागेका शूरवीरहरूलाई पृथ्वीपति शाहले वेलवासमा आइपुगेपछि सिन्दूरे जात्रा गर्दै गोरखादरवारमा भित्र्याए, छथर प्रभृति सवै फौजलाई प्रसन्नतापूर्वक परिश्रमअनुसार इनाम बकस दिई खुशी पारे ।[४]

उता लमजुङेहरूले ठूलो मार खाई फर्कनुपर्‍यो । उनीहरूको ठूलो हार भयो । नौ वर्षसम्म नपाएको चोट यस पटक पर्न गयो । यसको बदला लिन चौबीसी राजाहरूलाई उठाई गोरखा राज्य नै उडाउने कोशिश उनीहरू गर्न लागे । हुनत वाइसीचौबीसीहरूको सहायता पहिले पनि उनीहरूले पाएका थिए, यस हारले गर्दा विशेष सहायता मागेर उनीहरू सैन्यसङ्गठन गर्दै थिए । पृथ्वीपति शाह पनि लरतरा राजा थिएनन्, उनी महत्त्वाकाङ्क्षी तथा उत्साही पुरुष थिए । उनको राष्ट्र सानो फौज थोरै थियो तापनि उनको हृदय सानो थिएन, विशाल थियो । गोरखा राज्य बढाउने चेष्टा उनी गर्दै थिए, बुद्धिमत्तापूर्वक शत्रुहरूको आक्रमण पनि रोक्तै थिए । यत्तिकैमा केही वर्ष विते । शत्रुले गोरखालाई आक्रमण गर्ने साहस छोड्दै गए ।

पृथ्वीपति शाह विद्वान्हरूको पनि निकै कदरसाथ सत्कार गर्दथे । उनी विद्वान्हरूलाई ग्रन्थ लेखाउँथे । उनका राज्यकालमा ज्यौतिषशास्त्रको पठनपाठन पनि निकै राम्रोसँग चलेको थियो । वि.सं. १७३४ मा यिनै पृथ्वीपति शाहको आज्ञाअनुसार वराहमिहिरले बनाएको *बृहत्संहिता*नामको पुस्तक विश्वेश्वरद्वारा सार्ने काम भएको थियो ।[५] उनी ज्यौतिषशास्त्रको आधारमा त्यस विषयका विद्वान्हरूको सल्लाहअनुसार राजकीय कामकाज

---

४. *गोर्खावंशावलि*का ७३-७४ पृष्ठ हेर्नुहोस् ।

५. श्रीशाके नवनंदबाणहिमगौ पौषे शनौ तोयभे ॥
श्रीपृथ्वीपतिसाहभूपनृपतौ गोर्षाचलं शासति ॥
वाराहीमलिखद्ययाप्रति शुभामेतां महासंहितां ॥
श्रीविश्वेश्वरदैवविन्नरपतेराज्ञामवाप्योज्वलां ॥

[शकसंवत् १५९९ (वि.सं. १७३४) पौष महीना शनैश्चरवार पूर्वाषाढानक्षत्रमा राजा पृथ्वीपति शाहले गोरखामा राज्य गरिरहनुभएको वेलामा राजाको आज्ञानुसार ज्योतिषी विश्वेश्वरले वराहमिहिरले बनाएको यो ठूलो असल संहिता (*बृहत्संहिता*)लाई मूल प्रतिअनुसार सारे ।]

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको सङ्ग्रहको *बृहत्संहिता*को अन्तिम पृष्ठ ।* यो पुस्तक मोहननाथ पाँडेसँग छ ।)

यसमा दिइएको मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ –

शाके १५९९ [वि.सं. १७३४] पौषशुक्ल

गते	वार	तिथि	घडी	नक्षत्र	घडी
पौष १६	शनैश्चर	प्रतिपदा	१७	पूर्वाषाढा	१५

– पात्रोवाट**

---

* २७८ ख-२७९क पत्र । – सम्पादक

* यो पात्रो लक्ष्मीपतिसङ्ग्रहमा छ । वि.सं. २०३६ मा प्रकाशित *पूर्णिमा* ४४ अङ्कका १-२६ पृष्ठमा रामजी तेवारीद्वारा *नेपालखाल्डोको वि.सं. १७३४ को पात्रो* भन्ने नाम दिई यो पात्रो छपाइएको छ । सो अङ्कको १९ पृष्ठको आधारमा माथिको गणना दिइएको हो । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्दथे । त्यस कारण यिनका पालामा ज्यौतिषशास्त्रको विशेष उन्नति भएको रहेछ भन्ने कुरा यतावाट प्रमाणित हुन आउँछ ।

लमजुङ्हरूको आक्रमण हटाई केही फुर्सद पायो कि अरू राज्यको बल बुझ्नानिमित्त पृथ्वीपति शाह यताउति लाग्दथे । नेपालउपत्यकाभित्रै तीन राज्यका मल्ल राजाहरूको आपसमा राम्रो मेल थिएन । यो कुरा सबै पृथ्वीपति शाहलाई थाहा थियो । उनीहरूमध्ये कुनै एक जनालाई आफ्नो हात लिई फाइदा उठाउने उद्योग गरेका थिए । यही अभिप्रायले वि.सं. १७३५ को आश्विन महीना विजयादशमीका दिन गोरखादेखि आई कान्तिपुरका राजा नृपेन्द्र मल्लसँग मीत लगाए । त्यस वेला भक्तपुरका भारादार पनि आएका थिए । पृथ्वीपति शाहले उनीहरूसँग सम्बन्ध जोरी मित्रता कायम गरे । नेपालखाल्डोभित्र चलेको मल्ल राजाहरूको राजकाजतिर पनि विशेष ध्यान दिई सबै कुरा विचार गरी फर्केका थिए । त्यसै वेलादेखि नेपालखाल्डाभित्र पृथ्वीपति शाहलाई राजकाज चलाउने उत्कट इच्छा पैदा भएको थियो भन्ने कुरा उनको कान्तिपुरआगमनले सिद्ध हुन आउँछ । यसरी कहिले भक्तपुरसँग सम्बन्ध जोरी उसको शत्रु भएको ललितपुरसँग विरोध देखाई आफ्नो फाइदा उठाउने र कहिले ललितपुरेसित सम्बन्ध जोरी उसको शत्रु भएको भक्तपुरसँग विरोध देखाई आफ्नो फाइदा उठाउने नीति पृथ्वीपति शाहले अवसर हेरी हेरी लिन्थे । मल्लहरूको ती तीन राज्यमा उनले निकै आँखा लगाएका थिए ।[६]

उता फेरि बाइसीचौबीसीहरूको मद्दत पाएर लमजुङले ठूलो आक्रमण गऱ्यो । लिगलीग गढीमा ठूलो लडाइँ पऱ्यो, दुवैतिरका फौजमा धेरै काटिए । आखिरमा गोरखाको फौजी बलले भ्याएन । बाँकी रहेको फौज पनि

---

६. ꣸ सम्बत् ७९८ ... ꣸ आश्विनशुक्ल ॥ दशमी ، आदित्यवार ، ... थ्व कुह्नु चारंण याय धुनकाओ ، मोहोनचुकस ، श्रीश्रीजयनृपेन्द्र मल्ल महाराजाओ ، गोरखाया ، प्रिथिपति साहिओ ، मित्र संबध याङ ، त्वाच ، चिनका ، यँरया ، खप्वयां प्रमानपनि दयकाओ त्वाच चिनका जुरो ॥

(चन्द्रमान जोशीसँग रहेको ठ्यासफूबाट)*

[ने.सं. ७९८ (वि.सं. १७३५) आश्विनशुक्लदशमी आदित्यवार...यस दिन चारण (खड्गचालन आदि विधान) सिद्धयाइसकेपछि मोहनचोकमा श्रीश्रीजयनृपेन्द्र मल्ल महाराज र गोरखाका पृथ्वीपति शाहले ललितपुरका भक्तपुरका समेत भारादारहरूको समक्ष मीत लाइयो ।]

(*त्रिरत्न-सौन्दर्य-गाथा***को ६१ पृष्ठबाट)

यसमा दिइएको मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ –

ने.सं. ७९८ [वि.सं. १७३५] आश्विनशुक्ल

गते	वार	तिथि	घडी	पला
आश्विन १५	आदित्य	दशमी	५२।	५९

---

* ठिमीका चन्द्रमान जोशीसँग रहेको ठ्यासफूबाट । देवीप्रसादजीका यस अङ्कमा छापिएका लेखमा जहाँ जहाँ सो ठ्यासफूका उद्धरण परेका छन्, त्यहाँ त्यहाँ मूल ठ्यासफूको फोटोसँग रुजू गरी पाठ दिइएको छ । – सम्पादक

** वि.सं. २०१९ मा काठमाडौंबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यद्वारा सम्पादित *पण्डित सुन्दरानन्द-विरचित त्रिरत्न-सौन्दर्य-गाथा*का १-९३ पृष्ठमा छापिएको नयराज पन्तको उपोद्घात । – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिगलीगको किल्ला छोडी गोरखा फर्क्यो। दरौंदी नदीको साँध लगाई गोरखाको मझुवा सबै खाने नियत गरी ठूलो फौजका साथ लमजुङेहरू लिगलीगमा वसे। त्यसपछि भने पृथ्वीपति शाह साह्रै हडबडाए र सरसल्लाहका लागि सबैलाई बोलाई उनले ठूलो सभा गरे। सबैले आफ्नो आफ्नो राय व्यक्त गरे। त्यसै वखतमा पृथ्वीपति शाहका छोरा रणदुर्लभ शाहले अहिले आपत्ति पऱ्यो भन्दैमा हिकमत हारी हरेस खाने मौका होइन, यी वैरीलाई कुनै उपायले हटाएरै छाडौंला र आफ्नो मुलुक पनि फिर्ता लिउँला भनी आफ्ना बाबुलाई ढाडस दिए। यसको परिणामस्वरूप छोराको युक्तिअनुसार चल्ने निश्चय उनले गरे। सबै भाइछोरा तितरबितर भए। अनि सबै भाइछोरालाई अयोग्य ठहराई पृथ्वीपति शाहले तिनीहरूलाई निकाला गरेको हो भन्ने विश्वास सबैमा पर्न लाग्यो। गोरखामा पृथ्वीपति शाहका भाइछोरा भाँडिएछन्, गृहकलह शुरू भएछ, सबै भाइछोरा निकालिएछन् भन्ने कुराको हल्ला गोरखा राज्यभर जतातत्तै चल्यो। उनै रणदुर्लभ शाहले गौरेश्वर पन्थ, वलि उपाध्याय कडरियालाई साथ लिई नाहकमा बाबुले निकालिदिए जस्तो गरी आफ्ना बाबु पृथ्वीपति शाहलाई गाली गर्दै लमजुङे राजकुमार वसेको ठाउँ लिगलीगको किल्लामा पुगे। लमजुङे राजकुमारले पनि पहिले त पक्रने नियत गरेका थिए, तर गोरखाली राजकुमारको चलाकी कुराले र गोरखामा चलेको हल्लाले गर्दा यिनीहरू शरण लिन आएका रहेछन् भन्ने ठानी उनीहरूमा विश्वास गरे। केही महीना लिगलीगमा वसी लमजुङे राजकुमारलाई युक्तिपूर्वक लमजुङ फिर्ता पठाई उनका ठाउँमा आफू किल्लारक्षक भई लमजुङेको सोझो चिताई वस्ने प्रवन्ध रणदुर्लभ शाहले मिलाए। अनि लिगलीगको किल्ला रक्षा गर्ने अभिभारा गोरखाली राजकुमारलाई सुम्पी लमजुङे राजकुमार लमजुङ फर्के। आफू किल्लारक्षक भई अधिकार पाउनासाथ उनले गोरखावाट आफ्ना फौज झिकाई लमजुङे फौजलाई पाटपीट पारी लखेटिदिए, लमजुङेले खाइरहेको मझुवा आदि प्रदेश पनि सबै फिर्ता लिए। अघि निकालिए जस्तो भई गएका भाइछोरा सबै जम्मा भए। पृथ्वीपति शाहले आफ्ना छोराको साहस र पराक्रम देखी सरहनी गरे। सबैको शूरता बढ्दै गयो। जतिपल्ट लमजुङे आइलाग्दथे उतिपल्ट गोरखाली उनीहरूलाई काट्तै हटाउँदै गर्दथे। पृथ्वीपति शाहले आफ्ना भाइछोरालाई राम्रोसँग प्रबन्ध गरी सन्तोष राख्न सकेका समयमा जस्तै वलियो शत्रु आए तापनि युक्तिवुद्धि खेलाई हटाउन सकिँदो रहेछ भन्ने अनुभव गर्दै गए।

पृथ्वीपति शाह धर्मात्मा थिए। उनी शिवजीको भक्तिपूर्वक ध्यान गर्दथे। उनले गोरखा पोखरीथोकमा शिवालयअगाडि वि.सं. १७३७ आषाढकृष्णपञ्चमी धनिष्ठानक्षत्र आदित्यवारका दिन वडो ढुङ्गे खामोमाथि आफ्नो सुनको सालिक वनाएर भक्तिपूर्वक स्थापना गरेको कुरा पण्डित वीरेश्वरद्वारा लेखाई शिलालेखमा कुँदाई शिलापत्र राखेका छन्।[७] त्यसैले पनि पृथ्वीपति शाह शिवजीका भक्त रहेछन् भन्ने कुरा थाहा पाइन्छ।

---

७. यिन राजाले पोखरीथोकका शिवालयअगाडि आफ्नो मूर्ति सुनको बनाई खम्बा खडा गऱ्या. त्यस खम्बामा लेख्याको –

श्रीविश्वेश्वरो जयति ॥ श्रीशाके १६०२ मासे ३ स्वस्ति श्री ॥

उत्तराशासुनासीरो गोर्षाचलसुधानिधिः ॥

पृथ्वीपतिर्विजयतां स्तंभारूढः शिवं भजन् ॥ १ ॥

पृथ्वीपतिर्जयति भक्तिमदद्वितीय स्तंभं महांतमधिरुह्य निरातपत्रः ॥

बद्धांजलिः सविनयो निभृतेंद्रियात्मा यः सेवते प्रतिमयापि महेश्वरांघ्रिं ॥२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीशाकेक्षिवियद्रसावनिमिते स्वब्दे प्रमोदेऽयने
सौम्ये ग्रीष्मशुचौ तमःफणितिथौ द्वंद्वार्क्क अर्क्के वसौ ॥
श्रीपृथ्वीपतिभूभुजा पुरवरे गोर्षापुरे पुष्करे
भक्त्याधायि निजाकृतिः शिवपुरः सद्भोगमोक्षार्थिना ॥ ३ ॥
गोर्षाधीशमहाराजपृथ्वीमतिनृपाज्ञया ॥
वीरेश्वरेण विदुषा प्रसस्ती रचिता शुभा ॥ ४ ॥
शुभं ॥

(*भाषावंशावलीबाट*)*

[श्रीविश्वेश्वर ठूला हुनुहुन्छ। श्रीशाके १६०२ (वि.सं. १७३७) तेस्रो (आषाढ) महीनामा। कल्याण होस्।

उत्तर दिशाका इन्द्र जस्ता, गोरखाका चन्द्रमा जस्ता (गोरखाका महाराज), खम्बामा चढेर श्रीशिवजीको भजन गरिरहेका श्रीपृथ्वीपति शाह विजयी हुनुहोस्॥ १ ॥

भक्तहरूमध्ये अद्वितीय भएका, ठूलो खम्बामा चढेर छाता नलिई विनयपूर्वक हात जोडिरहेका, इन्द्रिय र मनलाई आफ्नो वशमा पारेका श्रीपृथ्वीपति शाह ठूला हुनुहुन्छ। जुन महाराज सालिकद्वारा पनि महादेवका पाउको सेवा गर्नुहुन्छ ॥ २ ॥

श्रीशाके १६०२ (वि.सं. १७३७) प्रमोदसंवत्सरमा उत्तरायण ग्रीष्म ऋतुमा, आषाढकृष्णपञ्चमीतिथि आदित्यवार धनिष्ठानक्षत्रमा मिथुनराशिमा सूर्य भएका वेलामा असल गोरखा शहरको पोखरीथोकमा सुखभोग र मोक्षको इच्छा लिने भएका महाराज पृथ्वीपति शाहले भक्तिपूर्वक शिवजीको अगाडि आफ्नो सालिक स्थापना गर्नुभयो ॥ ३ ॥

गोरखाका महाराज पृथ्वीपति शाहका आज्ञाले विद्वान् वीरेश्वरले यो उत्तम प्रशस्ति वनाएका हुन् ॥ ४ ॥

कल्याण होस् ॥]

यसमा दिइएको मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ –

शाके १६०२ [वि.सं. १७३७] प्रमोदसंवत्सर आषाढकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आषाढ	८	आदित्य	चतुर्थी	२०	५४	श्रवण	१४	४

चतुर्थी २० घडी ५४ पलाउपरान्त पञ्चमीमा, श्रवण १४ घडी ४ पलाउपरान्त धनिष्ठामा यो शिलास्तम्भ राखिएको देखिन्छ।**

* *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ५९८ पृष्ठबाट। स्तम्भलेखको पाठ वि.सं. २०४५ मा काठमाडौंबाट दिनेशराज पन्तद्वारा प्रकाशित उनैको *गोरखाको इतिहास* ३ भागका ७०२-७०३ पृष्ठबाट उद्धृत गरिएको हो। – सम्पादक

** वि.सं. २०१२ मा काठमाडौंबाट इतिहास-प्रकाश-मण्डलद्वारा प्रकाशित *इतिहासप्रकाश* १ अङ्का ४०-४१ पृष्ठमा छापिएको नरहरिनाथ र जनकलाल ढकालको *गोरषा पोषरीथोक रामेश्वर अगाडि गोरषाधीश श्री ५ पृथ्वीपतिसाहको प्रतीक (सालिक) भयेको शिलास्तम्भको अभिलेख*मा यस अभिलेखको तेस्रो श्लोकको तेस्रो पाउ यसरी दिइएको छ –

सौम्ये ग्रीष्मशुचौ तमःफणितिथौ द्वंद्वार्क्के ऋक्षे वसौ

देवीप्रसादजीले यस लेखमा उपयोग गर्नुभएको, संशोधन-मण्डलको सङ्ग्रहमा रहेको *भाषावंशावली*को प्रति* (२२१पृष्ठ)मा

* वि.सं. १९४८ कार्तिककृष्णषष्ठी शुक्रवारसम्मको कुरा परेको लेखोट *भाषावंशावली*। *भाषावंशावली*को यस लेखोट पुस्तकको विषयमा वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३१ अङ्मा छापिएको, महेशराज पन्तको *गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण* (१६६ पृष्ठ, ८ टिप्पणी) हेर्नू। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऋक्षेको ठाउँमा अर्के भन्ने पाठ हुँदा हुँदै पनि *इतिहासप्रकाश*मा छापिएको पाठको प्रभावमा परेर होला, उहाँले यहाँ र वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ अङ्कमा छापिएको उहाँकै *पृथ्वीपति शाहका समयका निश्चित संवत् र तिथिमितिहरू* (सो अङ्कको ७४ पृष्ठ)मा पनि ऋक्षे भन्ने पाठ नै दिनुभएको छ। वि.सं. २०२५ मा ललितपुरवाट जगदम्वा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ५९८ पृष्ठमा; वि.सं. २०२९ मा काठमाडौँवाट त्रिभुवनविश्वविद्यालय नेपालअध्ययनसंस्थानद्वारा प्रकाशित तुलसीराम वैद्य र धनवज्र वज्राचार्यको *गोरखाको ऐतिहासिक सामग्री*को १८ पृष्ठमा; वि.सं. २०३७ मा काठमाडौँवाट त्रिभुवनविश्वविद्यालय नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठको *शाहकालका अभिलेख*को २१ पृष्ठमा पनि त्यही ऋक्षे भन्ने पाठ नै छापिएको छ। त्यस पाठमा वार नभएकोले *इतिहासप्रकाश*मा छापिएको त्यस स्तम्भलेखको उल्यामा वार नपर्नु स्वाभाविक छ। तर देवीप्रसादजीले यस लेखमा यस स्तम्भलेखको उल्या गर्दा यहाँको तिथिमिति **श्रीशकसंवत् १६०२ (वि.सं. १७३७) प्रमोदसंवत्सरमा उत्तरायण ग्रीष्म ऋतुमा, आषाढकृष्णपञ्चमीतिथि धनिष्ठानक्षत्र (सोमवार)मा, मिथुन राशिमा सूर्य भएका वेलामा** भनी दिनुभएको र यही तिथिमिति *पूर्णिमा* ३ अङ्कमा (७४ पृष्ठमा) त्यस स्तम्भलेखको उल्था दिंदा उहाँले छपाउनुभएको छ। *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* (५९९ पृष्ठ)मा पनि यही तिथिमिति छापिएको छ। देवीप्रसादजीको यस लेखमा, *पूर्णिमा*मा छापिएको माथि उल्लेख गरिएको उहाँको लेखमा र *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*मा सोमवार कोष्ठमा दिइएकोमा *शाहकालका अभिलेख* (२२ पृष्ठ)मा भने सोमवारलाई कोष्ठमा राखिएको छैन।

सो स्तम्भलेखको माथि दिइएको पाठवाट वार नखुले तापनि देवीप्रसादजीले गणना गरी यसरी वार ल्याउनुभएको छ –

यसमा दिइएका संवत्सर र तिथिवारादिको गणना गर्दा आएका पञ्चाङ्ग र संवत्सर यस प्रकारका छन् –

शाके १६०२ [वि.सं. १७३७] आषाढकृष्ण (पूर्णान्तमानले) ज्येष्ठकृष्ण (अमान्तमानले)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आषाढ	९	सोम	पञ्चमी	१८	३८	धनिष्ठा	१३	२३

यस वर्ष तेस्रो शुक्लसंवत् गयो। चारौँ प्रमोदसंवत् लाग्यो। त्यसको भुक्तवारादि ०।१३।४०।४८ भोग्यवारादि ११।१६।१९।१२ हुन्छ।

माथिको गणनामा तिथिको पलामा अलिकति संशोधन गरी *पूर्णिमा* ३ अङ्कको ७५ पृष्ठमा उहाँले यस्तो गणना दिनुभएको छ –

विक्रमसंवत् १७३७ शकसंवत् १६०२ आषाढकृष्ण अमान्तमानले ज्येष्ठकृष्ण

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला	
सोम	पञ्चमी	१८	३६	धनिष्ठा	१३	२३	} आषाढ ९ गते

यस वर्ष तेस्रो शुक्लसंवत् गयो। चारौँ प्रमोदसंवत् लाग्यो। त्यसको भुक्त मासादि ०।१३।४०।४८ भोग्य मासादि ११।१६।१९।१२ हुन्छ।

*श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ५९९-६०० पृष्ठमा *पूर्णिमा* ३ अङ्कमै छापिएको गणना दिइएको छ।

वि.सं. २०४५ मा *गोरखाको इतिहास* ३ भागका ७०२-७०३ पृष्ठमा सो स्तम्भलेख छपाउँदा ऋक्षेको ठाउँमा अर्क्के पाठ दिइएको छ। त्यो पाठ ठीक छ भन्ने कुरा वि.सं. २०४३ मा काठमाडौँवाट दिनेशराज पन्तद्वारा प्रकाशित उनैको *गोरखाको इतिहास* २ भागमा छापिएको त्यस स्तम्भलेखको चित्रवाट पनि स्पष्ट हुन्छ। ऋक्षेको ठाउँमा शुद्ध पाठ अर्क्के भएकोले आदित्यवारको दिन सालिक राखिएको थियो भन्ने देखिन्छ। यस कारण देवीप्रसादजीको यस लेखमा सोमवार लेखिए तापनि आदित्यवार भनी माथि सच्याइएको हो र गणना पनि *गोरखाको इतिहास*अनुसार नै माथि दिइएको हो। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४१ वर्षपछि पर्न आउने क्षयमास पृथ्वीपति शाहकै शासनकालमा वि.सं. १७३८ मा परेकोले ठूलो खलवल भयो। पृथ्वीपति शाहले आफ्ना देशका विद्वान्हरूलाई बोलाई त्यस विषयको निर्णय गराए। आश्विन महीनामा अधिकमास पर्‍यो। मार्ग महीनाको क्षय भयो अर्थात् मार्ग महीना हरायो। त्यस कारण भदौमा सोह्रश्राद्ध र कार्तिक महीनामा दशैं भयो। प्राचीनशास्त्रबमोजिमको निर्णयलाई गोरखालीहरूले जसै अपनाएथे, उही निर्णयलाई नेपाल-उपत्यकाका तीनै मल्ल राजाहरूले पनि मान्यता दिई कार्तिकमा दशैं गरेका थिए। त्यस कारण धार्मिक दृष्टिकोणबाट पनि नेपाल-उपत्यकामा पृथ्वीपति शाहको ठूलो प्रभाव परेको थियो।[८]

पृथ्वीपति शाह सकेसम्म सबै राजाहरूसँग मित्रता गरी आफ्नो काम पटाई फाइदा लिन निकै प्रयत्न गर्दथे। वि.सं. १७३९ को हिउँदमा मकवानपुरका सेन राजाहरूसँग नवाफको झगडा भई लडाइँ परेको थियो। मकवानपुरे सेन राजाहरूले पनि गोरखाली पृथ्वीपति शाहसँग सहायता मागेका थिए। त्यस लडाइँमा मकवानी सेन राजाहरूलाई सहायता गर्न कान्तिपुर, ललितपुर, भक्तपुर यी तीनै शहरका मल्ल राजाहरूका फौज गए। गोरखाबाट पनि पृथ्वीपति शाहले अतिबल शाह, हरिचरण पाँडे आदि शूराशूरा भारादारहरूका मातहतमा जम्मा

---

८. श्रीपृथ्वीपतिसाहदेवनृपतौ शैलावनिं शासति
१६०३
शाके त्र्यभ्रनृपैर्मितेऽधिक इषो मार्गक्षयवीभवत्.।
स्वीयापत्त्यगतेऽथ सप्ततुरगे पित्र्यं कृतं कर्म तत्.
स्वीयं नीचमुपाश्रिते दिननणौ दुर्गोत्सवोऽभूत्तदा.।

(*परिमाणकल्प**को मुखपृष्ठमा लेखिएको श्लोक)

[राजा पृथ्वीपति शाहको पालामा शाके १६०३ (वि.सं. १७३८)मा आश्विन महीनामा अधिकमास पर्‍यो, मार्गको क्षय भयो, सिंह राशिमा सूर्य बसेको वेलामा (भदौ महीनामा) पितृकर्म (सोह्रश्राद्ध) भयो, तुला राशिमा सूर्य बसेको वेलामा (कार्तिक महीनामा) दुर्गोत्सव (दसैं) भयो।]

(*विद्या-रक्षा* १५ सङ्ख्या**को ४३ पृष्ठबाट)

ꣳ सं ८०२ मार्ग्गशिरकृष्णः ॥ चतुर्द्दशी कुह्नु ↘ बालंचतुर्द्दशी याङा जुरो ↘ ॥ थ्वगुलि दंन ↘ आश्विनव ↘ चैत्रओ ↘ मरमास जुयाव ↘ आश्विन नष्टनास मयाङा ↘ ॥ ... कार्तिकन महनि याङा जुरो ॥ वाराणसिसं ↘ तिरुहुतिसं ↘ राजपुरस ↘ पर्व्वत सकलभेन ↘ आश्विनन महनि याक जु ॥ खप्वया ↘ यँया ↘ यँरया ↘ गोरखाया ↘ थ्वतेस जुको कार्त्तिकन महनि याङा जुरो ॥

(चन्द्रमान जोशीसँग रहेको ठ्यासफूबाट)

[ने.सं. ८०२ (वि.सं. १७३८) मार्गकृष्ण चतुर्दशीमा बालाचतुर्दशी मनाइयो। यो वर्ष आश्विन र चैत्रमा अधिमास परेका हुनाले आश्विन नष्ट नगरी (नबिगारी = नबढाई) चैत्रलाई मात्र मलमास गरियो (महीना बढाइयो)। कार्तिकमा दसैं गरियो। काशी, तिरहुत, राजपुर, पर्वत आदि सबै ठाउँमा आश्विनमा दसैं भयो। भादगाउँ, काठमाडौं, पाटन, गोरखामा चाहिँ कार्तिकमा दसैं गरियो।]

(*विद्या-रक्षा* १५ सङ्ख्याका ४३-४४ पृष्ठबाट)

---

* लक्ष्मीपतिसङ्ग्रहको लेखोट पुस्तकसँग रुजू गरी यो पाठ दिइएको छ। *विद्या-रक्षा*मा दुइ ठाउँमा प्रतिसंस्कृत पाठ माथि र मूलको पाठ टिप्पणीमा राखेकोमा यहाँ मूलकै पाठ राखी प्रतिसंस्कृत पाठ हालिएको छैन। – सम्पादक

** वि.सं. २०२० मा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित नयराज पन्तको *विद्या-रक्षा* (१५ सङ्ख्या)। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२२० जवान फौज सहायताका लागि मकवानपुर पठाए। उनीहरूले मकवानीहरूको शत्रु नवाफलाई रातका बीचमा गई आक्रमण गरे। नवाफका फौज सारा ध्वस्त पारी काटी काटी घर्काई आए। मकवानी राजाले पृथ्वीपति शाहलाई सरसौगात चढाई पठाएका थिए।[९]

पृथ्वीपति शाह वि.सं. १७४२ मा पनि नेपाल-उपत्यकाभित्र आएका थिए। त्यस वेला कान्तिपुरमा नृपेन्द्र मल्लका भाइ पार्थिवेन्द्र मल्ल राजा भएका थिए। भक्तपुरमा चाहिँ जितामित्र मल्लको शासन चलिरहेको थियो।

---

९. *गोरखावंशावलिका* ८०-८२ पृष्ठ हेर्नुहोस्।

꣸ सम्वत् ८०३ कार्तिककृष्णः ॥ दशमी ॽ हस्तनक्षेत्र ॽ अंगारवार ॽ थ्व कुह्नुया वेला घटि ६ बेङाव घटि १० थ्वतेनह्ङा ॽ विष्टिसं ॽ खिव त्तान दिन बियाव ॽ मुकानपुलि हयार ङ्हयाङा ॽ यँया ॽ यँरया ॽ खप्वया ॽ गोरखारि ॽ लन्त्रजुङ्या ॽ थ्वतेया राजा मुंङाव ॽ हयार वंङ जुरो ॥

꣸ सम्वत् ८०३ फाल्गुणशुक्ल ॥ चतुर्थी प्र पंचमी ॽ अश्विनी प्र भरणीनक्षेत्र ॽ अंगारवार कुह्नुया रात्रींस मुकानपुलि चार दिन ॥

(चन्द्रमान जोशीसँग रहेको ठ्यासफूवाट)

[ने.सं. ८०३ (वि.सं. १७३९) कार्तिक कृष्ण दशमी हस्तनक्षत्र मङ्गलवारका दिन ६ घडीदेखि १० घडीअगाडि भद्रामा अँध्यारो सिद्धिएपछि दिन (साइत) मकवानपुरमा लडाइँ गर्न गए। कान्तिपुर ललितपुर भक्तपुर गोरखा लमजुङका राजाहरू मिली लडाइँमा गए। ने.सं. ८०३ (वि.सं. १७३९) फाल्गुन शुक्ल चतुर्थीउपान्त पञ्चमी भरणीनक्षत्र मङ्गलवारका दिन राति मकवानपुरबाट (शत्रु हटाई) बाटो खुलाए।]

(*त्रिरत्न-सौन्दर्य-गाथा*को ६३ पृष्ठबाट)*

यसमा दिइएका मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने.सं. ८०३ [वि.सं. १७३९] कार्तिककृष्ण (पूर्णान्तमानले मार्गकृष्ण)

गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
मार्ग १४	मङ्गल	दशमी	१९।	१९	उत्तरफाल्गुनी	७।	१

ने.सं. ८०३ [वि.सं. १७३९] फाल्गुनशुक्ल

गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
फाल्गुन २४	मङ्गल	चतुर्थी	३८।	३७	अश्विनी	४७।	२०**

---

* *त्रिरत्न-सौन्दर्य-गाथा*मा छापिएको उल्यामा *गोरखाको इतिहास* ३ भाग, ऐतिहासिक सामग्री पहिलो खण्डको ४७ सङ्ख्यामा छापिएको उल्याको आधारमा आवश्यक संशोधन गरी माथि उल्या दिइएको छ। – सम्पादक

** मकवानपुरका राजा हरिहर सेनको राज्य उनका छोरा शुभ सेन र सुभ सेनका भतिजा विधाताइन्द्र सेनमा बाँडिई शुभ सेन मकवानपुरका र विधाताइन्द्र सेन मोरङका राजा हुँदा विधाताइन्द्र सेनको पक्ष लिई वि.सं. १७३९ मा काठमाडौँ, पाटन, भादगाउँ, गोर्खा र लमजुङका राजाहरू शुभ सेनसँग लड्न गएको कुरा र वि.सं. १७६३ मा मकवानपुर र मोरङमा मुगल सैन्यले आक्रमण गरेको कुरालाई देवीप्रसादजीले एउटै सम्झनुभएको देखिन्छ। यी दुइ भिन्नाभिन्नै घटनाको विषयमा *गोरखाको इतिहास* १ भागका १४७-१५०, १७२-१७४ पृष्ठमा खुलाएर लेखिएको छ। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पार्थिवेन्द्र मल्लले र जितामित्र मल्लले पृथ्वीपति शाहको ठूलो स्वागत गरी उनलाई मोहनचोकमा लगी उनीसँग भेटघाट गरे। त्यस वेला कान्तिपुर तथा भक्तपुरसँग ललितपुरको वैमनस्य थियो। त्यस कारण ललितपुर एक्लो पऱ्यो। पृथ्वीपति शाहसँग कान्तिपुर तथा भक्तपुरले सम्वन्ध जोरी मित्रता कायम गऱ्यो। यसरी मल्ल राजाहरूको परस्परमा वैमनस्य भएको मौका बुझी बीचबीचमा आई मल्ल राजाहरूको भित्री रहस्य पत्ता लगाई उनी फाइदा पनि गर्दथे भन्ने कुरा यस्तै पटके यात्राको घटनाले बुझाउँछ।[१०]

वि.सं. १७५८ मा भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई ललितपुरका राजा योगनरेन्द्र मल्लले गरिदिएको ताम्रपत्रमा पनि गोरखाको उल्लेख छ। मल्ल राजाहरूसँग पृथ्वीपति शाहको एकानिमित्र एकानिशत्रु गरी सम्वन्ध जोडेको पनि धेरै वर्ष भइसकेको थियो। ललितपुर, भक्तपुर, गोरखा, मकवानपुर, उपाध्या (?) यी पाँच राज्यका राजाहरू वसी भक्तपुरको सल्लाहवेगर ललितपुरले कान्तिपुरसँग सहायता मागेमा यी मित्रराष्ट्रले थाहा पाए भने ललितपुरले राखेको धरौट ४० हजार रुपियाँ अँठ्याई लिन पाउने चार राजाहरूमध्येका एक जना पृथ्वीपति शाह पनि थिए।[११] यसरी धेरैतिर पृथ्वीपति शाहको सम्वन्ध भएको र नेपालखाल्डाभित्र चाहिँ उनले

---

१०. **ᥫसं ८०६ पौषकृष्ण ⸜ सप्तमी ⸜ बुधवार थ्व कुन्हु श्रीश्रीपार्थिवेन्द्र मल्ल ⸜ खप्वया श्रीश्रीजयजितामित्र मल्ल निह्म फुकिजिं ⸜ गोरखाया राजा ⸜ पृर्थिपति साहि ⸜ गदे मोहोनस भेत जुव ⸜ जल याकात ॥**

(चन्द्रमान जोशीसँग रहेको ठ्यासफूबाट)

[नें.सं. ८०६ (वि.सं. १७४२) पौष कृष्ण सप्तमी बुधवारका दिन श्रीश्रीपार्थिवेन्द्र मल्ल भक्तपुरका श्रीश्रीजयजितामित्र मल्ल दुवै दाजुभाइले गोरखाका राजा पृथ्वीपति शाहसँग मोहनचोकमा भेट गरे। ललितपुर एकलै पऱ्यो।]

(*त्रिरत्न-सौन्दर्य-गाथा*को ६१ पृष्ठबाट)

यसमा दिइएको मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने.सं. ८०६ [वि.सं. १७४२] पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण)

	गते	तिथि	वार	घडी	पला
माघ	८	सप्तमी	वुध	४९।	४७

११. **... श्रीश्रीजयभूपतीन्द्रमल्लदेवस्त ... श्रीश्रीवीरजययोगनरेन्द्रमल्लदेवसन तावापत्र चोस्यं प्रसन्न जुयास भाषा थ्वते भाखा जल खपो ⸜ गोर्षा ⸜ मोकांपुर उपाध्या थ्व ङाह्म संगुतान एकान मित्र एकान शत्रु याङाव चोस्यं तया भाषा ⸜ जलन खपोव विना साहुतिन यंव बोलय यातसा मोहर टंका पिय दोल ४०००० खपो गोर्षा मोकांपुर उपाध्या थ्व पेह्मस्यन जलस छेकय याङाओ काय जुरो ⸜ ... सम्वत् ८२२ मार्गशिरकृष्ण ⸜ नवम्यान्तिथौ ॥**

(योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको सन्धिको कुरा कुंदिएको ताम्रपत्रबाट)*

[... श्रीश्रीजयभूपतीन्द्रमल्लदेवलाई श्रीश्रीवीरजययोगनरेन्द्रमल्लदेवले प्रसन्नतापूर्वक लेखिदिएको ताम्रपत्रको बेहोरा यस प्रकारको छ। ललितपुर भक्तपुर गोरखा मकवानपुर उपाध्या (?) यी ५ मित्र राज्यहरूले एकानि मित्र एकानि शत्रु गरी लेखिदिएको बेहोरा, ललितपुरले भक्तपुरको सल्लाह नलिईकन कान्तिपुरसँग गुहार माग्यो भने ४०००० चालीस हजार मोहर भक्तपुर गोरखा मकवानपुर उपाध्या यी चार देशका राजाले ललितपुरलाई अँठ्याई लिनू। ... ने.सं. ८२२ (वि.सं. १७५८) मार्ग कृष्ण नवमीमा]

(*त्रिरत्न-सौन्दर्य-गाथा*का ६१-६२ पृष्ठबाट)

---

* *गोरखाको इतिहास* ३ भाग, ऐतिहासिक सामग्री पहिलो खण्डको ५६ सङ्ख्यासँग रुजू गरी यो पाठ दिइएको छ। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राम्रैसँग हात हाल्ने उद्योग गरेको तथा केही फाइदा उठाएको देखिन्छ । यिनले राज्य बढाउन नसके तापनि अरू राज्यको बलबुद्धि आदि सबै रहस्य जति तौलिसकेका थिए । तर आफ्नो अवसर परेको थिएन ।

पृथ्वीपति शाहको धेरैतिर मैत्रीसम्बन्ध भएको, उनको प्रभावले मल्ल राजाहरूलाई असर पारेको, उनका भाइ-छोराहरूमा मेलमिलाप राम्रो भएको, भारादारहरूमा पनि शूरवीरहरू बढ्दै गएको देख्ता उता लमजुङे र बाइसीचौबीसी राजाहरूको साह्रै पेट पोल्न लाग्यो । पृथ्वीपति शाहका भाइछोराहरूलाई कसरी फाटो पारिदेऔँ र गृहकलह होला भनी लमजुङेहरू सभा गर्न लागे, तर कुनै उपाय अपनाउन सकेनन् र आखिरमा ढोरका खान विचारी नामका मानिसलाई झिकाई सल्लाह गर्न निश्चय गरे । खान विचारीको रायअनुसार लमजुङेले अड्को लगाई पत्रव्यवहार गरेका थिए । त्यस पत्रको जवाफ़ गोरखाबाट तुरुन्तै जाँदा खान विचारीको अमूल्य उपाय पनि विफल भयो । कत्रो न बठचाइँ गर्‍यौं भन्ने लमजुङेहरू हिस्स परे । खान विचारीको मनले पनि हरेस खायो । अरू राजाहरू पनि गोरखाको प्रतापदेखि हच्केर आफ्ना आफ्ना मुलुकतिर फर्के ।

यता पृथ्वीपति शाहले सबै कुरामा बुद्धि पुर्‍याई काम गर्न जान्ने, छोराहरूमध्ये असल शीलस्वभाव भएका छोरा रणदुर्लभ शाह हुनाले उनलाई विशेष कदर गर्न लागेका थिए । सो कुरा नायक (युवराज) वीरभद्र शाहका मानिसहरूलाई असह्य भएछ । वीरभद्र शाहका अनुचरहरूले अनेक किसिमका चुक्ली लगाई वीरभद्र शाह र रणदुर्लभ शाहको फाटो पार्ने प्रयत्न गरे । गृहकलहको आरम्भ भयो । छुल्याहाको कुरामा विश्वास गरी आफ्ना भाइ रणदुर्लभ शाहउपर ठूलो द्वेषपूर्ण दुर्वाच्य बोल्न वीरभद्र शाह लागे । रणदुर्लभ शाहलाई खप्न पनि ज्यादै कठिन पर्‍यो । आखिर केही नलागी उनले आत्महत्या गरी प्राण छोड्नै पर्‍यो । वीरभद्र शाहका अनुचर छुल्याहाहरूले गर्दा फष्टाउन आँटेको गोरखा राज्य जरैसम्म वैलाउन लाग्यो ।

वृद्धावस्थामा पृथ्वीपति शाहलाई पर्नसम्म पीर पर्‍यो । उनी आफ्नो उत्तराधिकारी वीरभद्र शाहदेखि सारै नै दिक्क भए । पुरुषार्थी छोराको अनाहकमा प्राण गयो । यसै वेलादेखि पृथ्वीपति शाह विरक्त भएका थिए । परस्परमा वैमनस्य बढ्न लाग्यो । वीरभद्र शाहकी माहिली रानी पनि गृहकलहको प्रभावले टिक्न नसकी आफ्नो माइती तनहुँमा गई बसेकी थिइन् । परन्तु उनी गर्भवती भएकी हुनाले वीरभद्र शाहलाई सन्तानको आशा पनि थियो, यसैले उनी ती रानीलाई निर्धक्कसँग छोड्न पनि सक्तैनथे । उनको आशयअनुसार उनको के सन्तान पैदा हुन्छ भन्ने कुरामा विराज थापा आदि भारादार र चन्द्ररूप शाहले समेत दिलचस्पी दिएका थिए ।

यत्तिकैमा वीरभद्र शाहलाई नेपाल-खाल्डो हेर्न आउने इच्छा पैदा भयो । वीरभद्र शाह कान्तिपुर आई श्रीपशुपतिनाथको दर्शन गरी भक्तपुरतिर लागे । भक्तपुरे राजा भूपतीन्द्र मल्लले पनि आफ्ना मित्रराष्ट्रका राजा पृथ्वीपति शाहका पुत्र युवराज वीरभद्र शाहलाई राम्रैसँग सत्कार गरी राखेका थिए । तर कान्तिपुर तथा ललितपुरका राजाहरूलाई भने त्यो ज्यादै अप्रिय भइरहेको थियो । त्यस कारण उनीहरूले भूपतीन्द्र मल्लसँग बडो धम्कीका साथ चिठीपत्र गरे । सो कुराले भूपतीन्द्र मल्लको मन विचलित हुन गयो । उनले कान्तिपुर, ललितपुरलाई पनि तोड्न सकेनन् । आखिरमा भूपतीन्द्रको मन अर्कै भयो । उनीहरूको सबै आशय बुझी उनीहरूकै इशारामा वीरभद्र शाहलाई चाँडै नै बिदा गरिदिने निश्चय गरी भूपतीन्द्र मल्लले सरसौगात तयार पारे । तर सौगात भने सोझो नियतले दिन आँटेका थिएनन् । षड्यन्त्रपूर्ण ग्रहण गर्नै नहुने थियो । सो कुराको सुराक पाई वीरभद्र शाह हडबडसाथ रातारात गरी त्रिशूलीपारि पुगे । त्यहाँ पुग्नासाथ उनी बिरामी पनि भए, त्यहाँबाट हतारहतार गरी गण्डकीसम्म पुगेका थिए । बेथा चर्को हुँदै आयो, गोरखा पुग्न नसक्ने ठहराई राजकुमारलाई त्यहीँ राखे, रोगले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रस्त पार्दै ल्यायो, आखिरमा गण्डकी नदीका किनारमा नै उनको मृत्यु भयो। वीरभद्र शाहसँग गएका भारदारहरूले गोरखामा खबर पठाए। उनको दाहसंस्कार सिद्धचाई उनीहरू गोरखा पुगे।

पृथ्वीपति शाहलाई बुढेसकालमा पुत्रशोक पर्‍यो। आफ्नो उत्तराधिकारी हुन लायकका सबै छोरा सिद्धिएका हुनाले त्यस विषयमा ठूलो चिन्ता पर्न गयो।[१२] गृहकलहले गर्दा पृथ्वीपति शाहका सबै योजना विफल भए। आर्थिक सङ्कट पनि पर्दै आयो। उसै त गोरखालीहरूलाई पहिलेदेखि नै आर्थिक सङ्कट परिरहन्थ्यो। यिनका पालामा झन् धेरै पटक लमजुङेहरूले आक्रमण गरिरहेका हुनाले दुनियाँहरूसँग आर्थिक सहायता लिई काम चलाई त्यसको उनीहरूलाई यिनी तमसुकसमेत गरिदिन्थे। बाबुबाजेका पालामा लिएका रुपियाँको पनि हरहिसाब गरी तमसुक फेरिदिने गर्दथे।[१३] यसरी वडो वुद्धि पुर्‍याई सबैसँग काम लिन सकेका हुनाले नै पृथ्वीपति शाहले आफ्नो स्वातन्त्र्यरक्षा गर्न सकेका हुन्।

उता तनहुँमा पनि वीरभद्र शाहकी माहिली महारानीवाट पुत्र पैदा भएको थियो। सो कुरा चन्द्ररूप शाह र विराज थापालाई मात्र थाहा थियो। उनीहरूकै रेखदेखमा गोप्य तवरसँग वच्चाको सहचारसुसार भई संरक्षण भइरहेको थियो। केही वर्षपछि उत्तराधिकारी कसलाई गराउने भन्ने विषयको सभा हुँदा धेरै जनाको धेरै थरी राय व्यक्त भयो, तर कुनै कुराको टुङ्गो लाग्न सकेन। आखिरमा नायक (युवराज) वीरभद्र शाहका पुत्र नरभूपाल शाहलाई चन्द्ररूप शाहले पृथ्वीपति शाहका समक्ष खडा गराइदिए। पृथ्वीपति शाहले पनि उनको सबै लक्षण विचार गरी जाँचबूझ गर्दा वीरभद्रकै छोरो हो भन्ने ठहराए। यस कुरामा चन्द्ररूप शाहलाई पृथ्वीपति शाहले कदर गरे, आफ्ना नाति नरभूपाल शाहलाई उत्तराधिकारी गराई काखमा राखे। अरू केही वर्ष राजकाज गरेपछि मात्र पृथ्वीपति शाहले पृथ्वीतल छोडे।[१४]

---

१२. *गोर्खावंशावलिका* ९१-९२ पृष्ठ हेर्नुहोस्।

१३. **स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायनेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतमहाराजधिराजश्रीश्रीमत्पृथ्विपत्ति-साहदेवानां सदा समरविजइनां ——————**

आगे व्यास उपाध्याक लिहल रुपैया ३२०८ अक्षरेपि तिन सय विस भाषा सवाइ कृष्ण शाहिका समयको पुरानु मोहोर थियो र फेरिदियाको हो . संवत् १७७२ भाद्रशुदि १० शुभं —————— *

१४. *गोर्खावंशावलिका* ९३-१०० पृष्ठ हेर्नुहोस्।
*भाषावंशावली***को चाहिँ तल दिइन्छ –

यिन राजाले (युवराज वीरभद्र शाहले) तनहूँ राजाकी छोरी विवाह गर्‍याका थिया। उनको गर्भ थोरै दिन मात्र भयाको थियो। सबैलाई थाहा भैरहयाको थिएन। उसै बखतमा आफ्ना सासूहरूसंग मिलाप भएन र रानी आफ्ना माइत तनहूँ गयाकी थिइन्। पुगिन् मात्र, यहां श्रीवीरभद्र शाह बेरामी पर्‍या। बेरामी भयामा चन्द्ररूप शाह भन्याका आफ्ना कान्छा भाइलाई डाकी बालककालैदेखि तेरो मेरो ठूलो प्रीति रहन गयो। सबै कुरामा चित्त खोल्न तँसँग मात्र मन लाग्छ। मेरो भन्या बेतरहको व्यथा लाग्न गयो। जिएला भन्या भैं लाग्दैन। मेरा रानीलाई गर्भ रहयाको छ। उ

---

* मूल पत्र लक्ष्मीपतिसङ्ग्रहमा छ। यो पत्र वि.सं. २०२१ मा काठमाडौँवाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भागका ५०-५२ पृष्ठमा व्याख्यासहित छापिएको छ। त्यसपछि *पूर्णिमा* ३ अङ्कको ७८ पृष्ठमा छापिएको छ। अनि *गोरखाको इतिहास* ३ भाग, ऐतिहासिक सामग्री पहिलो खण्डको ६३ सङ्ख्याको रूपमा छापिएको छ। – सम्पादक

** *श्री ५ पृथ्वीनारायण शाहको उपदेशका* ६०१, ६०३-६०७ पृष्ठ। – सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीपति शाहले धेरै वर्षसम्म राज्य गरे तापनि उनको मुख्य उद्देश्य पूरा हुन सकेन, अधूरो नैं रहचो। हुनत उनी साहसी तथा उद्योगशील पुरुष थिए तापनि उनलाई पश्चिमतिरका राजाहरूले हरहमेशा दुःख दिइरहेका हुनाले पूर्वतिर बढ्न ज्यादै मुश्किल परेको थियो। उनी जुन उद्देश्य लिई नेपाल-उपत्यकामा आएका थिए त्यो उद्देश्य उनका पनाति पृथ्वीनारायण शाहले मात्र पूरा गरिदिए। त्यस कारण पृथ्वीनारायण शाहलाई बाटो देखाइदिने पृथ्वीपति हुन्।

भन्या माइत गयाकी छ। दैवसंयोगले मलाई केही भैगयो भन्या ताहाँ क्या पैदा हुन्छ बुझी तैंले संभार राखिदिनू भनी राजा वीरभद्र शाहले भन्दा भाइ हजुरको हुँ मेरो ज्यान बुद्धि बर्कत दौलथ ज्याले गरिकन होला म भरमगदूरसंग गरुंला। यसमा अर्को तरह हुन पावैन, सुर्ता नगर्नुहोस् भनी चन्द्ररूप शाहले बिन्ति गऱ्याका थिया। २,४ दिनपछि श्रीवीरभद्र शाह परलोक भया।

त्यसै बखतमा तनहूँमा गर्भवती रानी गयाकी थिइन्। उहाँ कसो भो भनी अभ्यन्तरमा चन्द्ररूप शाहले बुझ्न पठाउँदा श्रीनरभूपाल शाहको जन्म भयाको रहेछ। अब बढिया भएछ भनी त्यो कुरा चित्तैमा राखी बसिरहचाका थिया।

उसका ३।४ वर्षपछि गोर्खामा श्रीमहाराज पृथ्वीपति शाह भन्या वृद्ध हुनुभयो। जो गादीका मालिक भन्या उनलाई दैवले चुँडालेर लग्यो। छोरा उनको छैन। माहिला दलु(दल)शाहीलाई राखूँ भन्या नेत्र १ जखम भयाको हुनाले हीन अङ्ग भयाकालाई गादीमा राख्नु भएन। उनपछि उद्योत शाहलाई राखूँ भन्या जेठालाई पर सारी कान्छालाई गादीमा राख्नु, यो पनि साह्रै असजिलो पऱ्यो। यसमा कसो गर्न्या हो भन्या कुरामा सबको सल्लाह हुँदा कोही भन्या माहिलालाई राख्नु हुन्छ भन्या, कोही भन्या अङ्गहीन भयाकालाई हुँदैन भन्या हुनाले २ थर हुँदा साह्रै खलबल पर्न गयाको थियो। त्यसै बीचमा राजा पृथ्वीपति शाहका हजुरमा एकान्त पारी चन्द्ररूप शाहले यत्रो बडो खलबल क्यान हुन्छ। राजाका छोरा जन्मिन्या सबै गादीका मालिक हुन्छन् भन्या यतिका हामीहरू छँदैछौं सबैले राजा हुन पाइयो, त्यो कुरो कसो होला। वेद पुराण शास्त्रपूर्वक अघिअघिदेखि चलिआयाको र परसम्म ठहर्न्या काम गर्नुपर्छ भन्या यी सबै लुच्चा हुन्। साहेब हाम्रा साबुत हुनुहुन्छ भनी बिन्ति पार्दा श्रीपृथ्वीपति शाहले यो कसो हो भनी हुकुम हुँदा वीरभद्र शाहकी रानीलाई गर्भ भयादेखि श्रीनरभूपाल शाहको जन्म भयाको बेहोरा बात सबै विस्तार गऱ्या र केही हर्ष केही सन्देह मानी पृथ्वीपति शाहका मनमा दुबिधा पर्न गयाको थियो।

यस्तै बीचमा अब त नरभूपाल शाहलाई ल्याउनाको जतन गर्न्या हो भनी चन्द्ररूप शाहले आफ्ना मनमा ठहराई केही सूत्र हाल्दा तनहूँका राजाको क्या मनसुवा रहेछ भन्या गोर्खामा राजाको हुन्या यही हो, यो हाम्रा हात पऱ्यो भन्या अब यसलाई बेस तरहसंग राखी उम्कन* नदिया त २ राज्यको मालिक हामी सहजै भयौं भन्या ठहराई बडो तवरसंग राख्याका छन् भन्या यो खबर चन्द्ररूप शाहले थाहा पाया र अब भन्या बिग्र्यौं भनी त्यसमा मन्त्रणा गरी श्रीनरभूपाल शाहका धाईधरालाहरूलाई फुल्याई केही दी रातका बीचमा तनहूँदेखि गोर्खा ल्याई तीन वर्षसम्म स्याहारसित आफ्नै घरमा राखी चौथा वर्षको प्रारम्भ हुँदा श्रीनरभूपाल शाहको ७ वर्षको उमेर भयाको थियो।

एक दिन एउटा केटाको पीठमा बोकाई श्रीपृथ्वीपति शाहका हजूरमा पठाउँदा यो को हो भनी श्रीमहाराजाले हुकुम हुँदा साहेबज्यू हुनुहुन्छ भनी केटाले बिन्ति गऱ्यो। श्रीनरभूपाल शाहको बोलाई, हिंडाइ, खुवाइ स्वभाव क्या रहचाको रहेछ भनी सबै विचार गर्नुहुंदो रहेछ। एक दिन नाङ्गो भै मानीमा खेल्दा देख्नुभएछ। सम्पूर्ण अङ्ग देख्नुहुँदा (महाराज पृथ्वीपति शाहले) विचार गरी यो त वीरभद्र शाहको अवतार फेऱ्याको (राज्यको) मालिक यही हो भनी दरबारमा लगी गादीमा आफू बसी आफ्ना नातिलाई काखमा राखी बहुतै खुशी भै चन्द्ररूप शाहलाई डाकी मेरो डुब्याको सन्तान उकासी सात थरको गर्नुपर्ने, घरको गर्नुपर्ने गरीस्। त्यसैले गर्नु यहिसम्म हो, स्याबास भनी पीठमा धाप दी अबउप्रान्त मेरा सन्तानले तेरा दरसन्तानलाई टाढाको नठान्नू। आफ्नै सहोदर भाइबरोबर गरी राख्नू। तेरा सन्तानमा जागीर बिर्ताबितलप छाप गैह्र सर्वाङ्ग माफ गरिबक्स्यौं भन्या हुकूम भयो। चन्द्ररूप शाहले रुपियाँ राखी दर्शन गऱ्या। तहाँपछि राजा श्रीपृथ्वीपति शाह परलोक भया.

---

* *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*को ६०७ पृष्ठमा उसकन छापिएको छ। — सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐतिहासिक अन्वेषणमा एक दिन

वि.सं. २०२० को श्रावण महीना थियो। २५ गते शुक्रवारका दिन विहान हाम्रो संशोधन-मण्डलको कार्यक्रमअनुसार *अभिलेख-संग्रह* एघाह्रौं भागको सम्पादनार्थ यस पटक अन्वेषण गर्न कहाँ जाने भन्ने कुराको सल्लाह हुँदा यस पटकको अङ्कमा भक्तपुरका बाह्रओटा अभिलेख समावेश गर्ने निश्चय भएको हुनाले अघिबाटै ल्याइसकेका अभिलेखहरूको शुद्ध पाठ ठम्याई रुजू गर्न भक्तपुर नै जाने अठोट गऱ्यौं।

भोलिपल्ट शनैश्चरवारका दिन विहानभर जस्तै झरी परिरह्यो। तैपनि म आठ वजेतिर आफ्नो खानपीन गरी गुरुकहाँ गएँ। आज के गर्छौ भनी गुरुले सोध्नुभयो। आज भक्तपुर जाने कार्यक्रम छ, म पनि जाऊँ कि भनी गुरुसँग भनें। गुरुले पनि हुन्छ लौ जाऊ भन्नुभयो। त्यस दिन गुरुले शङ्करमानलाई बोलाउनुभएको रहेछ। त्यसैले शङ्करमान पनि जान्छन् कि भनी सोध्नुभयो। हिजो बिहानसम्म त कसैले पनि नजाने कुरा गर्नुभएको थिएन, त्यसपछि के कुरा भयो मलाई राम्रो थाहा भएन भनी मैले भनें। तिमीहरूको कार्यक्रमको मैले याद गरिनँ, भरे वेलुका आउनुपर्छ भनी शायद शङ्करमान जाओइनन् , उनलाई रोके जस्तो होला, वरु जान्छन् भने जाऊन् , भरे वेलुका आउनुपर्दैन भन्नुपऱ्यो, उनलाई यही कुरा सूचना गरेर आऊ भनी गुरुले भन्नुभयो।

त्यतावाट म ठहिटीतिर लागें। साथी शङ्करमानका घरमा पुगें र गुरुको खवर सवै सुनाएँ। तर उहाँले आज म घरै वस्छु, गणनाको कापी खोज्नु छ, तपाईंहरू मात्र जानुहोस् भन्नुभयो। म त्यतावाट फर्कें। हिंले बाटो छल्दै बाङ्गेमूढाको वाटो गरी मासंगल्ली पाठशालामा आइपुगें। गौतमवज्रलाई पनि रुघाखोकी लागेछ। म त्यति गएर आउँदैमा भक्तपुरतिर जाने वेला पनि भैगयो।

ठीक एघाह्र बजे हामी चारजना (रामजी, देवीप्रसाद, धनवज्र, महेशराज) टुँडिखेलको मुखमा पुग्यौं। तर वसमा चढ्ने समय भेड्किसकेको हुनाले अनुकूल परेन। जति सक्यो चाँडो जानुपर्ने भएको हुनाले लहरीमा वडो सकस खाई भक्तपुर सिद्धपोखरी पुग्यौं। हाम्रा सदस्य साथी भोलानाथ र नयनाथ पनि लुँभुदेखि आउनुभई केहीअघि भक्तपुरदरबारको मूलचोकमा जानुभएको रहेछ। त्यहाँका एक जना पालो बस्ने सिपाहीले उहाँहरूलाई १५ मिनेटभन्दा वढी समय यहाँ बस्न पाइन्न जानुहोस् भनी वस्न दिएनछन्। त्यसैले उहाँहरू श्रीपद्महाइस्कूल-अगाडि चौरमा आई बस्नुभएको रहेछ। हामी छ जना सदस्य जम्मा भई फेरि उही दरबारतिर लाग्यौं।

दरबारको मूलचोकमा पुगी यताउति हेऱ्यौं, तर त्यस वेला त्यहाँ केही पनि देखेनौं। हामी सरासर गयौं र पहिले मूलचोकभन्दा भित्रपट्टि पुग्यौं। त्यहाँ वरिपरि ठूलठूला रूख, माझमा पोखरी, पोखरीको पश्चिमोत्तरपट्टि कुनामा बलि दिने गरेको कुमारीको (?) स्थान र त्यहींनेर एउटा शिलापत्र रहेछ। त्यो शिलालेख पढ्न निकै चेष्टा गऱ्यौं। तर ऐतिहासिक सार केही मात्र पढिहेऱ्यौं। सो शिलापत्र जगत्प्रकाश मल्लले राखेका रहेछन्। त्यस दिन त्यो शिलालेख पढ्न धेरै समय दिन सकेनौं। छापेर प्रतिलिपि लिन पनि शिलापत्र ज्यादै स्पष्ट नभएकोले अक्षरका रेखा नै नछुट्टिने भयो, त्यस कारण त्यसलाई छोडी बाहिर मूलचोकमा निस्क्यौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*अभिलेख-संग्रह*को सम्पादनका लागि शुद्ध पाठ ठम्याउने काम शुरू गऱ्यौं। ठम्याउनुपर्ने पाठ ठम्याई रुजू गर्नुपर्ने अभिलेखहरू रुजू गर्दै थियौं। त्यस वेला त्यहाँ केही छात्राहरूको लस्करका साथ ३।४ जना शिक्षक जस्ता मानिसहरू आए। उनीहरू पनि अभिलेख रुजू गरिरहेको ठाउँतिर आए। उनीहरू आफ्ना छात्राहरूलाई ऐतिहासिक परिचय दिन लागे। हामीहरू पनि आफ्ना काममा तल्लीन भई पाठ रुजू गरी नै रह्यौं। केही वेरपछि हामीहरूले उक्त अभिलेखको सबै पाठ ठम्याई रुजू गरी सकेपछि हामी अर्को सदाशिवचोकतिर लाग्यौं। उनीहरूचाहिँ त्यहीँ यत्रतत्र डुल्दै थिए।

सदाशिवचोकभित्र पस्नेबित्तिकै एउटा ठूलो गमलामा भ्याम्म परेको चमेली फूलको बोट देखिन्छ। चमेली फूललाई नेवारी भाषामा **जीस्वान** भन्दछन्। त्यही चमेलीफूलको बोट भएको हुनाले हो कि त्यस चोकलाई **जीस्वाँचोक** भन्दा रहेछन्। त्यो चोक सानासाना दुइ खण्डमा बाँडिएको थियो। हामी त्यो जीस्वाँचोकवाट अर्को खण्डमा गयौं। त्यहाँ बडेमाको टुटे धारो रहेछ। सो धारामा टुटीनेर वरिपरि अक्षर कुँदिएको रहेछ भन्ने कुरा त्यहाँ रहेका २१४ अक्षरले नै बताउँथे। एकाध वर्षअघि जीर्णोद्धार हुँदा अक्षरसमेत छोपिने गरी धाराको टुटीमा सिमेन्ट लगाइदिएको रहेछ। अक्षरहरू छोपिएकाले उक्त अभिलेख सबै पढ्न नसकिने अवस्थामा थियो। उक्त अभिलेख जीर्णोद्धार हुनुभन्दा अघिबाटै भोलानाथले पढेर परिचय पाइसक्नुभएकोले हामीलाई (परिचय नपाएकालाई) परिचय दिनुभयो। त्यो धारो जितामित्र मल्लले बनाएका रहेछन् र अभिलेख पनि धारैका टुटीमा कुँदाएछन्। त्यस्तो ऐतिहासिक सामानको कुनै महत्त्व नबुझी जीर्णोद्धार गर्नेले अभिलेख नै छोपिदिनु ऐतिहासिक सामान तथा इतिहास नै नष्ट पार्नु हो। यस्तो काम धेरै ठाउँमा भएको देखिन्छ।

उही चोकको दलानपट्टि फर्केर हेर्दा दलान्नको दलिनमा मूर्तिमय मुठल ठोकिएको र सो मुठलमा मानिसको मूर्ति कुँदेर लस्करै राखिएको देखियो। मूर्तिको माथिमाथि अग्राखमा अक्षर कुँदिएका हुन् तापनि ती अक्षरहरू स्पष्ट थिएनन्। केही बेरसम्म अलि परिश्रमसाथ पढ्यौं। जितामित्र मल्लले आफ्ना पुर्खाको नामोल्लेख गरी मूर्ति कुँदाएका रहेछन्। त्यहाँ उल्लेख गरिएका नाम सबै वंशावलीअनुसार थिए। परन्तु ज्यादै खिइसकेका हुनाले कुनै कुनै वुझ्नै नसकिने थिए। ज्यादै कष्टसाथ पढी उक्त काष्ठाभिलेख सार्दै थियौं। एकजना सज्जन (मूलचोकको ढोकामा पालो बस्ने सिपाही)ले त्यहाँ आई हामी सबैलाई उतापट्टि पनि माष्टर र छात्राहरूका लागि पूजाहारीले भैरवचोक र कुमारीचोकको ढोका खोल्ने रे, तपाईंहरू पनि हेर्न जाने भए जानुहोस्, अघिपछि तपाईंहरूलाई यस्तो मौका मिल्नेछैन भनी भन्न आए। उनैका सौजन्यले त्यस दिन हामीमध्ये धेरैले कहिल्यै नदेखेको भैरवचोक र नवदुर्गा आदिको दर्शन पायौं।

भैरवचोक मूलचोकको पूर्वपट्टि तल्लो भागतिर पर्दो रहेछ। चोकभित्र उनै छात्राहरूलाई पूजाहारी बाजे व्याख्या छाँट्तै हुनुहुन्थ्यो। उक्त चोकको दक्षिण-पश्चिम कुनामा एउटा सानो इनार, त्यहीँनेर टुटे धारो, धाराको शिलामा २ पङ्क्ति अभिलेख कुँदिएको रहेछ। उक्त अभिलेख हामीहरू सार्न लाग्यौं। वि.सं. १७६८ मा भूपतीन्द्र मल्लले टुटे धारो बनाएको उल्लेख गरेको रहेछ। त्यस अभिलेखमा मिति ***सं ८३१ नष्टभाद्र व २*** लेखेको रहेछ। सो अभिलेख सारी सक्ता नसक्तैमा पूजाहारी बाजेले त्यहाँ आई रवाफ गर्दै फूर्तिसाथ यो ***नष्टभाद्र*** भनेको के हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थाहा छ भनी प्रश्न गरे । त्यस वेला महेशराजले जवाफ दिनुहोस् भन्नुभयो । रामजी दाइ र मैले *नष्टभाद्र* भनेको अधिकभाद्र भनेको हो भन्ने जवाफ दियौं । उनले छात्राहरूका अगाडि रवाफ गर्दै त्यसो भनेको हैन, *नष्टभाद्र* भनेको क्षयमास भनेको होला भनेर जिद्दी गरे । परन्तु उनले बुझेर बोलेका थिएनन् । उक्त क्षयमासका विषयमा छलफल भई टुङ्गो लाएको धेरै भएको थिएन । वि.सं. १७३८, १८७९, २०२० मा मात्र क्षयमास पर्न आएको थियो भन्ने कुरा मलाई राम्रै थाहा थियो । वि.सं. १७६८ मा क्षयमास पर्ने त सम्भवै थिएन । त्यस कारण मलाई हाँसो उठ्यो । उनी अन्दाजैले जे मनमा आयो त्यो बोल्ने खालका रहेछन् भनी मैले ठहराएँ । साथी भोलानाथले ज्ञवालीविषयका *इतिहास-संशोधन* र *सावधान-पत्र*हरूको चर्चा गरी केही प्रति वितरण पनि गर्नुभयो । प्रत्येकले एकएकओटा लिई हेर्न लागे । केही बेरपछि त्यहाँबाट ती पूजाहारी बाजेले छात्राहरूलाई कुमारीचोक देखाउनका लागि मूलचोकको पश्चिम लङको अर्को ढोका खोल्न लगाउनुभयो । हामीहरू पनि उनीहरूको साथसाथै कुमारीचोकभित्र पस्यौं ।

भित्र चोकमा केही पश्चिमोत्तरपट्टि कुमारीको विश्रामस्थल भएको, कोटखा लौंहले बनेको, एउटा ठूलो ढुङ्गे खाट रहेछ । त्यसलाई रथको जस्तै आकार पारी तामाको छाना गजूर आदि जडिएका, छानाको वरिपरि मुठलमा तीनैपट्टि उठेका सुनौला अक्षर कुंदिएका रहेछन् । उक्त खाट जितामित्र मल्लले वि.सं. १७४८ मा बनाई अभिलेख राखिएको रहेछ । त्यस चोकभित्र चारैतिर छानोको मुनिबाट प्रत्येक टुँडालमा देवताका मूर्ति कुंदिएका र मूर्तिका पादपीठमा उनै देवताका ध्यानहरू कुंदिराखेका देखिन्थे ।

त्यसै चोकको उत्तरपट्टिका दलानमा चण्डी आदिका पत्थरका भव्य मूर्तिहरू देखिए । प्रत्येक मूर्तिका पादपीठमा उनै देवताहरूको ध्यान कुंदाएर राखिएका रहेछन् । ती प्रत्येक देवताको चित्रसहित ध्यानहरूको सम्पादन गर्ने हो भने एउटा ठूलो पुस्तकै तयार हुन्छ । यस्तो काम पुरातत्त्वविभागले गरे बेस हुन्थ्यो । तर यस्तो विचार उक्त विभागलाई बुझ्न र काम गर्न धेरै समय लाग्नेछ ।

दलानका भित्तामा लहरै दोहरो तेहरो गरी जडिएका मूर्तिहरूमध्ये विशेष ठूलो भएकोले माझको मूर्तिमा मेरो आँखा पऱ्यो । उक्त मूर्तिको पादपीठको ध्यानभन्दा तल जितामित्र मल्लले ती चण्डी आदि देवताका मूर्ति स्थापना गरी शिलाभिलेख कुंदाई वि.सं. १७३७ मा राखेका रहेछन् । सो अभिलेख साथी धनवज्रलाई देखाएँ । हामी दुवै जनाले भई झट्ट त्यो अभिलेख सारिहाल्यौं । यसै मितिमा राखिएको अर्को, कुमारीचोकको ढुकुटी कहिएको ठाउँको काष्ठाभिलेख साथी भोलानाथहरूले सार्न लाग्नुभयो । उहाँहरू सार्दै हुनुहुन्थ्यो, त्यहाँबाट छात्राहरू र शिक्षकहरू बाहिर निस्के । उनीहरू निस्कनासाथ सिपाहीहरूले हामीहरूलाई बाहिर जानोस् भन्न लागे, धेरै बेर त्यहाँ बस्न दिएनन् । हडबड गरी त्यहाँबाट बाहिर आयौं । जति सुविधा ती छात्राहरूले पाएका थिए, त्यति सुविधा हामीलाई मिलेन । नमिल्नाको कारण पूजाहारीले हाम्रो निमित्त एक छिन पनि पर्खिदिएनन् । त्यसपछि हामी ५५ झ्यालेदरबारका पूर्वपट्टि ढोकानेरको देवलमा गयौं ।

त्यस देवललाई आजकाल रातो रङले पोतेको रहेछ । त्यस देवलको उत्तरपट्टि भित्तामा अग्लो ठाउँमा एउटा शिलापत्र टाँसिएको रहेछ । सो शिलाभिलेख अग्लो ठाउँमा हुनाले तलबाट अक्षर स्पष्टसँग देखिँदैनथ्यो । त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लेख सार्नलाई पनि खुट्किलामा टेकी झुण्डिएर पढ्नुपर्ने हुँदा ज्यादै कष्ट गर्नुपऱ्यो। बडो कष्ट गरी त्यो शिलालेख सारिसक्यौँ। वि.सं. १७१९ मा जगत्प्रकाश मल्लले आफ्ना इष्टदेवी खुशी होऊन् भनी ज्यादै राम्रो मन्दिर बनाई एघारओटा सुनका गजुर सुनैका छाता द्वार आदिले सिँगारिएको राम्रो मन्दिरमा आफ्ना इष्टदेवीलाई राखेर बडो प्रेमपूर्वक गूठी चढाएर राखेको रहेछ। यो अभिलेख सार्दा विशेष कष्ट धनवज्रलाई पऱ्यो, लुगासमेत रङ्गैरङ्गले पोतियो। त्यस दिनको कार्यक्रम पनि त्यहीँ विसर्जन गऱ्यौँ र दक्षिणपट्टि धारामा गई हातको रङ पखाली सफा गऱ्यौँ। त्यस वेला ५ बजिसकेको थियो। केहीं बेर त्यहीँ थकाई मारी काँक्रो र दारिम खायौँ। भोलानाथ र नयनाथ त्यसैबाट लुँभुतिरको बाटो लाग्नुभयो। हामी चार जनाचाहिँ सिद्धपोखरीतिर आयौँ। त्यताबाट बसमा चढी टुँडिखेल उत्र्यौँ, अनि आफ्नो आफ्नो बाटो ततायौँ।

त्यस दिनको यात्राले मेरो मनमा धेरै कुराबाट असर पऱ्यो। अन्वेषणकार्यमा धेरै कुराको आवश्यकता पर्दछ। नयाँ पाइएका अभिलेखहरूको निर्णयका लागि पहिले संवत्को ज्ञान हुनुपर्छ, जसको ज्ञान नभई इतिहास तथा ऐतिहासिक सामानहरूमा प्रयोग गरिएका संवत्हरू सितिमिति जान्न सकिँदैन, किनभने संवत् मात्र भनिएका त्यसको नामोल्लेख नगरिएका अभिलेखको यो संवत् हो भनी पत्ता लाउन विनाअध्ययनले सकिँदैन। त्यस कारण संवत्का विषयमा केही फुरेको विचार पछि दिनेछु।* अहिलेलाई यत्तिकैमा फुर्सद लिने विचार गरेँ।

भास्कर मल्लले गरिदिएको ताम्रपत्र

यो ताम्रपत्र गोकर्णथलीतिरका मानिसले देवनागरी लिपिमा उतारी त्यसको उल्थासमेत गर्न मकहाँ ल्याएको हो भनी ने.भा.प्र. समितिका तहरीर राइटर मोती गुभाजूले सकलै ताम्रपत्र ल्याई केही वर्षअघि मलाई देखाउनुभएको थियो र सो ताम्रपत्र देवनागरी लिपिमा उतार्न लगाई लैजानुभएको थियो। त्यसै वेला सो ताम्रपत्रको प्रतिलिपि एक प्रति मैले पनि आफ्नो सङ्ग्रहमा राखेको थिएँ। सो ताम्रपत्रको उल्थासमेतको मूलपाठ तल दिइन्छ।

मूलपाठ

१. **१ स्वस्ति ॥ श्रीमत्पशुपतिचरनकमलधूलिधूसलित ༔ शीरोरुह ༔ श्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्र-**

२. **साददेदीप्यमानमानोन्नत ༔ श्रीरघुवंशावताल ༔ रविकुलतिलकहनूमध्वज नेपारेश्व(र) ༔ महाराजा-**

---

* हामीले १ सङ्ख्या बनाएर *पूर्णिमा*को यस अङ्कमा छापेको लेख लेखोट *पूर्णिमा*को ३ अङ्कबाट र यो लेखचाहिँ २ अङ्कबाट लिएको हो। देवीप्रसादजीले संवत्का विषयमा केही फुरेको विचार पछि दिनेछु भनी यस लेखमा लेख्नुभएको कुरा *पूर्णिमा*को यस अङ्कमा १ सङ्ख्या बनाएर छापिएको लेखमा परेको छ। — सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. धिराज ॰ राजराजेन्द्र ॰ सकरराजचक्राधिश्वरश्रीश्रीजयभास्करमल्लपरमभट्टारकदेवानां ॰ स-

४. दा समलवियियिनां प्रभु ठाकुलसन मन्धनस चोंङ ॰ विप्रश्रीरामेश्वरजौशिनाम्ने प्रसादिकृतं ॥ मा-

५. हांकारवुक्षेत्रनामसंज्ञकं ॥ तिरवकेन ॰ पश्चिमत ॰ श्रीश्रीराजकुलेन ॰ उत्तरत ॰ वाग्मतिन ॰ पूर्व्वत

६. श्रीश्रीराजाया पाखन ॰ दक्षिणत ॰ एतेषां मध्ये ॰ पंचपञ्चाशद्रोपनिकं क्षेत्राङ्कतोपि बु रो ५५ दिहि

७. कर्ष २ घल्यालि कर्ष २ दानाकिटालिखिलक ॰ भार्य्यां ॰ पश्चिमत ॰ स्यालमति ॰ उत्तरत श्रीडतया भाजु पतिं

८. सन पूर्व्वत ॰ वाग्मतिन ॰ दक्षिणत ॰ ततःक्षेत्रस्य यथादेशकालप्रवर्त्तमानसंचाराघेन सवण्णंम्-

९. ल्यमादाय स्वाधिनानवत्तुकन्यायन क्रयन विक्रीयतं भवति ॥ प्रस्ति मन्धनया मलअोति बु दु-

१०. कायाओया दशि विया ॰ खलक जोको ॰ श्रीलक्ष्मीनारायनओ बछिछवछि ॥ अत्र दृष्टसा-

११. क्षि श्रीनीरनारायन मल्लदेवस ॥ सम्वत् ८३५ कात्तिककृष्णसप्तमी ॥ शुभ ॥

उल्था

कल्याण होस्। श्रीपशुपतिनाथका पाउरूपी कमलको धूलाले कपाल फुस्रो भएका, श्रीमानेश्वरी इष्टदेवताबाट वरप्रसाद पाएका, उज्ज्वल, ठूलो इज्जत पाएका, रघुका वंशमा पैदा भएका, सूर्यवंशी राजाहरूको टीकाजस्ता भएका, ध्वजामा हनूमान् भएका, नेपालका मालिक, राजाहरूमा इन्द्र, सबै राजाहरूमध्ये श्रेष्ठ, सधैं लडाइं जित्ने श्रीश्रीजयभास्कर मल्ल महाराजले मण्डनमा[1] बस्ने ब्राह्मण श्रीरामेश्वर जोशीलाई निगाह गरी दिनुभयो। महाङ्गाल[2] भन्ने ठाउँको खेत कुलोदेखि पश्चिम श्रीश्रीराजदरबारदेखि उत्तर वाग्मतीदेखि पूर्व श्रीश्रीराजपाखो[3]देखि दक्षिण यति चारकिल्लाभित्रको खेत रोपनी ५५ अक्षरेऽपि पचपन्न, डिही (पखेरो जग्गा) २ कर्ष (२ मुरी माटो=आधा रोपनी), घडेरी (घर बनेको र घरले चर्चेको जग्गा) २ कर्ष र डाँडाकटेरी खर्क भार्या[4]देखि पश्चिम, स्यालमतीदेखि उत्तर, श्रीनरदेवीका भाजुहरूको खर्क (ढुस्केपोखरी खोरिया)देखि पूर्व, वाग्वतीदेखि दक्षिण यति चार किल्लाभित्रको जग्गा आफ्नो देशकालअनुसार चलेको मूल्य लिएर किनबेच गर्न पाउने गरी सुक्रीबिक्री गरियो। विशेष कुरा मण्डनको मलवती नाउँको खेत भित्र्याई (राजाले लिई) सट्टा दिइयो। खर्क जति श्रीलक्ष्मीनारायण र राजाको आधाआधा। यस पत्रका दृष्टसाक्षी श्रीनीलनारायण मल्लदेव। संवत् ८३५ [वि.सं. १७७१] कार्तिककृष्णसप्तमी। कल्याण होस्।

---

१. पूर्व १ नम्वर सिन्धुपालचोक इलाकामा *मण्डन* भन्ने यो ठाउँ छ।

२. काठमाडौंदेखि उत्तरपूर्व सुन्दरीजल बिजुलीघरनेर वाग्मतीपारिपट्टि *महाङ्गाल* भन्ने यो ठाउँ छ।

३. कागेश्वर महादेवको स्थानदेखि पश्चिमपट्टि *राजपाखो* भन्ने यो ठाउँ छ।

४. सुन्दरीमाईको स्थानदेखि दक्षिण वाग्वतीको किनारको पहरोमा *भार्या* भन्ने यो ठाउँ छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्कर मल्ल

यी भास्कर मल्ल काठमाडौंका, सिम्रौनगढे मल्लका वंशमा पैदा भएका अन्तिम राजा हुन् । यिनको जन्म वि.सं. १७५३ कार्तिककृष्णप्रतिपदाउप्रान्त द्वितीया रोहिणीनक्षत्र शनैश्चरवारका दिनमा भएको हो ।[५] यिनको बाल्यावस्थामा नै यिनका बाबु भूपालेन्द्र मल्लको वि.सं. १७५७ मा तीर्थ गर्न जाँदा ब्रह्मनाभ भन्ने ठाउँमा मृत्यु भएको थियो ।[६] त्यसपछि ४ वर्षका बालक छोरा भास्कर मल्ललाई काखमा राखी उनकी आमा भुवनलक्ष्मीले राजकाज चलाउन लागिन् । यसरी केही वर्षसम्म भुवनलक्ष्मीले राजकाज चलाएपछि भास्कर मल्ल पनि समर्थ हुँदै गए तथा स्वयं राजकाज चलाउन लागे ।

उनलाई शिकार खेल्ने काममा ज्यादा रुचि थियो । उनी विशेष विलासप्रेमी थिए, केही दानधर्म पनि गर्दथे । यिनका पालामा लडाईंभिडाईं उत्तिको गर्नुपर्दैनथ्यो । तराईका जङ्गलबाट हात्तीखेदा (हात्ती पक्रने काम)का लागि सिंधुलीको बाटो गरी उनी जान्थे । उहाँबाट सोझै (अरू राजाहरूसँग सम्बन्ध नराखी) हात्ती ल्याउन सकेका हुनाले भास्कर मल्लले आफ्नो महीन्द्र सिंह (पृथ्वीका इन्द्र) भनी नाम राखेका थिए । त्यस कारण यी भास्कर मल्लको अर्को नाम महीन्द्रसिंह भन्ने पनि प्रसिद्ध हुन लाग्यो ।

यिनका पालामा विदेशी (हिन्दुस्थानी) मुसलमानहरूले रिझाउँदा उनीहरू प्रिय बन्दै गए, दरबारमा पनि घुस्न

---

५. सं ८१७ कार्त्तिकरच्छिं श्री २ भूपारेन्द्र मल्ल जुजु वुकोया ह्ङवने स्नानयात विज्याक ... कार्तिककृष्ण ৲ प्रतिपदाप्र द्वितिया कुह्नु रोहिणीनक्षत्र ৲ शनैश्चरवार ৲ थ्व कुह्नु ৲ थाकुर जात जुर धकाओ ৲ सर किशि दको रुरकाया ৲ वस आदिन नान: वस्तु रुरकाओ ৲ देशश महाहर्खमान ৲ वाद्य थाक नाना

(चन्द्रमान जोशीसँग रहेको ठ्यासफूबाट)

[ने.सं. ८१७ (वि.सं. १७५३) कार्तिक महीनाभर श्री २ भूपालेन्द्र मल्ल राजा ...स्नान गर्न जानुभयो । ... कार्तिककृष्णप्रतिपदाउप्रान्त द्वितीया रोहिणीनक्षत्र शनैश्चरवारका दिन ठाकुर (राजपुत्र = भास्कर मल्ल)को जन्म भयो भनी हात्ती घोडा बकस दिइयो, लुगा आदि अनेक वस्तु बकस दिइयो । देशभर नाना किसिमका बाजा बजाई ठूलो हर्ष मनाइयो ।]

यसमा दिइएको मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ –

ने.सं. ८१७ [वि.सं. १७५३ कार्तिककृष्ण]

वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
शनि	प्रतिपद्रा	५	३९*	रोहिणी	५८	२६

६. *इतिहास-संशोधनको प्रमाण-प्रमेय*** मूल भागको २२५-२३० पृष्ठ हेर्नुहोस् ।

---

* शनिवारको दिन प्रतिपदा ५ घडी ३९ पलाउप्रान्त द्वितीया लागेको देखिन्छ ।

– सम्पादक

** वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण- प्रमेय*।

– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागे । भास्कर मल्लले आफ्ना मुख्य काजी झङ्गल ठकुरीलाई खोसी उनीहरूलाई दरवारिया गराए । त्यस वेला दरवारमा नेवार तथा खसहरूको प्राधान्य थियो । विदेशीहरूलाई दरवारमा घुसाई आफ्ना मुख्य काजीलाई खोसेकोमा उनीहरूलाई मन परेको थिएन । विदेशीहरूसँग मुकाविला गर्ने उद्योगमा उनीहरू लागे । प्रजाहरू पनि सबैले एक मतो गरी विदेशीहरूमाथि आक्रमण गरे । विदेशीको पक्ष लिने भास्कर मल्ल एक्लिए । भारादारहरूले विदेशी मुसलमानहरूलाई मार खुवाई निकालिदिए । यसै वेला भक्तपुरेहरूले देवकोट (दुवाकोट)मा चढाइ गरे । भास्कर मल्लका पक्षमा कोही नहुँदा उनले भक्तपुरेहरूको आक्रमण रोक्न सकेनन् । त्यस अवस्थामा झङ्गल ठकुरी आदि पुराना भारादारहरूले आफ्नो मुलुकमा आइलाग्ने भक्तपुरेहरूलाई सहजैसँग हटाइदिए । यसैको प्रभावले झङ्गल ठकुरीलाई नै भास्कर मल्लले मुख्यकाजी वनाई राजकाजको प्रवन्धमा लगाए ।[७]

यिनै भास्कर मल्लको राज्यकाल वि.सं. १७७३ देखि कान्तिपुरमा ठूलो महामारी फैलिन थाल्यो । धेरै मानिस तथा वस्तुभाउहरू मर्न थाले । त्यो महामारी केही गरे पनि शान्त भएन । यत्तिकैमा उता ललितपुरतिर पनि राजगद्दी खाली भएको हुनाले कुनै उपाय नपाई वि.सं. १७७४ मा ललितपुरे प्रजाहरूले यिनै भास्कर मल्ल (महीन्द्रसिंह)लाई ललितपुरमा लगी राजा थापे ।[८] कान्तिपुर तथा ललितपुर दुवै शहरका राजा भई उनले पाँच वर्षसम्म शासन चलाए । यिनका सन्तान कोही थिएनन् । त्यसै हुनाले यिनी काठमाडौँका, सिम्रौनगढे मल्लवंशका अन्तिम राजा हुन गएका हुन् ।

वि.सं. १७७३ देखि उठेको महामारी ५।६ वर्षसम्म रही नै रह्यो । आखिरमा वि.सं. १७७९ मा भास्कर मल्लको पनि त्यही महामारीमा परी मृत्यु भयो । त्यसपछि सो महामारी शान्त भयो । दुवै शहरका राजा भास्कर मल्लको मृत्यु भएपछि उनका उत्तराधिकारी हुन पुगेका जगज्जय मल्ललाई ललितपुरे मन्त्रिपरिषद्ले राजा स्वीकार गरेन । जगज्जय मल्ल केवल कान्तिपुरका मात्र राजा भए ।

नीलनारायण मल्लदेव

यस ताम्रपत्रमा दृष्टसाक्षी श्रीनीलनारायण मल्लदेव छन् । यी नीलनारायण मल्ल को हुन् ?

यस किसिमका अभिलेखहरूमा साक्षी बस्ने प्रायः राजाका उत्तराधिकारी हुन्छन् । यसको उदाहरण लिच्छविकालमा पनि पाइन्छ । राजा ध्रुवदेव र जिष्णुगुप्तको संयुक्त शासनकालमा राखिएको पाटन छिन्नमस्ताको शिलापत्रमा जिष्णुगुप्तका उत्तराधिकारी युवराज विष्णुगुप्तलाई दूतक (साक्षी) राखेको देखिन्छ । राजा भीमार्जुनदेव र विष्णुगुप्तको संयुक्त शासनकालमा राखिएको काठमाडौँ यङ्गालहिटीको शिलापत्रमा पनि *दूतकश्चात्र श्रीयुवराज-श्रीधरगुप्तः* लेखिएको देखिन्छ । यस्तै राजा नरेन्द्रदेवको शासनकालमा राखिएको पशुपति वज्रघरको शिलापत्रमा पनि *दूतकश्चात्र भट्टारकश्रीशिवदेवः* भनी आफ्ना उत्तराधिकारी शिवदेवलाई राखेको देखिन्छ । राजा शिवदेवले पनि आफ्ना शासनकालमा राखेको इन्द्रमती (मुलखु)को शिलापत्रमा *दूतकश्चात्र श्रीजयदेवः* भनी आफ्ना उत्तराधिकारी

---

७. *इतिहास-संशोधनको प्रमाण-प्रमेय* मूल भागको १८४ पृष्ठमा छापिएको *भाषावंशावली*को पाठ हेर्नुहोस् ।

८. *इतिहास-संशोधनको प्रमाण-प्रमेय* मूल भागका १८४-१८५ पृष्ठमा छापिएको, भास्कर मल्लले गरिदिएको कागत हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जयदेवलाई राखेको देखिन्छ । यसरी राजाका उत्तराधिकारीलाई साक्षी राख्ने प्रथा लिच्छविकालका राजाहरूको समयदेखि नै चलेर आएको देखिन्छ ।

यसभन्दा बाहेक मल्लकालकै अभिलेखहरूमा पनि प्रायः राजाका उत्तराधिकारी मात्र साक्षी बसेका र उत्तराधिकारीमाथि अरूसमेत साक्षी बसेका उदाहरणहरू पाइन्छन् । जस्तै- ललितपुरका राजा श्रीनिवास मल्लको शासनकालमा राखिएको रातो मच्छिन्द्रनाथको देवलभित्र रहेको शिलापत्रमा ***जुवराज श्रीश्रीजोगनरसिंह साक्षि तयाव*** लेखिएको छ । यी युवराज योगनरेन्द्र मल्ल श्रीनिवास मल्लका उत्तराधिकारी हुन् । भक्तपुरका राजा भूपतीन्द्र मल्लको शासनकालमा उनले काभ्रेपलाञ्चोक इलाका विहावरका वीरभद्र गोदार थापालाई गरिदिएको ताम्रपत्रमा ***अत्र पत्रार्थे दृष्टसाक्षी माता श्रीश्रीलालमतीदेवी श्रीश्रीरणजित मल्लदेव*** भनी लेखिएको छ । यी रणजित् मल्ल भूपतीन्द्र मल्लका उत्तराधिकारी हुन् । यस्ता उदाहरणहरू अरू पनि प्रशस्त पाइन्छन् । ती सबैको यहाँ उल्लेख गर्न सम्भव छैन ।

माथि उल्लेख गरिएको परम्परागत नियमानुसार भास्कर मल्लले पनि आफ्ना सन्तान कोही नभएका हुनाले आफ्नो उत्तराधिकारी हुन लायक ठानी सर्वप्रथम* यिनै नीलनारायण मल्ललाई छानेका थिए भन्ने कुरा यतावाट सिद्ध हुन आउँछ ।** परन्तु यी नीलनारायण मल्ल केही वर्षपछि भास्कर मल्लकै पालामा उत्तराधिकारी

---

* भास्कर मल्लको ने.सं. ८२२ [वि.सं. १७५९] वैशाखशुक्लएकादशीको ताम्रपत्रमा लेखिएको लिखतपत्रमा सुन्दरनारायण मल्ल दृष्टसाक्षी छन् । (वि.सं. २०५१ मा काठमाडौँवाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १२ पूर्णाङ्कमा छापिएको *ताम्रपत्र*, त्यस अङ्कका ९-१० पृष्ठ) । — सम्पादक

** हामीलाई थाहा भएअनुसार ने.सं. ८३५ [वि.सं. १७७१] कार्तिककृष्णसप्तमीदेखि ने.सं. ८३७ [वि.सं. १७७४] ज्येष्ठकृष्णसप्तमी-सम्मका भास्कर मल्ल/महीन्द्रसिंहका लिखतपत्रमा नीलनारायण मल्ल दृष्टसाक्षी बसेका देखिन्छन् –

१. ने.सं. ८३५ [वि.सं. १७७१] कार्तिककृष्णसप्तमीको, भास्कर मल्लको, ताम्रपत्रमा लेखिएको लिखतपत्र (वि.सं. २०२८ मा ललितपुरवाट साझा प्रकाशनद्वारा प्रकाशित मोहनप्रसाद खनालको *अभिलेख-संकलन*को २२ सङ्ख्याको अभिलेख । यसको गूठीअड्डाको लागि गरिएको नेपाली उल्था वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ अङ्कमा छापिएको महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* (सो अङ्कको ३१ पृष्ठ)मा २२१ क सङ्ख्याको रूपमा छापिएको छ । त्यहाँ त्यो छाप्दा मूलपाठ *अभिलेख-संकलन*मा छापिइसकेको भन्ने याद नभएकोले त्यसको चर्चा छुटेको छ । *नेवारराज्य र ब्राह्मण*मा ताडपत्रमा लेखिएका लिखतपत्र मात्र छापिने गरेकोले त्यो लिखतपत्र ताम्रपत्र भनी थाहा पाइएको भए त्यस निबन्धमा त्यो पर्ने पनि थिएन ।) ।

२. ने.सं. ८३५ [वि.सं. १७७१] माघकृष्णद्वादशीको, महीन्द्रसिंहको, ताडपत्रमा लेखिएको लिखतपत्र (*पूर्णिमा* ८९ अङ्कको ४० पृष्ठमा छापिएको दिनेशराज पन्तको *महीन्द्रसिंह (भास्कर मल्ल)ले भगल ठकुरको नाममा गरिदिएको अप्रकाशित ताडपत्र*) ।

३. ने.सं. ८३५ [वि.सं. १७७१] फाल्गुनशुक्लद्वादशीको, महीन्द्रसिंहको, ताडपत्रमा लेखिएको लिखतपत्र (वि.सं. २०२६ मा काठमाडौँवाट पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९ सङ्ख्याका ४७-५२ पृष्ठमा छापिएको मोहनप्रसाद खनालको *राजा भास्कर मल्ल (महीन्द्र सिंह)का विषयमा संशोधन र निर्णय* (सो सङ्ख्याको ५१ पृष्ठ); वि.सं. २०२७ मा काठमाडौँवाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*को *सम्पादकीय वक्तव्य*को २ पृष्ठ र *अभिलेख-संकलन*को २३ सङ्ख्याको अभिलेख) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पदवाट हटाइएका देखिन्छन् ।* सो कुरा भास्कर मल्लकै अर्को ताम्रपत्रवाट खुल्दछ । सो ताम्रपत्रको सारांश यस प्रकारको छ–

वि.सं. १७७७ मा यिनै भास्कर मल्लले ललितपुर इलाका विशङ्खु बस्ने कृष्णदेव उपाध्यायलाई गरिदिएको जग्गाविषयको ताम्रपत्रमा *दृष्टसाछि श्रीजगज्जय मल्ल* लेखिएको छ।[९] यहाँ जगज्जय मल्ल उत्तराधिकारीका हैसियतले साक्षी वसेका र भास्कर मल्लका शेषपछि राजा भएका हुनाले पनि नीलनारायण मल्ल पहिला उत्तराधिकारी हुन् भन्ने कुराको पुष्टि हुन आउँछ । तर भास्कर मल्लले पहिले आफ्नो उत्तराधिकारी बनाइसकेका नीलनारायण मल्ललाई हटाई जगज्जय मल्ललाई उत्तराधिकारी बनाउनाको मुख्य कारण के हो, अहिलेसम्म खुल्न सकेको छैन, यो नयाँ खोजको विषय बन्न गएको छ । जगज्जय मल्लको वंश पनि त्यस्तै विषय बन्न गएको छ ।

कान्तिपुरको उत्तराधिकारी पदबाट नीलनारायण मल्ललाई हटाई अकस्मात् जगज्जय मल्ल उत्तराधिकारी बन्न पुगेका हुनाले यिन्लाई ललितपुरका मन्त्रिपरिषद्ले पनि मन पराएको थिएन र उनीहरूले भास्कर मल्लको शेषपछि विरोधै गरी यिनलाई राजा स्वीकार गरेनन् । कान्तिपुरको मात्र राजा भएका जगज्जय मल्लका पूरा

---

४. ने.सं. ८३५ [वि.सं. १७७१] फाल्गुनपूर्णिमाको, भास्कर मल्लको ताम्रपत्रमा लेखिएको लिखतपत्र (*प्राचीन नेपाल* ९ सङ्ख्याको ५० पृष्ठ, *कान्तिपुर-शिलालेख-सूची*को *सम्पादकीय वक्तव्य*को ३ पृष्ठ, *अभिलेख-संकलन*को २४ सङ्ख्याको अभिलेख) ।

५. ने.सं. ८३६ [वि.सं. १७७३] ज्येष्ठशुक्लपञ्चमीको, महीन्द्रसिंहको ताडपत्रमा लेखिएको लिखतपत्र । यस लिखतपत्रमा प्रमाणको रूपमा कमलेश्वर झा, रामचन्द्र झा र मोहनसिंह झा पनि राखिएका छन् (वि.सं. २०१८ मा काठमाडौँबाट पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्र-संग्रह* २ भागका १-२ पृष्ठ ॥

६. ने.सं. ८३७ [वि.सं. १७७३] चैत्रशुक्लतृतीयाको, महीन्द्रसिंहको ताडपत्रमा लेखिएको लिखतपत्र (वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० अङ्कमा छापिएको महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १८ वटा लिखतपत्र (वि.सं. १७७३-१८१६)* (सो अङ्कको ५३ पृष्ठ)) ।

७. ने.सं. ८३७ [वि.सं. १७७४] ज्येष्ठकृष्णसप्तमीको, महीन्द्रसिंहको ताम्रपत्रमा लेखिएको लिखतपत्र (वि.सं. २०५४ मा ललितपुरबाट छत्रबहादुर कायस्थद्वारा प्रकाशित *नेपाल संस्कृति* ६८ अङ्कका ४३-४४ पृष्ठमा छापिएको उनैको *नेपाल सम्बत ८३७ या तामापत्र छगू अध्ययन* [ने.सं. ८३७ को तामापत्र – एक अध्ययन] । – सम्पादक

* हामीलाई थाहा भएअनुसार महीन्द्रसिंहका लिखतपत्रमा जगज्जय मल्ल ने.सं. ८३७ [वि.सं. १७७३] माघशुक्लद्वादशीमा (वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* २ अङ्कका ५५-६० पृष्ठमा छापिएको शङ्करमान राजवंशीको *हात्तीखेदा गर्ने खर्चको निमित्त वि.सं. १७७३ मा गरिदिएको महीन्द्रसिंह (भास्कर मल्ल)को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या*) र माघकृष्णचतुर्दशीमा (*अभिलेख-संकलन*को २५ सङ्ख्याको अभिलेख । *प्राचीन नेपाल* ९ सङ्ख्याको ५२ पृष्ठमा यसको अलिकति अंश छापिएको छ) सबभन्दा पहिले दृष्टसाक्षीका रूपमा देखा पर्दछन् । ने.सं. ८३९ [वि.सं. १७७६] भाद्रशुक्लपञ्चमी (वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ अङ्कको ४५ पृष्ठमा छापिएको महेशराज पन्तको *महीन्द्रसिंह [भास्कर मल्ल] ले जग्गा दिई गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र*)देखिका महीन्द्रसिंह/भास्कर मल्लका सबै लिखतपत्रमा यिनै जगज्जय मल्ल मात्र दृष्टसाक्षीको रूपमा देखिन्छन् । – सम्पादक

९. *इतिहास-संशोधनको प्रमाण-प्रमेय* मूल भागका ८६-८७ पृष्ठ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विरोधी भई उनमाथि इर्वी लिएर नीलनारायण मल्ल भक्तपुरको प्रदेशतिर गई बसेका थिए। त्यस वेलादेखि नै नीलनारायण मल्लले आफ्नो शत्रुसाधनका लागि भक्तपुरतिरका केही मानिसहरूको मद्दत लिई आफ्नो संगठन बढाउँदै केही लडाका फौज तयार गर्न लागे। आफ्नो बलमद्दत ठीक पारी जगज्जय मल्ललाई कायल पारी सिद्धचाउने औसर उनी हेरिरहेका थिए। वि.सं. १७८१ पौषकृष्णदशमी सोमवारका दिन भक्तपुरतिरबाट यिनै नीलनारायण मल्लले कान्तिपुरेको साँखु शहरको किल्लामा ठूलो सजधजसँग रातका वीचमा बडो छल गरी किल्लाभित्र पसे। जगज्जय मल्लका किल्लारक्षक र साँखुका प्रजापञ्चहरूले थाहा पाई नीलनारायण मल्लको फौजउपर उनीहरू जाइलागे। ठूलो लडाइँ भयो। जगज्जय मल्लको फौजले किल्लावरिपरि घेरा हाली नीलनारायण मल्लको आक्रमण असफल पार्न ठूलो प्रयत्न गऱ्यो। किल्लाभित्र पसिरहेको नीलनारायण मल्लको सवै फौज घेराभित्र पर्दा जयज्जय मल्लको फौजले किल्लाभित्रै १६ जनालाई मारी १७ जनालाई पक्रेर कान्तिपुर ल्याई थुनामा राख्यो। यसरी आफूमाथि आइलाग्ने नीलनारायण मल्लको आक्रमण विफल पारी हटाउन सकेका हुनाले यसैको उपलक्ष्यमा सो कुराको उल्लेखसहित श्री ३ वज्रयोगिनीको स्तुति लेखी साँखुका प्रजाहरूलाई घरैपिच्छे एकएक पगरी निगाह गरी जगज्जय मल्लले शिलापत्र राखेका छन्। सो शिलापत्रको ऐतिहासिक सारभाग तल दिइन्छ –

...इति श्रीमहाराजाधिराजश्री २ जगज्जयमल्लदेवविरचितश्रीवज्रयोगिन्यष्टकं संपूर्णं। अतः परं देशभाखा ॥ सम्बत् ८४५ पौषकृष्णः। दशमि स्वमवार थ्व कुं(हु)या चाया रात्रिस नीलनारायन थाकुर, खपोन ओयाओ शको देशया क्वाथस छलन दूदङ ओओ थ्व सियाओ श्री ३ वज्रयोगिनीया प्रसादन श्री २ जगज्जय मल्लदेवस प्रतापन शको देशया प्रजापञ्च परमान उथय जुयाओ ह्म १६ स्याक, ह्म १७ चिङाओ यँ देश जङ दिन जुरो ॥ ... सकोपनिस्त छेखान छेखाछे वेतारि प्रसाद बिया जुरो[१०]

(संशोधन-मण्डलको नियमअनुसार २०१८ साल भाद्रमा ल्याइएको प्रतिलिपिसङ्ग्रहवाट)

[श्रीमहाराजाधिराज श्रीश्रीजगज्जय मल्लदेवले बनाएको श्रीवज्रयोगिन्यष्टक स्तोत्र सम्पूर्ण भयो। यसपछि देशभाषा लेखिन्छ। ने.सं. ८४५ (वि.सं. १७८१) पौषकृष्णदशमी सोमवारका दिन रातमा नीलनारायण ठाकुर भक्तपुरबाट आई साँखु शहरको किल्लामा छलकपट गरी भित्र पसे। यो कुरा थाहा पाएर श्री ३ वज्रयोगिनीको निगाहले र श्रीश्रीजगज्जय मल्लदेवको प्रतापले साँखु शहरका प्रजापञ्च परमान (वडाहाकिम)हरू उठी (लड्न गई) १६ जनालाई मारे। १७ जनालाई कैद गरी कान्तिपुरमा लगेको दिन ... साँखुका बासिन्दाहरूलाई घरैपिच्छे एउटाएउटा पगरी निगाह गरियो।]

---

१०. शङ्करमान राजवंशीद्वारा सम्पादित वि.सं. २०१९ मा प्रकाशित भएको *भक्तपुरशिलालेखसूची*मा यो शिलापत्रको केही भाग छापिएको छ। तर त्यसको टिप्पणीमा भने शिलालेखमा उल्लेख नभएको कुरा पर्न गएको छ।*

---

* वि.सं. २०२० मा काठमाडौंबाट वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भक्तपुर-शिलालेख-सूचीका* ३३-३४ पृष्ठमा सो अभिलेखको माथि दिएको भाग परेको छ। त्यसको टिप्पणी (३३ पृष्ठ)मा नीलनारायणलाई भक्तपुरे मन्त्री भनी भ्रमवश लेखिएको छ।

– सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नीलनारायण मल्लले साँखुमा कब्जा गर्न आएको तिथिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ –

ने.सं. ८४५ [वि.सं. १७८१] पौषकृष्ण

वार	तिथि	घडी	पला
सोम	दशमी	६०	०
मङ्गल	दशमी	३	४४

यस शिलापत्रमा नामोल्लेख गरिएका आक्रमणकारी नीलनारायण ठाकुर आफ्नो पद खोस्ने जगज्जय मल्ललाई भक्तपुरतिरबाट सिद्धचाउन आएका हुनाले झट्ट हेर्दा यिनी भक्तपुरे राजाका भारदार हुन् कि भन्ने भान पर्छ तापनि यी नीलनारायण मल्ल कान्तिपुरे नै हुन्, भक्तपुरे होइनन् । यदि ती भक्तपुरे भएका भए सो शिलालेखमा भक्तपुरका राजाको वा मन्त्री आदिको उल्लेख हुने थियो । सो कुनै उल्लेख नगरी भक्तपुरबाट आएर आक्रमण गरे भनेका भरमा भक्तपुरका हुन् भन्न सकिन्न ।

जग्गा पाउने विप्र श्रीरामेश्वर जोशी को हुन् भनी खोजी गर्दा उनका सन्तान हौँ भन्ने सिंखाडा जैसीहरू गोकर्णथलीमा अद्यापि छँदैछन् भन्ने थाहा पाई तीमध्ये एकजना काठमाडौँ मालअड्डाका हवलदार घनानाथ सिंखाडासँग गई केही कुरा बुझ्दा उनले विप्र रामेश्वर जोशी भनेका हाम्रै पुर्खा हुन् , उनी पश्चिमतिरबाट आएका हुन् , उनले पूर्व १ नम्बर सिन्धुपालचोक इलाका मण्डन भन्ने ठाउँमा केही जग्गा पनि पाएका थिए, पछि नेवारे राजाले सो जग्गाको सट्टामा सुन्दरीजलफेदी वाग्वतीपारि महाङ्गाल भन्ने ठाउँमा ५५ रोपनी खेत र डाँडाकटेरी भन्ने खोरिया पाएका हुन् , त्यसै हुनाले महाङ्गालको अक्षता डाँडाकटेरीको धूप भनी तिरो तिर्दैछौँ भनी संक्षेप मात्र बताए । जग्गाविषयको ताम्रपत्र भएको हुनाले यसभन्दा बढी परिचय दिन गाह्रो मानेर हो वा उनैलाई राम्रो ज्ञान नभएर हो, यसभन्दा वढी परिचय पाउन सकिएन ।

महाङ्गालको दक्षिणतिरको साँध भनी राजदरबारको उल्लेख परेको र सो ठाउँदेखि केही पर दक्षिणपूर्व भेगमा आलाकोट भन्ने ठाउँ भएकोले सो दरबार भग्नावशेष भई कोट (किल्ला)को रूपमा परिणत भएको थियो कि भन्ने अनुमान हुन्छ ।

डाँडाकटेरीको दक्षिणतिर पर्ने स्यालमती खोलो गोकर्णदेखि १ कोस जति उत्तर पर्ने तारेभीर ढोकाभञ्ज्याङवाट पूर्वतिर बग्दै गई सुन्दरीजल कोटथुम्कामुनि वाग्वतीमा मिल्न गएको छ। यही स्यालमती र वाग्वतीको दोभानलाई सहस्रधारा भन्दछन् । यही सहस्रधारामा ज्येष्ठशुक्लदशमी (दशहरा)का दिन मेला लाग्दछ । सहस्रधारा नुहाउन आउनेहरूको निकै भीड हुन्छ । ठूलो ढुङ्गाको खाँदबाट वाग्मतीको पानी सोहरिई एउटै छाँगो भई खस्ने ठाउँ भएको हुनाले त्यसको अर्को नाउँ वाग्वतीको छहरो पनि भन्दछन् । सो छहराबाट पश्चिमपट्टि फर्केर हेर्‍यौं भने यही स्यालमतीको छाँगो ठूलो पहराबाट खसेको देख्तछौँ । त्यस कारण वाग्वती र स्यालमतीको छाँगो खस्ने ठाउँ पनि एउटा ऐतिहासिक स्थान हो । त्यसको दृश्य हेर्न लायक छ। यसै ठाउंको वारिपारिको पहाडलाई राजपाखो भनी यस ताम्रपत्रमा उल्लेख भएको छ । सो राजकीय पाखोको नाउं आजकल राक्षापाखो भन्ने सुनिन लागेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माणिग्लाधिपति नरसिंह पनि साक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र*

– महेशराज पन्त

ने.सं. ६९१ [वि.सं. १६२७] फाल्गुनशुक्लद्वादशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १८७६/३

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा *श्री* लेखिएको छ।

मूलपाठ

१. ९ श्रैयोऽस्तु ॥ सम्बत् ६९१ फाल्गुणशुक्लद्वादश्या॰ तिथौ श्रीललितब्रुमाया॰ श्रीमानिगलके पश्चिमविहारिः श्रीष्वाटविहारिया ॥ श्रीडोयजुश नाम्नेण स्वकीयं ॱ स्वभुज्यमानिक॰ श्रीनकविहाराद्धिवास्तव्यः श्रीफ्याकजुश नाम्ना शकासात् ॥ थशिंमाक्षेलवाटिकानामप्रदेशेः श्रीङखाचोक वंता गृह श्रीलुंगुजुश वाटिकाया॰ पश्चिमत ॥ स येव नकबाहार श्रीशुठाजुश वाटिकायां ॱ उत्तरत ॥ श्रीकोथोपूल श्रीहृदयकितजुस वाटिकाया॰ पूर्व्वत ॥ श्रीपूलचोविहारि विजयसिं भारोश वाटिकायां ॱ द-

२. क्षिणत ॥ एतेखाम्मधे ॥ रूषमेकप्रमानवाटिका रूषछि १ ता वाटिका सरूषक॰ परिभोज्ञे ॥ जथानगरकाल-प्रवृत्तमानसञ्चारार्घेण यथोञ्चितमुल्यमादायः क्रीविक्रीस्वादिनेनत्वेन्नानिवृत्तक॰ न्यायन क्रेण विक्रीयत्॰ भवति ॥ जदि श्याट् देविकराजिक विना शङ्कटव्यावादकाले तदा धार्ण्णकेन परिसोधनियं ॱ अत्र पत्रार्थे साक्षि धार्ण्णस्वगोत्र ब्रह्मचर्ज्यभिक्षु श्रीजयजुश मेक दृष्ट ॥ भाषा ता वाटिकाया पूर्व्व तलपत्र धार्ण्ण लकश मदो धारङान मका थ्व तल-

३. पत्र श्रीश्रीराजकुलश्रीपात्रकुलादि धार्ण्ण स्वहस्त परहस्त ज्ञे लुरसनों ॱ अकर्ण्ण जुरो॰ जदि लुकाले धार्ण्णकशन लिधिंङ यंजमाल्व जुरों ॱ शुभ ॥ क्रीपन सर्व सो[1]धान धुंग्व जुरों ॱ ॥ भुय साक्षि श्रीजेष्टविहार-यंकुलिकुम्बज श्रीमानिगलाधिपति श्रीश्रीजयनरसिंह देव ठाकुरशः धार्ण्ण स्वगोत्र श्रीअमृतसिंहजुश एते दृष्ट शुभ ॥ विदेमान उभ्फानछें विजयसिंह भारो डोय भारो नेह्मं जुरों ॱ शुभ

---

* ताडपत्रको मूलपाठमा प्रयोग भएका चिह्न *पूर्णिमा*को ९९ अङ्कअनुसारका छन्।

१. पहिले लेखिएको अक्षरलाई सो बनाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रधानमहापात्र नरसिंह दृष्टसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र

– महेशराज पन्त

नेःसं. ६९६ [वि.सं. १६३२] पौष...

धर्मरत्न वज्राचार्यको सौजन्यले सकलबाट यस पत्रको नकल लिइएको हो ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा *श्री* लेखिएको छ ।

मूलपाठ

१. (१ श्रैयोऽस्तु ॥) सम्बत् ६९६ पौष ... (ललितब्रुमायां ९ श्रीमानीगलके) ... तानिग्ल थ ... (नाम्नेन स्वकीयं स्वभुज्यमानिकं) ... शकाशात ॥ यि... प्रदेशे ... (पश्चिमत:) ... (उत्तर)त्त ॥

२. ... पूर्व्वत ॥ [1] वा(टिका)शिमायां दक्षिणत ॥ एतत्मध्य मेक(रोपनिकं) कार्षछि १ ता वाटिका सकर्षकं ، समपरिभोज्ञे जथानगरकालप्रवर्त्तमानेन सञ्चारार्घेन जथोच्चितमुल्यमादाय ، क्रयविक्रयस्वाधीनेन तेनानिवर्त्तकं ، न्यायेन क्रिवि-

३. क्रीतम्भवति ، यदि सत्या देविकराजिक विना शंकटव्यावादकाले तदा धार्ण्णकेन परिसोधनीयं ، अत्र पत्रार्थे साक्षि: (श्री)जेष्टविहारयंकुलिकुतुम्वज प्रधानमहा(पात्र) श्रीजयनरसिंहदेव वर्म्मनस दृष्ट ॥ क्रीप्न सर्व्व सोधान धुंग्व जुरो ॥ ष्व बलया तलपति ... पति याङ दान बिया जुरङान काय मदो जुरो ॥ कर्ष उनपूर थेथे पुंन मदो जुरो ॥ शुभ ॥

---

१. दक्षिणपट्टिको सँधियारको विषयमा लेख्न ॥ र वाको बीचमा केही ठाउँ खाली छोडिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माणिग्लाधिपति शिवसिंह साक्षी बसी उनले हेरेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र

– महेशराज पन्त

ने.सं. ७३९ [वि.सं. १६७५] चैत्रकृष्णप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई ४६९/३२

मूलपाठ

१. { ꣸ श्रेयोऽस्तु ॥ सम्बत्} ७३९ चैत्रकृष्णः ॥ प्रतिपद्यायां तिथौ ॥ श्रीललितब्रुमायां श्रीमानिग्लके पूर्व्वस्थः ॥ श्रीदथ लाछ दथ छें ननि वंकुलिगृह ॥ लुंगुराम भावोया नाम्ना शकासात् ॥ स एव दथलाछ वंथ छें कलगुडि मगुडि वंता गृह ॥ लूंमयिस नाम्नेण स्वक्रियं स्वभुज्यमानिकं ॱ स एव दथलाछ वंथ छें ननि यंकुरि छें कलगुडि मगुदि लं वंता गृहनामप्रदेशे ॱ श्रीश्रीराजया गृह लि{वि[1]शिमायां पश्चिमतः} : : :

२. : : : {सो}[2]ता गृह ॥ जयकेश भावोया गृहशिमायां उत्तरतः ॥ मगुडिमार्ग्गशिमायां पूर्व्वतः ॥ धर्म्मसिंह माहान भावोया गृहशिमायां दक्षिणतः ॥ एतेषाम्मध्य रथ्यामार्ग्गेन उत्तरप्रवेश ॱ पुन पूर्व्वप्रवेश ॱ वंथ छें ननि गृहमण्डले ता पूर्व्वप्रवेश पश्चिमाभिमोख ता मगुडि वंता छें द्वारछि १ खा जव स्व ३ वंथ छें ननिया यंकुरि सोतया द्यं जुक्वन खा जवछि १ कु ३ X[3] : : :

३. : : : X[4] ॥ एते तत्गृहवस्थितबाहिरिद्वाराङ्गणस्यंदिनिकाजक्षणिकाजक्षनीस्थाप्नपलालसंछानस्वशीमासकर्षकं स्मपरिभोज्ञें: यथानगलकालप्रवर्त्तमानेन संचारातर्घेन यथोच्चितमूल्यमादाय क्रिविक्रीस्वापदिनेन तेनानिव[5]र्त्तकं न्यायन क्रेण विक्रीयतम्भवतिः यदि श्यात् देवीकराजिक विना ता गृह ने खाव स्वकुवो ॱ शंकटव्याव[6]ादकाले तदा धार्ण्णकेन प{रिशोधनीयं ॥ अत्र पत्रा}-

४. [7]र्थे दृढिकलनाय साक्षि ॥ श्रीमानिग्लाधिपति श्रीश्रीजयशिव-सिंहदेव प्रभू थाकुरस दृष्ट ॥ ता गृहया क्रीप्न सर्व्व सोधान पाचकं धुंग्व जुरो ॥ शुभं ॥

---

१. लिभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही अंश देखिन्छ ।

२. *ता* भन्दा अगाडिको अक्षरको पछिल्लो भाग देखिन्छ ।

३. *३* भन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ ।

४. ॥ भन्दा अगाडिको अक्षरको पछिल्लो भाग देखिन्छ ।

५. यो व चुच्चे छ ।

६. यो व लाम्चो छ ।

७. तेस्रो पङ्क्तिको दिनिकाको दिको तलबाट चौथो पङ्क्ति उठाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साबिकमा भएका, पछि संशोधन गरिएका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ४ वटा लिखतपत्र

– महेशराज पन्त

ने.सं. ७०८ [वि.सं. १६४५] ज्येष्ठशुक्लद्वादशीको शिवसिंह र रणजित्‌सिंहको तथा ने.सं. ७५२ [वि.सं. १६८९] श्रावणशुक्लषष्ठीको लक्ष्मीनरसिंहको लिखतपत्रमा पछि लक्ष्मीनरसिंहले संशोधन गरिदिएका दुइटा ताडपत्र मैले एक वर्ष जतिअगाडि छपाएको थिएँ ।[1] अहिले लक्ष्मीनरसिंह मल्लले नै साविकका लिखतपत्रमा संशोधन गरि-दिएका त्यस्ता ४ वटा ताडपत्र यहाँ छपाउँदैछु ।

१ सङ्‌ख्या

ने.सं. ७२१ [वि.सं. १६५७] पौषकृष्णत्रयोदशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्‌ख्या ई २१३१/१९

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र वीचमा त्रिशूल छ । त्रिशूलभन्दा माथि *श्री* लेखिएको छ । *श्री*को दायाँबायाँ दुवैतिर चन्द्र छन् । चन्द्रभन्दा तल दायाँबायाँ दुवैतिर *श्री* लेखिएको छ । *श्री*मन्दा तल थोप्ला छन् । त्रिशूलभन्दा तल वसाहा छ ।

मूलपाठ

१. १ श्रेयोऽस्तु ॥ सम्बत् ७२१ पौषमासे कृष्णःपक्षे ॥ त्ररोर्द्दश्यान्तिथौ ‹ श्रीयंबुब्रुमायां ‹ श्रीगाङ्गुलंगे ‹ श्रीकेलंमण्डपस्तोलके ‹ केलं मगुलं यंता छें गृहाद्धिवा[2]शीन कात्सकारलुंगुभारोकस्य नाम्ना सकासातः श्रीयंग्ल काष्टमण्डपतोलके ‹ श्रीयंग्ल मंडोमे च्याकमगुलंतोलके ‹ स्वकनबु छें गृहाद्धिवाशीन कमलमयिस नाम्नेन शुक्रीयं शुबुर्न्यमानिक● थानस्य उत्रदिसं ‹ तंदिगामक्व हतखादोलक्षेत्रनामप्रदेसे ॥ दामुदर भारोस क्षेत्रेन पश्चिमतः XXXX[3]XXXXXX मूलमार्ग्गेन पूर्व्वतोः केचेत् दक्षिनतः भिक्षुश्री-

२. वितुसिंहजुत्वंकस्य क्षेत्रेन दक्षिनतः एतेषा मध्ये ॥ षटरोपनिकं क्षेत्राङ्कतोपि बु रोव ६ जुरों ‹ ततक्षेत्रस्य ‹

---

१. वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ अङ्कमा छापिएको महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)* का १० सङ्ख्या (३८ पृष्ठ) र १५ सङ्ख्या (४१ पृष्ठ) ।

२. यो व लाम्चो छ ।

३. तःभन्दा पछाडिको चौथो अक्षरको तल्लो भागको अलिकति अंश देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यथादेशकालप्रवʸर्त्तमानसञ्चाराघेन सुवʸर्ण्णमूलमादाय स्वादिनानवʸतुकं न्यायेन क्रीविक्रीयतं भवʸति ॥ तत्रा धारणकस्य निमितेन जदि शंकृत ९ व्यावाʸडपीडा स्यात ९ तदा धारणकेन परिस्वधनियञ्च । अत पत्रार्थे दृष्टसाक्षि धारणस स्वपुत्र धरम भारो प्रते धारणस्यं पाचं बुबोयाया भर्ण्ण पोलेस क्रीविक्रीन काया जुरों ⸜ तरपति पो १ सह जुरों ॥ शुभं ॥[६]

३. [७] भुय चुल २ मूल टंका १३ श्रीश्रीलक्ष्मि[८]रसिंह मल्लन छाया ॥ शुभ ॥[९]

(पछाडि)

꣼ तिदिगामक्व बुया क्रीपत्र ॥

३ सङ्ख्या

ने.सं. ७३८ [वि.सं. १६७४] माघकृष्णएकादशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२७/५३

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा त्रिशूल छ। त्रिशूलभन्दा माथि *श्री* लेखिएको छ। *श्री*को दायाँबायाँ दुवैतिर चन्द्र छन्। चन्द्रभन्दा तल दायाँबायाँ दुवैतिर *श्री* लेखिएको छ। *श्री*मन्दा तल थोप्ला छन्। त्रिशूलभन्दा तल वसाहा छ।

मूलपाठ

१. ꣼ शुभं ॥ श्रेयौस्तु: सम्बत् ७३८ माघमासे कृष्णपक्ष ॥ एकाद्दस्यान्तिथौ श्रीयंबुʸब्रुमायां श्रीगाङ्गुलंगे श्रीयेताखातोलके ⸜ रं लाछ योता छें गृहाद्धिवʸाशीन ⸜ नाथुभारोकस्य नाम्नां सकासात ॥ तत्त्रेवʸ ब्रुमायां श्रीवंʸक्वडोमण्डपस्थाने ⸜ पश्चिममूगुत्यायां दुछे गृहाद्धिवʸाशीन ⸜ जित्रभारोकस्य नाम्नेन शुक्रीयं

---

४. यो व लाम्चो छ।

५. यस वको पेट चिरेको जस्तो देखिन्छ।

६. ॥ र शुको बीचमा केही ठाउँ खाली छोडिएको छ।

७. दोस्रो पङ्क्तिको **षटरोपनिकं**को पको तलबाट तेस्रो पङ्क्ति उठाइएको छ।

८. यहाँ **लक्ष्मि**को **क्ष्मि** र **रसिंह**को रको बीचमा यस्तो ꣼ छ।
पूर्णिमा ९९ अङ्कको ४१ पृष्ठमा छापिएको १५ सङ्ख्याको लिखतपत्रको ३ पङ्क्तिमा पनि क्ष्मि र रको बीचमा यस्तै ꣼ छ। त्यसको एक अंश र **ण** अक्षर केही मात्रामा मिल्ने जस्तो लागेकोले **नरसिंह**को नलाई मूर्धन्य पढी त्यसलाई द्वित्व गरेको हो कि भनी मैले **लक्ष्मिण्णरसिंह** भनी पढेंको थिएँ । तर यस निबन्धमा परेका दुइटा लिखतपत्रमा (यही पत्रमा र ४ सङ्ख्याको पत्रमा) त्यही बेहोरामा यस्तै ꣼ आएकोले यसले विशेष कुरा बुझाएको जस्तो देखिन्छ। त्यो के हो भनी ठहऱ्याउन भने मेरो बुताले भ्याएन। लक्ष्मीनरसिंहले संशोधन गरिदिएका, ताडपत्रमा लेखिएका, यस्तै अरू लिखतपत्र (*पूर्णिमा* ९९ अङ्कको ३८ पृष्ठमा छापिएको १० सङ्ख्याको ४ पङ्क्ति, यही निबन्धको २ सङ्ख्याको ३ पङ्क्ति र ३ सङ्ख्याको ३ पङ्क्ति)मा भने °नरसिंह नै लेखिएको कुरा यस प्रसङ्गमा सम्झनुपर्छ।

९. तेस्रो पङ्क्ति भिन्नै हस्ताक्षरमा, मोटो टाँकामा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वभुर्ज्यमानिकं ॥ येचंगुक्षत्रनामप्रदे ॥ विजयदुवालकस्य क्षत्रेन पश्चिमत ॥ व[१०]लिमार्ग्गेन उत्तरतोः दक्षिणत ॥ व[१०]सुदेवभारोकस्य क्षत्रेन पूर्व्वतो ॥ एतेषा मध्य अष्टरोपनिकं[११]x[१२]x[१३]

२. अद्धभागं क्षत्रांकतोपि ৲ अंकेञ्च येचंगु बु रो ८ ष्वतेस बछि बु[१०] रो ४ जुरो ৲ ततक्षत्रस्य जथादेसकाल-प्रव[१०]त्तमानसंचाराघण शुव[१०]र्ण्णमूलमादाय स्वादिनांनिव[१४]स्तकं न्याय क्रिविक्रीयंटम्भव[१४]स्तु ৲ तत्रा धालनकस्य निमितेन जदि संकृत ० व्याव[१४]दपीडा स्यात० तदा धालनकेन पलिस्व[१५]धनियञ्च प्रटि धालनया ৲ रेव[१४]देव[१४]ा पुरेस क्रिविक्रीन बिया जुरो ৲ अत पत्राथ्य दृष्टसाखि भ्राता रामचा भारो शुभं ॥

३. भुय बु रोव १ मूल[१६] टंका ४० श्रीश्रीलक्ष्मिनरसिंह मल्लन छाया ॥ शुभ ॥[१७]

(पछाडि अर्कै हस्ताक्षरमा)

इचंगु वुलो ज ॥ ॥

(पछि थपेको)

८ जुलः

३ सङ्ख्या

नेसं. ७४४ [वि.सं. १६८१] भाद्रअमावास्या सूर्यग्रहण लागेको दिन

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३६/१४

---

१०. यो व लाम्चो छ।

११. ताडपत्र भाँचिएर गएकोले कंको अनुस्वार र पछिल्लो भाग देखिंदैन।

१२. कंभन्दा पछाडिको पहिलो अक्षरको पछिल्लो भागको तल्लो केही अंश देखिन्छ।

१३. कंभन्दा पछाडिको दोस्रो अक्षरको तल्लो भाग देखिन्छ।

१४. यो व चोसे छ।

१५. पहिले लेखिएको अक्षरको पछिल्लो भाग केरेर स्व बनाइएको छ।

१६. *पूर्णिमा* ९९ अङ्कको ३८ पृष्ठमा छापिएको १० सङ्ख्याको लिखतपत्रको ४ पङ्क्तिमा पनि यस्तै अक्षर [अक्षर] छ। त्यो अक्षर अनौठो किसिमको भए तापनि *३* अङ्कसँग त्यो, केही मिल्दा मलाई त्यो, *३* जस्तो लागेकोले त्यसभन्दा अगाडिको अक्षरलाई अर्थ मिलान गरी अक्षरेऽपि तीन अर्थात् नेवारीमा स्व लेखेको ठानी स्व ३ भनी पढेको थिएँ। तर त्यस्तै अक्षर यस लिखतपत्रमा पनि आएकोले र *पूर्णिमा* ९९ अङ्कको ४१ पृष्ठमा छापिएको १५ सङ्ख्याको ३ पङ्क्तिमा, यही निबन्धको १ र ३ सङ्ख्याका ३ पङ्क्तिमा र ४ सङ्ख्याको ४ पङ्क्तिमा त्यही बेहोरा आउँदा स्पष्टसँग ल लेखिएकोले यो अक्षर ल नै हो भन्ने ठहर हुन आएको छ। त्यसो भए तापनि यस्तो अनौठो प्रकारको ल किन लेखिने गरेको हो भन्ने प्रश्नको उत्तर भने मसँग छैन। नेवारी लिपिमा मू र स्वमा खास त्यति फरक नदेखिने हुनाले मैले *पूर्णिमा* ९९ अङ्कको ३८ पृष्ठमा छपाएको सो लिखतपत्रमा स्व ३ पढेको गलत ठहरिन गएको छ र त्यसलाई मूल भनी सच्याइएको छ।

१७. तेस्रो पङ्क्ति भिन्नै हस्ताक्षरमा, मोटो टाँकामा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

(छाप खस्न जाँदा र छापमुनिको, दोब्र्याएर सिइराखेको अंश फुस्किन जाँदा देखिन गएका अक्षर)

१. ꣸ शुभ ॥ दुंलदोल बु रोव ६ भुय दुजुष्वात

२. बु रोव १X तस्य दानपत्र ॥

१. ꣸ श्रैयोऽस्तु ॥ सम्बत् ७४४ भाद्रपदमासे कृष्णःपक्षे ॥ अमाव[१८]ास्यान्तिथौ माहापर्व्व वेलास ज्वजमान ۔ श्रीयंबुब्रुमाया श्रीगाङ्गुलंगे श्रीकेलंमण्डपस्तोलके केलंमगुलं यंता छें जोजमान ۔ कात्सकार ۔ लुंगु भारो ज्येष्टपुत्र ۔ मधन भारो द्वितियंपुत्र ९ धरम भारो तृभयस स्वहस्तेन स्वविद्यमानेन ۔ स्वव[१९]ाचा पतिपनिभुतेन जुगादिअंनदाननिमित्यार्थेन क्षेत्र साद्धाद्धिकसाथरपनिकं ॥ सपदत्तं ॥ अत पलं देशभा थानस्य उत्रदि[२०]स[२१] (प्र)[२२]देसे (दुं)लक्षेत्रनामप्रदेसे मूलमार्ग्गन प(श्चिमतः) ...

२. दक्षिनतः श्रीराजकुरया क्षेत्रेन उर्त्तरतः प्रप्तासिमायां पूर्व्वतः एतेषा मध्ये ॥ षटरोपंनिकं क्षत्राङ्गतोपि बु रोव[१८] ६ जुरों भुय दुजुष्वाट बु रोव[१८] १X जुरों ۔ व्रखंप्रते थ्वते बुया व[१८]ाससन जुगादि कुह्नु श्रीसर्व्व-संगस्तं ۔ चतन जापुछि १ धारे दोहोरपेमाल जुरो९ ततपुण्यफलेन जोमानस आयुआरोज्ञअयिस्वधेजनधन-सन्ततिसन्तानवृद्धिरस्तु ۔ थ्व दर्त्त रोप मतेव[१८] रोप याकालं ۔ गोहथ्या ब्रह्महथ्या गुरुहथ्या ۔ स्त्रीहथ्या बालहथ्या एते पञ्चमहापाटक ۔ लाक । रोपं मयास्यं अनिग्रह उतोत्र जुरो अत प(त्रार्थे दृ)-

३. ष्टसाक्षि श्रीमत्श्रीश्रीश्रीजाव[१८]त्चन्द्रार्क्कमेदनित्वं । भुय बु रोव २ मूल टंका ५६ श्रीश्रीलक्ष्मिनरसिंह मल्लन छाया ॥ शुभ ॥[२३]

४ सङ्ख्या

ने.सं. ७४९ [वि.सं. १६८६] आश्विनकृष्णषष्ठी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २२३८/५

यस पत्रमा छाप झरेको छ ।

---

१८. यो व लाम्चो छ ।

१९. यस वको पेट चिरेको जस्तो देखिन्छ ।

२०. ताडपत्र भाँचिएर गएकोले दिको पछिल्लो भागको केही अंश देखिँदैन ।

२१. ताडपत्र भाँचिएर गएकोले सको डीको देखिँदैन ।

२२. सभन्दा पछाडिको अक्षरको तल्लो भाग देखिन्छ ।

२३. *भुय*देखि पङ्क्तिको अन्त्यसम्मै भिन्नै हस्ताक्षरमा, मोटो टाँकामा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ॥ शुभं ॥ श्रेयोऽस्तु: सम्बत् ७४९ आश्विनिमासे कृष्णपक्ष ॥ षष्ठचान्तिथौ श्रीयंबु[२४]ब्रुमायां श्रीगाङ्गुलंगे श्रीवं[२४]तुव[२४]ाहाल ॽ यंता छे गृहाद्धिव[२४]ाशीन ॽ भिक्षुश्रीधर्म्मकितजुकस्य नाम्नां सकासात ॥ श्रीदेव[२४]पत्तन-भुमौ ॽ थंथु ग्वरो ॽ नव[२४]हरतोल ॽ तुंथिछे गृहाद्धिवाशीन शिव[२४]ाचार्य्य जगनाथ भारो कनेष्टपितापुत्र कृष्णदास भारो थ्वपनि नेह्मंस नाम्नेन शुक्रीयं स्वभुर्ज्यमानिकं ॥ कुरूदितिजोलक्षत्रनामप्रदेस्य ॥ प्रपातसि-

२. मायां पश्चिमत ॥ पूर्व्वतो ॥ [२५]क्षत्रेन उर्त्तरतो ॥ गोविन्द भारोया क्षत्रेन दक्षिणत ॥ एतेषा मध्य द्वादशरोपनिकं क्षत्राङ्गतोपि ॽ अंकेञ्च कुरूदितिजोल बु[२४] रो १२ जुरो ॥ तत क्षत्रस्य ॽ यथादेसकार-प्रव[२४]त्तमानसंचाराघेण शुव[२४]र्ण्णमूल्यमादाय स्वाधिनांनवतुकं न्यायेन क्रिविक्रीयंटम्भव[२४]ति ॽ तत्रा धार्ण्णकस्य निमितेन जदि संकृत९ व्याव[२४]ादपीडा स्यात ९ तदा धार्ण्णकेन परिस्वधनियंच प्रटि धालज़या श्रीश्रीराजस ग्वय

३. ह्मुति दोहोरपेस क्रिविक्रीन काया जुरो ॽ अत पत्राथे दृष्टसाखि जेष्टपिता ॽ शिव[२४]ाचार्य्य गोपिराम भारो ॽ तरपति पो १ सह शुभं ॥

४. भुय बु रोव २ चुल २ मूल टंका १०२X श्रीश्रीलक्ष्मि[२६]रसिंह मल्लन छाया ॥ शुभ ॥[२७]

(पछाडि)

१. ॥ कुरू दितिजो-

२. ल बुया ॥ पटि ॥

---

२४. यो व लाम्चो छ ।

२५. उत्तरपट्टिको साँधको विषयमा लेख्न ॥ र क्षको बीचमा केही ठाउँ खाली छोडेर पहिलो पङ्क्तिको मासेको माको तलबाट लेख्न थालिएको छ ।

२६. ८ टिप्पणी हेर्नू ।

२६. चौथो पङ्क्ति भिन्नै हस्ताक्षरमा, मोटो टाँकामा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीनिवास मल्ल र ज्योतिर्नरसिंह मल्ल दृष्टसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र

– महेशराज पन्त

ने.सं. ७७२ [वि.सं. १७०९] श्रावणशुक्लषष्ठी

यो पत्र मसँग छ।

यस पत्रमा छाप भरेको छ।

मूलपाठ

१. ꣸ श्रेयोऽस्तु ॥ सम्बत् ७७२ श्रावणशुक्ल ॥ षष्ठम्यां तिथौ ۔ श्रीललितब्रूमायां श्रीमाणिग्लात्पश्चिमस्थ नकविहारि लिबिछें येता गृह ब्रह्मचर्य्यभिक्षु श्रीरत्नजुस नाम्ना सकासात् ۔ तत्रैव गृह स्वगोत्र ब्रह्मचर्य्यभिक्षु श्रीदेवजोतिजु बालक जुवस माम विद्यमान याङन स्वकीयं स्वभुज्यमानिकं ۔ स एव नकविहारि लिबिछें येता दुंदुगृहपातालनामप्रदेशे ۔ रावुत्त विश्वंया गृहेन पश्चिमत

२. ग्राहकस गृहेन उत्तरत ۔ मदकाल लं वो ग्राहकस गृहवो शिमायाः पूर्व्वत ۔ आशचन्द भावोया मदकार अङ्गोडशिमाया दक्षिणतश्च ۔ एतन्मध्ये लिबिछें ननिनं दक्षिणप्रवेश पुन पूर्व्वप्रवेश तद्गृह जाव पातालन खा नसि २ कु सुयत्या ३०X तद्गृह व[1]शतिब[1]हिद्वारांगणस्यन्दिनकायक्षणीस्थापनशृंकरिस्छांद्यस्वशिमासह सकर्षकं समपरिभोग्यं यथानगरकालप्रव[1]-

३. र्त्तमानस्तथा संचारार्घेन यथोचित्मूल्यमादाय क्रयविक्रयस्वाधिनेन तेनानिवृर्त्तकं न्यायेन क्रयेन विक्रयतम्भव[2]ति यदि स्याद्दैवीकराजिक वि[2]ना तद्गृहं ससंकतव्याव[2]दकाले तदा धार्ण्णकेन परिशोधनीयं अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्रीजयश्रीनिवास मल्लदेव ठाकुल श्रीश्रीजयज्योतिर्न्नरसिंह मल्लदेव ठाकुल उभयेस ۔ ध्व छेंया क्रीपन सर्व्व सोधान पाचकं

(दायाँ फट्केमा तलबाट उठाई तेर्सो पारेर)

धुंग्व ॥ शुभ ॥

१. यो ब चोसे छ।

२. यो ब चुच्चे छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीनिवास मल्ल दृष्टसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र

– महेशराज पन्त

नेसं. ७७९ [विसं. १७१५] फाल्गुनशुक्लदशमी

यो पत्र मसँग छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा *श्री* लेखिएको छ ।

मूलपाठ

१. ᥫ श्रेयोऽस्तु ॥ सम्बत् ७७९ फाल्गुणशुक्ल ৲ दशम्यां तिथौ ৲ श्रीलेलेग्राम यिवलाछ ननि वंकुलि गृह मालसिंहभावोनाम्ना सकासात् ৲ बुहुंदेश तव छें गोपालिकगोपीनाथनाम्नेन स्वकीयं स्वभुज्यमानिकं ৎ यितक्वख्वातक्षेत्रनामप्रदेशे ৲ श्रीश्रीराजया क्षेत्रेण पश्चिमत ৲ चण्डीदासया ৎ जितराजया ৲ हाथ्वंगुथिया क्षेत्रेण दक्षिणत ৲ गोविन्दभारोसवो

२. विषमसिंह द्वयोस क्षेत्रादुत्तरत ৲ धरशिमाया पूर्व्वत ৲ एतन्मध्ये तत्क्षेत्र त्रयरोपनिकं रोव[१]ङ्ग रोव[१] स्वं ३ तत्क्षेत्र यथादेशकालप्रवर्त्तमानस्तथा संचारार्घेण यथोचित्मूल्यमादाय क्रयवि[२]क्रयस्वाधिनेन तेनानिवृत्तकं न्यायेन क्रयेन विक्रयतम्भवति यदि स्याद्दैवीकराजिक विना तत्क्षेत्रस संकतव्यावादकाले तदा धार्ण्णके-

३. न परिसोधनीयं अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्रीजयश्रीनिव[३]ास मल्लदेव[१] प्रभु ठाकुरस ৲ थ्व बुया क्रीपन सर्व्व सोधान पाचकं[४] धुंग्व जुरो ॥ शुभ ॥

(पछाडि)

यित को

---

१. यो व चुच्चे छ ।

२. यस वको पेट चिरेको जस्तो देखिन्छ ।

३. यो व चोसे छ ।

४. पहिले लेखिएको अक्षरलाई कं बनाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माणिग्लाधिपति योगनरेन्द्र मल्ल दृष्टसाक्षी बसेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र

– महेशराज पन्त

१ सङ्ख्या

ने.सं. ८०९ [वि.सं. १७४५] मार्गशुक्लनवमी

राष्ट्रिय अभिलेखालयमा ६७ सङ्ख्याको वट्टामा क्रमसङ्ख्या ९९३ को रूपमा मूल पत्र छ। यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा खड्ग छ। खड्गलाई मालाले घेरिएको छ। खड्गको ठीक माथि *श्री* लेखिएको छ। *श्री*को दायाँवायाँ दुवैतिर चन्द्र छन्। वायाँ चन्द्रभन्दा तल *यो* र दायाँ चन्द्रभन्दा तल *ग* लेखिएको छ।

मूलपाठ

१. ℒ श्रेयोऽस्तु ॥ सम्बत् ८०९ मार्ग्गशिरशुक्लनवम्यान्तिथौ ৲ श्रीललितब्रुमायां श्रीमाणीग्लाद्वायव्यस्थ ৲ खालचो छे ननि यौकुलि दुंदु[1] गृह नरसिंह भारोस नाम्ना सकासात् ॥ तत्रैव गृह मनोहरसिंह भारोस नाम्नः स्वकीयं स्वभुज्यमानिकं ॥ स एव खालचो छे ननि यौकुलि दुंदु पातालनामप्रदेशे ॥ ग्राहकस्य

२. भूम्याष्पश्चिमतः पलिकोभूम्या उत्तरतः मार्ग्गेण पूर्व्वतः श्रीश्रीराज्ञो भूम्या दक्षिणतश्च ৲ एतत्मध्ये तत्क्षेत्र पूर्व्वप्रवेश पश्चिमाभिमुख तत्पाताल भू दाङ्न कु पीयनसित्या ४२X तद्भूम्यां यथानगरकारप्रवर्त्तमान तथा संचारार्घेण यथोचित्मूल्यमादाय क्रयविक्रयस्वाधीनत्वं कृत्वा

३. दैविकराजिकं वि[2]ना यदि शङ्कटव[2]ादवि[2]व[2]ादादिकं स्यात्तदा धार्ण्णकेन परिशोधनीयं अत्र पत्रार्थे दृष्टसाक्षि ৲ श्रीमाणीग्लाधिपति श्रीश्रीजययोगनरेन्द्र मल्लदेव[3] प्रभु ठाकुरस ॥ श्रीराजदैवज्ञमोतिराजेन लिखितं ॥ थ्व भूया क्रीप्न मोहोर टंका श्लमच्या १८ शुकि स्वं ३ दं श्लंमच्या १८ थ्वते सर्व्व सो[4]-

(दायाँ फट्केमा तलबाट उठाई तेस्रो पारेर)

१. धान पा-

२. चकं धुंग्व शुभं

---

१. लि र गृको बीचमा डीकोभन्दा माथि यस्तो ∨चिह्न दिई थपिएको त्यही चिह्नको ठीक माथि खाली ठाउँमा दुंदेखि लेख्न थालिएको छ र थपिएको दुंदु गृहको हको माथिसम्म पुगेको छ। थपिएका ती अक्षर कुन पङ्क्तिमा थप्ने हो, त्यो जनाउन १ लेखिएको छ।

२. यस वको पेट चिरेको जस्तो देखिन्छ।

३. यो व चोसे छ।

४. दायाँ फट्केमा सो लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

भूया क्रीपत्र ॥

२ सङ्ख्या

ने.सं. ८१४ [वि.सं. १७५१] आश्विनशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई ११०९/२६

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा खड्ग छ। खड्गलाई मालाले घेरिएको छ। खड्गको ठीक माथि *श्री* लेखिएको छ। *श्री*को दायाँवायाँ दुवैतिर चन्द्र छन्। बायाँ चन्द्रभन्दा तल *यो* र दायाँ चन्द्रभन्दा तल *ग* लेखिएको छ।

मूलपाठ

१. ᳵ श्रेयोऽस्तु ॥ सम्बत् ८१४ आश्विणीशुक्ल ˎ प्रतिपदि तिथौ ˎ श्रीललितब्रूमायां श्रीमाणीग्लात्पूर्व्वस्थ ˎ श्रीयम्बलं मगुडि तवननि लिबिछे हरिकृष्ण भारोस नाम्ना सकासात् ॥ स एव तवननि यंता गृह शिवराम भारोस नाम्नः स्वकीयं स्वभुज्यमानिकं ॥ स एव यम्बलं मगुडि भूतिनिखा छे लं येता गृहपातालनामप्रदेशे ॥

२. मार्ग्गेण पश्चिमतः[५] दक्षिणतश्च ननिओ मार्ग्गओं ˎ द्वयो सीमाया उत्तरतः शंखराम भारोस भूओ ˎ हाकु भावोया भूओ ˎ द्वयो सीमायाष्पूर्व्वतः[६] एतन्मध्ये मार्ग्गेण दक्षिणोत्तरप्रवेश तद्गृह जाव खा छित्या १X कु श्लंमस्वं १३ पाताल कु श्लंमपित्या १४X एतद्गृह वसतिव[७]स्थितब[७]हिद्वाराङ्गणस्यन्दिनिका-यक्षणीस्थाप्नशृषरिसंछान स्वसिमासह ˎ यथानगरकारप्रवर्त्तमान तथा संचारार्घेण यथो-

३. चिन्मूल्यमादाय क्रयविक्रयस्वाधीनत्वं कृत्वा दैविकराजिकं विना यदि शङ्टवादविवादादिकं स्यात्तदा धार्ण्णकेन परिशोधनीयं ˎ अत्र पत्रार्थे साक्षि ˎ श्रीमाणीग्लाधिपतिः श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरस दृष्टः ॥[८] थ्वते छेया क्रीप्न मोहोर टंका गूयछि ९१ शुकि नसि २ दंम षु ६ थ्वते सर्व्व सोधान पाचकं धुंग्व जुरो ॥ शुभं ॥ ॥

---

५. पश्चिमतको तभन्दा पछि लेखिएका केही अक्षर मेटिए तापनि तिनका डीका भने देखिन्छन्। तपछि लगत्तै मेटिएको अक्षरको ठाउँमा तको विसर्ग लेखी बाँकी ठाउँ त्यसै खाली छोडिएको छ।

६. दक्षिणतश्चको श्च र एतन्मध्येको एको बीचमा श्चको डीकाको हाराहारीमा यस्तो V चिह्न र ती नै दुइ अक्षरको बीचमा तिनको खुट्टाभन्दा तल, दोस्रो र तेस्रो पङ्क्तिको बीचको खाली ठाउँमा यस्तो A चिह्न दिएर तल खाली ठाउँमा तेस्रो पङ्क्तिको क्रय°को यको तल यस्तो / चिह्न दिई नदेखि लेख्न थालिएको छ र थपिएका नदेखि तःसम्मका अक्षर परिशोधनीयंको रिको तलसम्म पुगेका छन्। थपिएका ती अक्षरपछि यस्तो X चिह्न दिई कुन पङ्क्तिमा थप्ने हो, त्यो जनाउन १ लेखिएको छ।

७. यो व चुच्चे छ।

८. °पतिःको विसर्ग र थ्वको बीचको शिरोभागमा यस्तो V चिह्न र त्यही विसर्ग र थ्वको बीचमा तिनको खुट्टाभन्दा तल यस्तो A चिह्न दिई माथि खाली ठाउँमा, तलबाट पङ्क्ति गनी १ लेखी पहिलो पङ्क्तिको श्रीमाणीग्लात्पूर्व्वस्थको णीको माथि श्रीश्रीदेखि लेख्न थालिएको छ र थपिएका श्रीश्रीदेखि दृष्टः सम्मका अक्षर र ॥ लिबिछेको छेको माथिसम्म पुगेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

छें क्री पत्र

दृष्टसाक्षीमा जगज्जय मल्ल पनि बसेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र

– महेशराज पन्त

१ सङ्ख्या

ने.सं. ८४२ [वि.सं. १७७९] आश्विनकृष्णपञ्चमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/५१

यस पत्रमा वायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र वीचमा खड्ग छ। खड्गभन्दा माथिल्लो दायाँपट्टिको छेउ फुटेर गएको छ। वायाँ छेउमा चन्द्र छ। चन्द्रभन्दा तल *श्री*, फुटेको छेउभन्दा तल *वा*, *श्री* भन्दा तल *हि*, *वा*मन्दा तल *नि* लेखिएको छ। खड्गको वीँडभन्दा तल दायाँवायाँ दुवैतिर फूल छन्।

मूलपाठ

१: १ स्वस्ति श्रीजयजगतजमल्लपलमभट्टारक देवानां सदा समलविजयिनां प्रभु थाकुलसव दृष्टसाक्षि जुस्यं प्रसन्न जुया ॥[१]

२. १ श्रेयोस्तु ॥ सम्बत् ८४२ आशुनमास कृष्णपक्ष ॥ पंचम्यायां तिथौ ॥ श्रीमत्कार्त्तिपुलमहानगले श्रीयंगल काष्टमदपनामधेयत् ॥ ब्राह्मुनतोल यिनायमुगल यन्ता छे महर्जन मधी ॥ नाम्नानकस्य शकाशात् ॥ स यओ तोल तुतननी यिता छ महर्जन नह्वदेओ ॥ नाम्नेन क्रेर्ण्ण स्वक्रियं स्वर्ज्यमानीकं ॥ थानस उतलदिस कुद्यासाल ब[२]रबुक्षत्रनामप्रदेशे ॥ नचां ॰ पश्चिमत्त ॥

३. धिजया क्षेत्रेन ॰ उतलतश्च पूर्व्वत ॥ श्रीराजया क्षेत्रन दच्छिनत ॥ एतेषां मधे दुयचुधिक एकरोपनिकं जत्र क्षत्र अंकञ्च ॥ कुद्यासाल ओर क्रर्ष १ चुल २ तत क्षत्र जथादेशकालप्रवत्तमानेन ॰ संचालाघेन क्रिवीक्रीयतं भवति अत पलं श्चातकारे टदियपुत्रपौत्रादिते पीडाबाधा करतुं कारेत्र च न लभेते ॰ तत्र जदि पीडा स्यात्तदा धालन-क्रेन परीस्वधनिय-

१. पहिलो पङ्क्ति सानो टाँकामा छ।

२. यस वको पेट चिरेको जस्तो देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. ञ्च ॥ प्रर्त्ति धनी पुरे माराओ क्रिवीक्रीन बीया जुरो ॥ अत पत्राथ्य दृष्टसाक्षि धालनया स्वपुत्र महर्जन ⸜ रह्मेश्वर ॥ तलपति पु १ सह ॥ क टं २७ मुल शुभः ॥

२ सङ्ख्या

ने.सं. ८४८ [वि.सं. १७८५] चैत्रकृष्णएकादशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १८९५/४५

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा खड्ग छ। खड्गको ठीक माथि *श्री* लेखिएको छ। *श्री*को दायाँबायाँ दुवैतिर चन्द्र छन्। बायाँ चन्द्रभन्दा तल *३,* दायाँ चन्द्रभन्दा तल *वा, ३* भन्दा तल *दि, वा*मन्दा तल *नि* लेखिएको छ।

मूलपाठ

१. १ स्वस्तिः श्रीश्रीजयजगज्जय मल्लदेव प्रभु थाकुलसन दृष्टसाक्षि जुस्य प्रसन्न[३]र्न्न जुया ॥ सम्बत् ८४८ चैत्रमासे कृष्णपक्षेः ॥ एकादश्यान्तिथौ ॥ श्रीमत्कान्तिपुलमहानगरे ॥ श्रीयंल काष्टमण्डपनामधेये ॥ गोफरेतोल फलिगाम मूगुल यिता छें जेवनरक्ष्मिनाम्नेन सकासात् ॥ स एव तोल ⸜ स एव छें ⸜ रामहरिनाम्नेन सुक्रीयं स्वबुर्ज्य-मानिकं ॥ पुरानध्वाखा र वन्ता गृहनामसंज्ञकं ॥ ग्राहाकया गृहेन पश्चिमत ॥ धरणीधर श्रारोया पातालभुमेन उर्त्तरतः ॥ धाराभुमेन पूर्व्वत ॥ मुगुलमाग्गे दक्षिण ॥ एतेषां मधे ध्वते चात्राघा-

२. टन दु ⸜ पुरानध्वाखा र वन्ता छेखा १ चूल १ कू १२X पातार खा २ कू २० ततः गृहस्य मार्ग्गधारापूर्व्वसोसिमासह यथादेश्कालप्रवर्त्तमानसंचारार्घेण सुवर्ण्णमूलमादायं स्वाधिनानवत्तुकं न्यायेन क्रेन विक्रीयतं भवती ॥ ततः धारणकस्य निमित्ति यदि शंकृतव्यावाडपिडा स्या ⸜ त्तदा धारणकेन परिस्वधिनियञ्च ॥ अत्र पत्राथे दृष्टसाक्षि ⸜ कनेष्टपिता ⸜ कृष्णहरि ⸜ भात्रा पूरराम भात्रा तओधिक ⸜ थाक थापित कृष्ण ⸜ तरपतीसह ॥ मू टं ४० शुभ ॥

(पछाडि मोटो टाँकामा)

१. १ जेवलक्ष्मी

२. मयिया छे

---

३. पहिले लेखिएका अक्षर मेटी त्यही ठाउँमा प्रस लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जयप्रकाश मल्ल दृष्टसाक्षी बसेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र

– महेशराज पन्त

१ सङ्ख्या

ने.सं. ८६० [वि.सं. १७९७] आश्विनकृष्णपञ्चमी

राष्ट्रिय अभिलेखालयमा ४९ सङ्ख्याको बट्टामा क्रमसंख्या ७१८ को रूपमा मूल पत्र छ।

मूलपाठ

१. ᥫ स्वस्ति ॥ श्रीश्रीजयप्रकाश मल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुस्यं ॥ यंबु कमिलाछितोर इनायको खिफु तु-
२. थि ननि यौता छे तुलाधर हरिदेवन स्वपुत्री धनलक्ष्मीमयियात सिबय आधारमात्र चोस्यं बिया स एव थम चोङा
३. छे जाव कुनीय छकुत्या अंकेपि कु २1X अंगुरि ३ नितजाव कु जिमपेकु अंकेपि कु १४ पातार चुनछि अंकेपि चु-
४. र १ थ्वते सोआयित याङ चोस्यं बिया भाखाव चुकुसलजु तोले आसंद्रपे मदु व बुया परसतु थ्व चोस्य बिको
५. आसंद्र पंदु ॥ कदाचितोपि थ्व चोस्यं बियान मबिया धक सुनानं दुख नके मदु जुलो ॥ सम्बत् ८६० मा-
६. [1]घशुदि १ क टंङा मोहर वोति कास्यं रसपालस हङा शुभ ॥

(पछाडि)

१. सिब य

२. पति

२ सङ्ख्या

ने.सं. ८७९ [वि.सं. १८१५] फाल्गुनशुक्लषष्ठी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/३४

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा खड्गको तल्लो भाग देखिन्छ। खड्गको तल्लो भागको बायाँपट्टि *दि* लेखिएको छ। छापको माथिल्लो भाग र दायाँपट्टिको भाग अलिकति फुटेर गएकोले अरू बयान गर्न सकिएन।

---

१. पांचौं पङ्क्तिको चोस्यंको चोको तलबाट छैटौं पङ्क्ति उठाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ꣼ शुभ ॥ स्वस्ति ॥ श्रीश्रीजयप्रकाश मल्लदेव प्रभु थाकुरस दृष्टसाक्षि जुया ॥ सम्बत् ८७९ फार्ग्गुणमासे शुक्लपक्षेः ॥ षष्ठचान्तिथौ ॥ श्रीमत्कान्तिपुरीम{{हानगरे}} ::::::

२. जिनधननाम्ने सकासात् ॥ स एव तोर यिथुननि यन्ता छें ॰ विषुश्रीदेओजदिनाम्ने शुक्रीय स्वबुर्य्यमानिकं ॥ स एव गृहनामसंज्ञकं◎[२] :::::: {{पश्चिमतः}} :::::: {{उत्तरतः}} :::::: {{पूर्व्वतः}} :::::: {{दक्षिन}}-

३. तो ॰ एतेखा मध्य ध्वते चात्राघातन दु स एव ॰ मंदुबहिरि छे जाव खा १ चुल २ ततः गृहस्य जथादेश-कारप्रवर्त्तमा[३]नसंचारार्घेन सुवर्ण्णमू[४]{{ल्यमादाय स्वाधिनावतुकं न्यायेन क्रीविक्रीतं भवति ॥ यचस्यां दैविकराजिक विना विवा}}-

४. डपिदा स्यार्त्त तदा धारणकेन परिश्वधनियञ्च ॥ थाक पुत्र विष्णु श्रीजयपति भातृसह प्रत्ति धनि पुरेस हेडा ॥ थाक कमदेव ॥ मु टं ◎[५] :::::::

(पछाडि)

१. ꣼ विष्णु श्रीजिनध-

२. नया छे ॥

जयप्रकाश मल्ल पनि दृष्टसाक्षी र अरूहरू स्थानसाक्षी बसेको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र

– महेशराज पन्त

ने.सं. ८८५ [वि.सं. १८२२] आषाढशुक्लपञ्चमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २११५/५

---

२. कंभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही अंश देखिन्छ।

३. र्त्त र माको बीचमा लेखिएको एक अक्षरमा मसी दली त्यो खारेज गरिएको छ।

४. ताडपत्र मूसाले काटेकोले मूको बर्धन्ने देखिँदैन।

५. टंभन्दा पछाडिकाको अघिल्लो भाग देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा त्रिशूल छ। त्रिशूलको ठीक माथि *श्री* लेखिएको छ। *श्री*को दायाँबायाँ दुवैतिर चन्द्र छन्। बायाँ चन्द्रभन्दा तल *३*, दायाँ चन्द्रभन्दा तल *बा*, *३* भन्दा तल *दि*, *बा*भन्दा तल *नि* लेखिएको छ।

मूलपाठ

१. ꣸ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलेत्यादि ॥ श्रीश्रीजयजयप्रकाश मल्लदेव प्रभु थाकुलसनु दृष्टसाक्षि जुस्यं प्रसन्न जुया ॥ श्लेयोऽस्तु ॥ सम्बत् ८८५ आषाढमासे शुक्लपक्षः ॥ पञ्चम्यान्तिथौ ॥ श्रीमत्कान्तिपुरमहानगरे ॥ श्रीबुद्धाद्धिवासिनस्थाने ॥ नन्दिसार ↘ कोथुतोल ↘ ब्रह्मपूरननि यिताछे ↘ शिवधंकस्य नाम्नेन शुक्रियं शुभुर्य्यामानिकं ॥ स यव तोल ↘ राछिंचा

२. यिताछे ↘ शिवलक्ष्मीम{{यि}}[1]कस्य नाम्ना सकासात् ॥ स यव गृहनामसंज्ञकं ॥ पुंनारायनया ↘ गृहेन ↘ पश्चिमत ॥ ◎[2]पतिया व्यञ्जनभुमेन ↘ उत्तरत ॥ मणिराजया गृहेन ↘ पूर्व्वत ॥ ब्रह्मपूलननि ↘ दक्षिनत ॥ एतेषां मध्य थुति चातुराघातन दु स यव छे जाओ खा २ कु १२ पातार खा २ चुर २ कु ९ जुरो ॥ ततः गृहस्य यथादेशकारप्रवर्त्तमानसंचारार्घेन शुवर्ण्ण-

३. मूरमादायस्वादिनानव{{तुकन्यायेन क्रयेण[3]}} क्रिविक्रीयतं भवति तत्रा धा{{र्ण्णक[4]}}स्य निमित्तेन जदि संकृतव्यावाड{{पी}}[5]दा स्यात् तदा धारनकेन ॥ परिस्वधनियञ्च ॥ पर्त्ति ↘ ह्वापा दिचकं तयागु क्रिविक्री याङा ॥ अष्ट पत्रार्थे ↘ दृष्टसाक्षि ↘ भातृ ↘ चिकिधि ॥ थानसाक्षि ↘ मणिराजजु

४. ग्वरयेजु ↘ सत्यसिंजु ↘ थ्वते प्रमुखन पञ्चसमूर्च्चय ॥ थाक ↘ थापित ↘ तओधि धंजु ↘ चिकिधि धंजु ॥ मूल मोहो टं ४३X सह ॥ तरपति [6] सह ॥ ॥[7]
शुभ ॥

---

१. मभन्दा पछाडिको अक्षरको डीको अलिकति देखिन्छ।

२. ॥ भन्दा पछाडिको अक्षरको पछिल्लो भाग देखिन्छ।

३. क्रिभन्दा अगाडिको अक्षरको सामै देखिन्छ।

४. स्यभन्दा अगाडिको अक्षरको तल्लो भाग देखिन्छ।

५. डभन्दा पछाडिको अक्षरको पछिल्लो भागको केही अंश देखिन्छ।

६. ति र सको बीचमा केही ठाउँ खाली छोडेर तेस्रो पङ्क्तिको परिस्वधनियञ्चको ञ्चको तलबाट लेख्न थालिएको छ।

७. ॥ र ॥ को बीचमा माथि दिइएका बुट्टा लेखी तेस्रो पङ्क्तिको याङाको याको तलबाट लेख्न थालिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

का.मे.अ.द.नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५-२४८१९, ५-३२७४९

पो.ब.नं. ४१६६, काठमाडौं

वि.सं. २०५८ पौष

यस अङ्कको मूल्य रु. ८०/-

मुद्रक

मेघा अफसेट प्रेस

पुतलीसडक

काठमाडौं

नेपाल

फोन नं. २-२६९४७